*नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा*
*२०६६ भदौ ४ मा स्वीकृत*

नेपाल सरकार

# शिक्षा मन्त्रालय

# विद्यालय क्षेत्र सुधार योजना

## २०६६–२०७२



काठमाडौं

२०६६ भदौ

# विद्यालय क्षेत्र सुधार योजना

(२०६६–२०७२)

नेपाल सरकार

**शिक्षा मन्त्रालय**

केशरमहल, काठमाडौँ

२०६६ भदौ

# भूमिका

विकसित सामाजिक, आर्थिक तथा राजनीतिक परिदृश्यले नेपाली जनसमुदायको शिक्षा प्रतिको अपेक्षामा वृद्धि गर्न सहयोग गरेको छ । अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा विकसित वातावरणले पनि शिक्षामा परिवर्तनको प्रक्रियालाई गति प्रदान गरेको छ। परिवर्तन र विकासका तत्कालीन तथा दीर्घकालीन परिवेश तथा दृष्टिकोणहरुमा आधारित शिक्षा क्षेत्रको सुधार प्रकियाले नेपाली समाजका विविधताहरुलाई सम्बोधन गर्न सहयोग पु-याउने विश्वास गरिएको छ । शिक्षा क्षेत्रको यस सुधार तथा परिवर्तनलाई शान्ति प्रक्रियाको एउटा प्रतिफलका रुपमा पनि विकास गर्ने प्रयास गरिएको छ । यस योजना निर्माणका कममा विद्यालयदेखि केन्द्रीय तहसम्म र कार्यान्वयन तहदेखि नीति निर्माणतहसम्मका सरोकारवालाहरुको व्यापक संलग्नता रहेको थियो ।

शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र सुधारको योजना विकासका गर्न सहभागितात्मक प्रक्रिया अपनाइएको थियो । यसका लागि विषयगत समूहद्वारा सम्बन्धित विषयक्षेत्रमा विद्यमान समस्या, सबलता र दुर्बलता तथा अवसर र विकल्पहरुसम्बन्धी विषयगत पत्रहरु तयार गराई छलफल गरिएको थियो । यस्तो छलफलले सुधारका लागि अवधारणात्मक मार्ग तयार गरेको थियो । यी अवधारणापत्रहरुलगायत विभिन्न अनुसन्धानका नतिजा तथा सम्बन्धित विशेषज्ञका दृष्टिकोणहरुसमेत समावेश गरी शिक्षा मन्त्रालयले वि. सं. २०६३ मा विद्यालय शिक्षामा सुधारसम्बन्धी अवधारणा पत्र तयार ग-यो । विशेषज्ञहरु, पेसागत समूह तथा सरोकारवालाहरुको संलग्नतामा राष्ट्रिय, क्षेत्रीय, जिल्ला, समुदाय तथा विद्यालयतहमा व्यापक रुपमा छलफल गरी तयार गरिएको विद्यालय क्षेत्र सुधारको अवधारणापत्रलाई नेपाल सरकारले वि. सं. २०६४ मा स्वीकृति प्रदान ग-यो ।

शिक्षा मन्त्रलयले उक्त अवधारणापत्रका आधारमा विद्यालय क्षेत्र सुधारका नीति तथा रणनीतिहरु समावेश भएको मूल दस्तावेजको मस्यौदा तयार ग-यो । स्थानीय, क्षेत्रीय र राष्ट्रियस्तरका व्यक्ति/विशेषज्ञ तथा सरोकारवालाहरुबीच छलफल गराई प्राप्त रायसुझावहरुलाई समेत समावेश गरेर तयार गरिएको मूल दस्तावेजको अन्तिम मस्यौदालाई राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको सहमति तथा सिफारिसमा नेपाल सरकारले वि. सं.२०६५ मा स्वीकृत ग-यो ।

विद्यालय क्षेत्र सुधार योजना तयार गर्नका लागि यो मूल दस्तावेजले विस्तृत नीतिगत ढाँचा प्रदान ग-यो । सबैका लागि शिक्षा कार्यक्रम तथा माध्यमिक शिक्षा सहयोग कार्यक्रमका उपलब्धिहरु, वर्तमान कानुनी व्यवस्थाअन्तर्गत परिलक्षित नीतिनिर्देशहरु, सबैका लागि शिक्षा कार्यक्रमको राष्ट्रिय कार्य योजना तथा नेपाल सरकारको तीन बर्षे अन्तरिम योजनामा आधारित गरिएको यस विद्यालय क्षेत्र सुधार योजनाले सबैका लागि शिक्षाको डकार कार्यढाँचा तथा सहस्राब्दी विकासका लक्ष्यहरुलाई समेत समाहित छ ।

सात बर्षे दृष्टिकोणमा आधारित भई पाँच बर्षको आर्थिक लगानीको योजनासहित तयार गरिएको विद्यालय क्षेत्र सुधार योजना (२०६६-०७२) लाई नेपाल सरकार शिक्षा मन्त्रालयले भदौ २०६६ मा स्वीकृत ग-यो ।

नेपाल सरकारको अनुरोधमा विकास साझेदारहरुले २०६६ असारमा विद्यालय क्षेत्र सुधार योजनाको पुनरावलोकन गरी आ.ब. २०६६।०६७ देखि यो योजना कार्यान्वयन गर्न सहयोग प्रदान गर्ने सहमति जनाए ।

सरकारले सुधारको प्रक्रियाका लागि आवश्यक तयारी कार्यलाई जोड दिई कार्यान्वयन प्रक्रिया थालनी गरेको छ । सबैका लागि शिक्षा तथा माध्यमिक शिक्षा सहयोग कार्यक्रमका अनुभवमा आधारित भई क्षेत्रगत योजनाका रुपमा विकास गरिएको विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयन देशभर प्रारम्भ भएको छ ।

यस दस्तावेजको पहिलो भागमा मूल विषयहरु समावेश गरिएको छ भने दोस्रो भागमा परिशिष्टहरु रहेका छन् । पहिलो भागमा समावेश गरिएका मूल विषयहरुलाई दस परिच्छेदमा विभाजन गरी पहिलो परिच्छेदमा विद्यालय क्षेत्र सुधार योजनाको परिचय तथा सन्दर्भहरु उल्लेख गरिएको छ भने त्यसपछिका छ ओटा परिच्छेदहरुमा क्रमशः सुधारका मुख्य विषय क्षेत्रहरुलाई योजनाका अवयवका रुपमा समावेश गरिएको छ । बाँकी तीन परिच्छेदहरुमा सुधारको योजना कार्यान्वयनसँग सम्बन्धित पक्षहरु क्रमशः अनुगमन तथा मूल्याङ्कन व्यवस्था, वित्तीय व्यवस्था र सहायता व्यवस्थापन समावेश गरिएको छ ।

विद्यालय क्षेत्र सुधार योजना निर्माणको प्रक्रियामा योगदान गर्ने र सहभागिता जनाउने सबै सरोकारवालाहरु प्रति शिक्षा मन्त्रालय आभार व्यक्त गर्दछ । यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर सहयोग, समर्थन तथा सुझावहरुको अपेक्षा गरिएको छ ।

**शिक्षा मन्त्रालय**

२०६६ भदौ, काठमाडौं

# विषयसूची

भूमिका ....... ii
विषयसूची ....... iv
संक्षेपीकरणहरु....... ix
तालिकाहरुको सूची ....... x

## भाग १ः मुख्य दस्तावेज

परिच्छेद १ः विद्यालय क्षेत्र सुधार योजनाको परिचय....... १
परिच्छेद २ः प्रारम्भिक बालशिक्षा तथा विकास ....... ५
२.१. परिचय ....... ५
२.२ लक्ष्य तथा उद्धेश्यहरु....... ५
२.३ अवसर तथा चुनौतीहरु ....... ६
२.४ नीतिनिर्देश....... ६
२.५ मुख्यमुख्य नतिजाहरु ....... ७
२.६ रणनीतिक कार्यकलापहरु ....... ७
२.७ अनुमानित लागत ....... ८
२.८ कार्यान्वयन तालिका ....... ९
परिच्छेद ३ः आधारभूत तथा माध्यमिक शिक्षा....... १०
३.१ परिचय....... १०
३.२ अवसर तथा चुनौतीहरु ....... १०
३.३ आधारभूत शिक्षा....... १२
लक्ष्य तथा उद्देश्यहरू ....... १२
नीतिनिर्देश....... १२
मुख्यमुख्य नतिजाहरु ....... १२
रणनीतिक कार्यकलाप ....... १३
अनुमानित खर्च....... १८

कार्यान्वयन तालिका ........ १८

३.४ माध्यमिक शिक्षा ........ २१

लक्ष्य तथा उद्देश्यहरू ........ २१
नीतिनिर्देश ........ २१
मुख्यमुख्य नतिजाहरू ........ २१

रणनीतिक कार्यकलाप ........ २२

अनुमानित लागत ........ २४

कार्यान्वयन तालिका ........ २५

परिच्छेद ४: साक्षरता तथा जीवनपर्यन्त सिकाइ ........ २७

४.१ परिचय ........ २७

४.२ लक्ष्य तथा उद्देश्यहरु ........ २७

४.३ अवसर र चुनौतीहरु ........ २८

४.४ नीतिनिर्देश ........ २८

४.५ मुख्य मुख्य नतिजाहरु ........ २९

४.६ रणनीतिक कार्यकलापहरु ........ २९

४.७ अनुमानित खर्च ........ ३०

४.८ कार्यान्वयन व्यवस्था ........ ३०

४.९ कार्यान्वयन तालिका ........ ३१

परिच्छेद ५ : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ ३२

५.१ परिचय ........ ३२

५.२ लक्ष्य तथा उद्देश्यहरु ........ ३३

५.३ अवसर र चुनौतीहरु ........ ३३

५.४ नीतिनिर्देश ........ ३३

५.५ मुख्य मुख्य नतिजाहरु ........ ३४

५.६ रणनीतिक कार्यकलाप ........ ३४

५.७ अनुमानित खर्च ........ ३४
५.८ कार्यान्वयन व्यवस्था ........ ३५
५.९ कार्यान्वयन तालिका ........ ३५
परिच्छेद ६: शिक्षकको पेसागत विकास ........ ३६
६.१ परिचय ........ ३६
६.२ लक्ष्य र उद्धेश्य ........ ३६
६.३ अवसर र चुनौतीहरु ........ ३६
६.४ नीतिनिर्देश ........ ३७
६.५ मुख्यमुख्य नतिजाहरु ........ ३८
६.६ रणनीतिक कार्यकलापहरु ........ ३८
६.७ अनुमानित खर्च ........ ३९
६.८ कार्यान्वयन व्यवस्था ........ ४०
६.९ कार्यान्वयन तालिका ........ ४०
परिच्छेद ७ : क्षमता विकास ........ ४१
७.१ परिचय ........ ४१
७.२ लक्ष्य र उद्धेश्यहरु ........ ४१
७.३ अवसर तथा चुनौतीहरु ........ ४१
७.४ नीतिनिर्देश ........ ४३
७.५ मुख्य मुख्य नतिजाहरु ........ ४३
७.६ रणनीतिक कार्यकलापहरु ........ ४३
७.७ अनुमानित खर्च ........ ४४
७.८ कार्यान्वयन व्यवस्था ........ ४४
७.९ कार्यान्वयन तालिका ........ ४५
परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ........ ४६
८.१ परिचय ........ ४६

८.२ लक्ष्य र उद्धेश्य ........ ४६
८.३ नीतिनिर्देश ........ ४६
८.४ मुख्य मुख्य नतिजा र अनुगमन सूचकहरू ........ ४६
८.५ रणनीतिक कार्यकलाप ........ ४८
८.६. अनुमानित खर्च ........ ४९
८.७ कार्यान्वयन व्यवस्था ........ ४९
८.८ कार्यान्वयन तालिका ........ ५०
परिच्छेद ९: वित्तीय व्यवस्था ........ ५१
९.१ परिचय ........ ५१
९.२ विक्षेसु योजनामा स्रोत व्यवस्था ........ ५२
९.३ विक्षेसु योजनाका लागि स्रोतको आवश्यकता ........ ५३
९.४ विक्षेसुको वित्तीय योजना ........ ५४
९.५ वित्तीय व्यवस्था ........ ५५
परिच्छेद १०: सहायता व्यवस्थापन ........ ५८
१०.१ परिचय ........ ५८
१०.२ लक्ष्य तथा उद्धेश्यहरू ........ ५८
१०.३ अवसर र चुनौतीहरू ........ ५८
१०.४ नीतिनिर्देश ........ ५९
१०.५ मुख्यमुख्य नतिजाहरू ........ ६०
१०.६ रणनीतिक कार्यकलाप ........ ६०
१०.७ अनुमानित खर्च ........ ६१
१०.८ कार्यान्वयनको व्यवस्था ........ ६१
१०.९ कार्यान्वयन तालिका ........ ६२
सन्दर्भ ग्रन्थहरू ........ ६६

## भाग २ परिशिष्टहरु

परिशिष्ट ३.१: विद्यालय संरचना (आधारभूत शिक्षा)........७०
परिशिष्ट ३.२ :गुणस्तरीय शिक्षा (मानक तथा मापदण्ड)........७६
परिशिष्ट ३.३: सुशासन र व्यवस्थापन........८६
परिशिष्ट ८.१: विद्यालय क्षेत्र सुधार कार्यक्रम अनुगमान र मूल्याङ्कन योजनाको खाका........९१
परिशिष्ट ८.२: शिक्षा नीति समिति : संरचना ,बनोट र कार्य........९२
परिशिष्ट ९.१: अवयवगत कूल बजेट ........९४
परिशिष्ट ९.२: अवयवगत कूल विकास बजेट ........९५
परिशिष्ट ९.३: सरकार र विकास साझेदारको बजेटमा योगदान........९६
परिशिष्ट ९.५: अवयवगत कूल विकास बजेटको अंश........९७
परिशिष्ट ११: विद्यालय क्षेत्र सुधार योजनाको लगफ्रेम तालिका........९८

## तालिकाहरुको सूची

तालिका १.१: प्रमुख विक्षेसु सूचकहरु आधार वर्षको स्थिति र ई.सन् (२०१५/१६) को लक्ष्य........................२

तालिका ३.१: छात्रवृत्तिका किसिम र रकम........................१४

तालिका ९.१ : कुल गार्हस्थ उत्पादन र विक्षेसुको बजेटको अंश........................५२

तालिका ९.२: विक्षेसु योजना बजेट (मध्यम स्थिति)........................५३

तालिका ९.३ : आर्थिक स्रोत (अमेरिकी डलरमा)........................५४

तालिका ९.४ : विकास साझेदारहरुले गर्ने योगदान (प्रतिशतमा)........................५४

## संक्षेपीकरणहरु

| | |
|---|---|
| अशिके | : अनौपचारिक शिक्षा केन्द्र |
| उमाशिप | : उच्च माध्यमिक शिक्षा परिषद् |
| केतवि | : केन्द्रीय तथ्याङ्क विभाग |
| गाविस | : गाउँ विकास समिति |
| जिशिका | : जिल्ला शिक्षा कार्यालय |
| त्रिवि | : त्रिभुवन विश्वविद्यालय |
| नपा | : नगरपालिका |
| पाविके | : पाठ्यक्रम विकास केन्द्र |
| प्रअ | : प्रधानाध्यापक |
| प्राशिव्याताप | : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| प्राप्रप्र | : प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान |
| विव्यस | : विद्यालय व्यवस्थापन समिति |
| विक्षेसु | :विद्यालय क्षेत्र सुधार |
| रापाप्रा | : राष्ट्रिय पाठ्यक्रम प्रारुप |
| शैजविके | : शैक्षिक जनशक्ति विकास केन्द्र |
| शैव्यसू | : शैक्षिक व्यवस्थापन सूचना प्रणाली |

# भाग १: मुख्य दस्तावेज

## परिच्छेद १: विद्यालय क्षेत्र सुधार योजनाको परिचय

विद्यालय क्षेत्र सुधार योजना नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा परिलक्षित आधारभूत तथा माध्यमिक शिक्षाका लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न आ.व. २०६६।६७ देखि २०७२।७३ सम्मका लागि तयार गरिएको एउटा दीर्घकालीन रणनीतिक योजना हो । यस योजनामा मुख्य-मुख्य रणनीतिक कार्यक्रम तथा उक्त कार्यक्रमको कार्यान्वयनमा लाग्ने अनुमानित आर्थिक स्रोत उल्लेख गरिएको छ ।

विद्यालय क्षेत्र सुधार योजना हाल सञ्चालनमा आइरहेका कार्यक्रमहरू, जस्तैः सबैका लागि शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम तथा शिक्षक शिक्षण आयोजनाहरूको निरन्तरता नै हो । विगतमा सिकेका पाठ तथा हासिल गरिएका उपलब्धिका आधारमा विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर तथा कार्यसम्पादनको जिम्मेवारी र जवाफदेहितालाई संस्थागत गर्नेजस्ता विषयमा नयाँ सुधारका रणनीतिहरू प्रस्तुत गरेको छ । यी सुधारका रणनीतिहरू मार्फत् यस योजनाले विद्यालय बाहिर रहेका बालबालिकाहरू लाई शिक्षामा पहुँच पुऱ्याउन जोड दिँदै शिक्षा क्षेत्रको सक्षमता तथा सेवा प्रवाहको प्रभावकारिता वृद्धि गरी सबै बालबालिकालाई सिकाइको अवसरको प्रत्याभूति दिएको छ ।

नेपालमा अहिले शान्ति तथा राजनीतिक स्थिरता बहाल हुनुका साथै शिक्षाको मूल्य तथा महत्त्वबोध सम्बन्धमा आएको चेतनाका कारणले सार्वजनिक शिक्षा सेवाको माग र सेवाप्रतिको अपेक्षामा वृद्धि भएको छ । विगत एक दशकमा विद्यालयको पहुँच तथा भर्नादरमा उल्लेख्य प्रगति भएको भए पनि धेरै बालबालिका तथा किशोरकिशोरीहरू आफ्नो क्षमताको विकास गर्नै नपाई तथा जीवनस्तर उकास्न आवश्यक पर्ने आधारभूत सीपसमेत नसिकी विद्यालय छोड्दछन् । हाम्रो दैनिक जीवनका लागि कार्यमूलक साक्षरता तथा व्यावहारिक गणितका आधारभूत सीपको आवश्यकता छ, तर आधाजति जनसङ्ख्यामा यी आधारभूत सीपको समेत अभाव छ ।

यी चुनौतीहरूको सामना गर्न शिक्षा मन्त्रालयले विद्यालय शिक्षका विद्यमान सेवामा अभिवृद्धि गर्न विभिन्न सुधारको पहल गरेको छ । यी सुधार कार्यको मुख्य लक्ष्य विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकताको अभिवृद्धि नै हो । शिक्षाको गुणस्तर सुधार, सक्षमता अभिवृद्धि र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन केन्द्रित विद्यालय क्षेत्र सुधार योजना यस क्षेत्रका नयाँ चुनौती, माग तथा अपेक्षालाई सम्बोधन गर्ने प्रमुख माध्यम बन्न गएको छ ।

विद्यालय क्षेत्र सुधार योजना सबैका लागि शिक्षा, राष्ट्रिय कार्ययोजना सन् २००१-२०१५, त्रिवर्षीय अन्तरिम योजना तथा विद्यालय क्षेत्र सुधार योजनाको मूल दस्तावेजलाई आधार मानी विकास गरिएको हो । यस योजनाले वार्षिक रणनीतिक कार्यान्वयन योजना (ASIP) तथा वार्षिक कार्यक्रम तथा बजेट (AWPB) का रणनीतिक रूपरेखा प्रदान गर्नेछ । विद्यालय क्षेत्र सुधार योजनाको रणनीतिक रूपरेखाअन्तर्गत वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा वार्षिक कार्यक्रम तथा बजेटले वार्षिक क्रमिक कार्यान्वयन योजनाका लागि रणनीति प्रदान गर्नेछ ।

शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र सुधार योजनाको मूल रणनीतिक दस्तावेज तथा राष्ट्रव्यापी रूपमा विभिन्न तहमा सरोकारवालाहरूसँगको सम्पर्क र अन्तरक्रियाबाट प्राप्त पृष्ठपोषणका आधारमा यस विद्यालय क्षेत्र सुधार योजनाको विकास गरेको हो । शिक्षा मौलिक हकका रूपमा रहने, लैङ्गिक समानता, समावेशिता, समताजस्ता प्रमुख नीतिगत लक्ष्य तथा मूल्यले यो योजनाको तयारीमा मार्गदर्शन गरेका छन्, जसलाई रणनीतिक कार्यक्रमका रूपमा योजनामा आबद्ध गरिएका छन् ।

तालिका १.१ प्रमुख विक्षेसु सूचकहरू, आधार वर्षको स्थिति र ई.सन् २०१५-१६ को लक्ष्य

| सूचकहरू | एकाइ | आधार वर्ष | | लक्ष्यहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ००७/०८ | ००८/०९ | ००९/१० | ०१०/११ | ०११/१२ | ०१२/१३ | **०१३/१४** | ०१४/१५ | **०१५/१६** |
| **१. शिक्षामा बजेटको अंश** | | | | | | | | | | |
| कुल राष्ट्रिय उत्पादन | % | २.० | २.१ | २.१ | २.२ | २.३ | २.३ | **२.४** | २.५ | **२.५** |
| कुल गार्हस्थ्य उत्पादन | % | ३.५ | ३.६ | ३.६ | ३.७ | ३.७ | ३.८ | **३.८** | ३.९ | **४.०** |
| **२. शिक्षाका बिभिन्न तहको बजेट अंश** | | | | | | | | | | |
| आधारभूत शिक्षा | % | ७० | ७१ | ७१ | ७२ | ७३ | ७४ | ७४ | ७५ | ७६ |
| माध्यमिक शिक्षा | % | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ३. कक्षा १ मा भर्ना | | | | | | | | | | |
| प्रारम्भिक बाल विकास शिक्षाबाट | % | ३३ | ३६ | ४१ | ४५ | ५१ | ५७ | ६४ | ७१ | ८० |
| खुद प्रवेश दर | % | १४१ | १४८ | १४४ | १४० | १३७ | १३३ | १३० | १२७ | १२३ |
| सहजै देखिने प्रवेश दर | % | ७८ | ८१ | ८३ | ८६ | ८८ | ९१ | ९४ | ९७ | १०० |
| ४. सहजै देखिने भर्ना दर | | | | | | | | | | |
| प्रारम्भिक बालविकास शिक्षा | % | ६० | ६३ | ६७ | ७२ | ७७ | ८२ | ८७ | ९३ | ९९ |
| आधारभूत शिक्षा (१-८) | % | ११६ | १२३ | १२५ | १२८ | १३० | १३२ | १३२ | १३१ | १३१ |
| माध्यमिक शिक्षा | % | ३६ | ४० | ४३ | ४७ | ५२ | ५८ | ६६ | ७५ | ८३ |
| ५. खुद भर्ना दर | | | | | | | | | | |
| प्राथमिक शिक्षा | % | ८९ | ९२ | ९४ | ९६ | ९७ | ९८ | ९९ | ९९ | १०० |
| आधारभूत शिक्षा | % | ७१ | ७३ | ७५ | ७७ | ८० | ८२ | ८५ | ८७ | ९० |
| माध्यमिक शिक्षा | % | २० | २१ | २२ | २३ | २४ | २६ | २७ | २९ | ३१ |
| ६. आवश्यक योग्यता तथा तालिम प्राप्त शिक्षक | | | | | | | | | | |
| आधारभूत शिक्षा | % | ६२ | ६६ | ७० | ७४ | ७९ | ८३ | ८८ | ९४ | १०० |
| माध्यमिक शिक्षा | % | ७४ | ७७ | ८० | ८३ | ८६ | ८९ | ९३ | ९६ | १०० |
| ७. प्रमाणीकरण तालिम प्राप्त शिक्षक | | | | | | | | | | |
| आधारभूत शिक्षा | % | ९० | ९१ | ९२ | ९४ | ९५ | ९६ | ९७ | ९९ | १०० |
| माध्यमिक शिक्षा | % | ९० | ९१ | ९२ | ९४ | ९५ | ९६ | ९७ | ९९ | १०० |
| ८. विद्यार्थी शिक्षक अनुपात | | | | | | | | | | |
| आधारभूत शिक्षा | अनुपात | ४४ | ४३ | ४१ | ४० | ३९ | ३८ | ३७ | ३६ | ३४ |
| माध्यमिक शिक्षा | अनुपात | ४२ | ३९ | ३७ | ३४ | ३२ | ३० | २८ | २६ | २५ |
| ९ कक्षा दोहो-याउने दर | | | | | | | | | | |
| कक्षा १ | % | २८ | १८ | १२ | ८ | ५ | ३ | २ | १ | १ |
| कक्षा ८ | % | १३ | ११ | ९ | ७ | ६ | ५ | ४ | ३ | २ |
| १०. कोहर्ट विधिअनुसार टिकाउ दर | | | | | | | | | | |
| कक्षा ५ | % | ५४ | ५८ | ६१ | ६५ | ७० | ७४ | ७९ | ८४ | ९० |
| कक्षा ८ | % | ३७ | ४१ | ४५ | ४९ | ५४ | ६० | ६६ | ७३ | ८० |
| ११. सक्षमताको गुणाङ्क | | | | | | | | | | |
| आधारभूत शिक्षा | अनुपात | ०.४६ | ०.४९ | ०.५२ | ०.५५ | ०.५९ | ०.६२ | ०.६६ | ०.७१ | ०.७५ |
| माध्यमिक शिक्षा | अनुपात | ०.३० | ०.३३ | ०.३६ | ०.३९ | ०.४२ | ०.४६ | ०.५० | ०.५५ | ०.६० |
| १२.सिकाइ उपलब्धि | | कक्षा ५ र ८ का मुख्य विषयमा विद्यार्थीहरू को औसत प्रांप्ताङ्क | | | | | | | | |
| कक्षा ५ | % | ५० | ५३ | ५६ | ६० | ६३ | ६७ | ७१ | ७५ | ८० |
| कक्षा ८ | % | ४४ | ४६ | ४८ | ४९ | ५१ | ५४ | ५६ | ५८ | ६० |
| १३. उत्तीर्ण दर | | एस.एल.सी. र उच्च मा.शि. को राष्ट्रिय परीक्षामा उत्तीर्ण विद्यार्थी प्रतिशत | | | | | | | | |
| एस.एल.सी. | % | ६० | ६२ | ६४ | ६५ | ६७ | ६९ | ७१ | ७३ | ७५ |
| उच्च मा.वि. | % | २३ | २५ | २८ | ३१ | ३४ | ३७ | ४१ | ४५ | ५० |
| १४.साक्षरता दर | | साक्षरता प्रतिशत | | | | | | | | |
| उमेर समूह १५-२४ | % | ७३ | ७५ | ७८ | ८० | ८३ | ८६ | ८९ | ९२ | ९५ |
| उमेर समूह ६$^{+}$ बर्ष | % | ६३ | ६९ | ७६ | ७८ | ८० | ८३ | ८५ | ८८ | ९० |
| उमेर समूह १५$^{+}$ बर्ष | % | ५२ | ५६ | ६० | ६२ | ६४ | ६७ | ७० | ७२ | ७५ |
| १५ लैगिक समता सूचकाङ्क १५$^{+}$ | अनुपात | ०.६१ | ०.७४ | ०.९० | ०.९२ | ०.९३ | ०.९५ | ०.९६ | ०.९८ | १.०० |

यस योजनाको कार्यान्वयनबाट शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र सुधार कार्यक्रमका मुख्यमुख्य सूचकहरूमा उल्लेखनीय उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छ । तालिका १.१ मा यी सूचकहरूलाई आधार वर्ष (२०६५/६६) को स्थिति तथा २०६९/७० को लक्ष्यका रूपमा प्रस्तुत गरिएको छ ।

तालिकामा उल्लिखित विद्यालय क्षेत्र सुधारका १५ मुख्य सूचकहरूले सन् २०१५ सम्ममा योजनाले लिएका लक्ष्य हासिल गर्ने मुख्य नतिजाहरू को प्रतिनिधित्व गर्छन् । लक्ष्यअनुसार प्रगति भए नभएको अनुगमन तथा प्रतिवेदन गर्नसमेत यी सूचकहरूले आधार प्रदान गर्नेछन् । फ्ल्यास रिपोर्ट १ र २, वार्षिक स्थिति प्रतिवेदन समेतको शैक्षिक व्यवस्थापन सूचना प्रणालीले उत्पादन र प्रतिफल तहका उपलब्धिको लेखाजोखा गर्न महत्त्वपूर्ण स्रोतको काम गर्ने छ । अर्कातर्फ शिक्षा मन्त्रालयको नियमित अनुगमन तथा व्यवस्थापन सूचना प्रणालीले योजनाबद्ध कार्यक्रम तथा क्रियाकलापको समग्र कार्यसम्पादनको लेखाजोखा गर्न सघाउनेछ । यसका साथै विद्यालय क्षेत्र सुधार योजनाले नियमित अनुगमन तथा मूल्याङ्कनलाई सघाउ पुऱ्याउनका लागि अध्ययन तथा अनुसन्धानसमेत गराउने प्रावधान छ। सञ्चालित कार्यक्रमबाट पाठ सिक्न, विद्यार्थीको सिकाइमा सहजीकरण गर्न तथा विद्यालयीय शिक्षाको समग्र कार्यसम्पादनमा सुधार ल्याउन मन्त्रालयले बाह्य मूल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिने प्रावधान छ ।

हाल उपलब्ध स्रोतलाई हेर्दा मन्त्रालयले यस योजनाका सन् २०१५ सम्मका सम्पूर्ण लक्ष्यअनुसारका उपलब्धि हासिल गर्न सक्ने अवस्था देखिँदैन । के कुरालाई ध्यानदिनु महत्त्वपूर्ण छ भने यस योजनाका यी लक्ष्य हासिल गर्नका लागि थप बजेटको व्यवस्था हुनु आवश्यक । यसको अर्थ "सन् २०१५ सम्ममा सबै बालबालिका विशेष गरी छात्रा, कठिन परिस्थितिमा रहेका बालबालिका अल्पसङ्ख्यक जनजातिको शिक्षामा पहुँच पुऱ्याई निःशुल्क तथा अनिवार्य र गुणस्तरीय प्राथमिक शिक्षा सुनिश्चित गर्ने" भन्ने सबैका लागि शिक्षा तथा सहस्राब्दी विकास लक्ष्यका उद्देश्य हासिल गर्न यस योजनामा भएको हालको आर्थिक व्यवस्था पर्याप्त छैन ।

आगामी सात वर्षे अवधिको विद्यालय क्षेत्र सुधार योजनाका लागि अमेरिकी डलर ४.०४० विलियन लागत अनुमान गरिएको छ । नेपाल सरकारबाट प्राप्त हुने अनुमानित रकम अमेरिकी डलर ३.१४८ विलियन अर्थात् ७८% हो । यसबाट सात वर्षका लागि अमेरिकी डलर ८९२ मिलियन नपुग हुन आउँछ ।

नेपाल सरकारले सात वर्षे सोचअनुरुप पाँच वर्षे विद्यालय क्षेत्र सुधार योजना तर्जुमा गरी विकास साझेदारहरूलाई उक्त नपुग रकम उपलब्ध गराई सहयोग गर्न अनुरोध गरेको थियो । विद्यालय क्षेत्र सुधार योजनाका लागि प्रथम पाँच वर्षको अनुमानित बजेट रकम अमेरिकी डलर २.६२६ विलियन रहेको छ । नेपाल सरकारबाट पाँच वर्षका लागि प्राप्त हुने अनुमानित रकम अमेरिकी डलर २.००२ विलियन छ । यसका लागि विकास साझेदारहरूले अमेरिकी डलर ५०० मिलियन प्रदान गर्ने प्रतिवद्धता व्यक्त गरेकाछन् भने योजना कार्यान्वयनका लागि अझ अमेरिकी डलर १२४ मिलियन नपुग रहेको छ ।

सरकारी लगानीको हालको वर्षको अमेरिकी डलर ४५७ मिलियनबाट क्रमिकरुपले बढ्ने अनुमान गरिएअनुसार विकास साझेदारहरूको योगदानमा पनि सोहीअनुसार वृद्धि हुनु आवश्यक छ । प्रारम्भिक छलफलमा सबैका लागि शिक्षा अन्तर्गतको संयुक्त वित्तीय प्रबन्ध (EFA/JFA) सँग आबद्ध विकास साझेदारहरूले योजनाको प्रथम पाँच वर्षका लागि प्रतिवर्ष अमेरिकी डलर १०० मिलियन उपलब्ध गराउन सक्ने सङ्केत दिएका छन् । विकास साझेदारहरूले हाल वार्षिक सहयोग प्रतिवर्ष अमेरिकी डलर करिब १३० मिलियन उपलब्ध गराएका छन् । अब यो सहयोग घट्न गएबाट सात वर्षे अवधिका लागि विद्यालय क्षेत्र सुधार योजनाका लागि अपेक्षित बाह्य सहयोग अमेरिकी डलर ३२९ मिलियन नपुग हुने देखिन्छ ।

पुलिङ साझेदारहरूले विक्षेसुयोका बाँकी दुई वर्ष (छैठौ र सातौं वर्ष) उतिनै अमेरिकी डलर अर्थात् १०० मिलियन डलर प्रति वर्षका दरले सहयोग जारी राख्छन् भन्ने अनुमान गर्दा प्रक्षेपित नपुग रकम अमेरिकी डलर १९२ मिलियन डलर हुन आउँछ । यो नपुग रकम पूर्ति गर्न स्रोत परिचालन रणनीति अपनाउने, पुलमा संलग्न नभएका विकास साझेदारहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई तथा फास्ट ट्रयाक इनिसिएटिभ (FTI) बाट उत्प्रेरक कोष (catalytic fund) प्राप्त गर्ने सरकारको अपेक्षा रहेको छ ।

नेपालको सन्दर्भमा सरकारको विकेन्द्रीकरण नीतिले गति लिइरहेको छ अनि स्थानीय निकायहरूबाट पनि सार्वजनिक सेवाको योजना तथा कार्यान्वयनमा बढ्दो भूमिकाको अपेक्षा गरिएको छ । शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयनमा स्थानीय सरकारको भूमिका तथा सहयोगका क्षेत्रलाई महत्त्व दिएको छ । तर कानुनी संरचना तथा नीतिहरू ले प्रदान गरेको अधिकार अनुरुपको वार्षिक योजना प्रक्रियालाई शिक्षाको सेवा प्रवाहका लागि स्थानीय निकायको नयाँ जिम्मेवारी प्रतिको रुचि र क्षमताको नियमित परीक्षण गर्ने साधनका रुपमा प्रयोग गर्न सकिन्छ । नयाँ शासकीय संरचना स्थापित नहुन्जेल तथा स्थानीय सरकार पूर्णरूपमा क्रियाशील नहुन्जेल विद्यमान शासकीय तथा व्यवस्थापकीय प्रणाली नै निरन्तर हुनेछन् र विक्षेसुयोको कार्यान्वयनका लागि आवश्यक आधार प्रदान गर्नेछन् । त्यसै गरी शिक्षा ऐन तथा नियमहरू मा संशोधन तथा परिमार्जन नहुन्जेल विद्यमान शिक्षा ऐन नियमले नै विक्षेसुयोको कार्यान्वयनमा कानुनी आधार प्रदान गर्नेछन् ।

विक्षेसुयो चरणबद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । विक्षेसुलाई देशव्यापी रूपमा विस्तार गर्नका लागि ०६५।६६ देखि नै तीन जिल्ला रसुवा, कपिलवस्तु र डडेलधुरालाई नमुना जिल्लाका रूपमा लिई यस कार्यको थालनी भएको छ । यस प्रक्रियाले विक्षेसुको सफल कार्यान्वयन गर्न तथा सुधारका प्रयासलाई अझ सुदृढ गर्न सघाउ पुर्‍याउनेछ ।

आ.व. २०६६।६७ देखि विक्षेसुयो देशव्यापी रूपमा लागू गरिनेछ । आधारभूत शिक्षा (कक्षा १-८) लाई एकीकृत तथा सुदृढ गर्दै लगी यस प्रक्रियालाई २०६९ सम्म पूरा गरिनेछ । यसै गरी माध्यमिक शिक्षा (कक्षा ९-१२) को नमुना निर्माण कार्यको थालनी २०६६।६७ बाट हुनेछ । कक्षा ९-१२ लाई समेत एकीकृत गरी माध्यमिक शिक्षाको पुनर्संरचना देशव्यापी रूपमा क्रमशः २०६९ देखि कार्यान्वयनमा आउनेछ । माध्यमिक शिक्षाको यो पुनर्संरचना कार्य सन् २०१५ (वि.सं. २०७२) सम्ममा पूरा हुनेछ । सघनरूपमा चरणबद्ध किसिमले विद्यालय नक्साङ्कन कार्य गरी यो प्रक्रिया सम्पन्न गरिनेछ, जसले विक्षेसु योजनाको समग्र प्रक्रियालाई सबल बनाउनुका साथै विद्यालय क्षेत्रको संरचनात्मक सुधार, गुणस्तरको अभिवृद्धि तथा जवाफदेहिता बढाउने कार्यमा सघाउ पुऱ्याउनेछ ।

विक्षेसुको कार्यान्वयनका महत्त्वपूर्ण विषयवस्तु क्षेत्रका आधारमा यस योजनालाई दस परिच्छेदमा बाँडिएको छ । यी परिच्छेदलाई लगानीका दृष्टिले मात्र होइन, सान्दर्भिकता तथा रणनीतिका हिसाबले पनि सङ्गठिन गरिएको छ । योजनामा रहेका परिच्छेदहरूमा बालविकास कार्यक्रम, आधारभूत तथा माध्यमिक शिक्षा, साक्षरता तथा निरन्तर सिकाइ, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, शिक्षकको पेसागत विकास, क्षमता अभिवृद्धि, अनुगमन तथा मूल्याङ्कन, वित्तीय व्यवस्था, सहायता व्यवस्था र प्राविधिक सहयोग समन्वय पर्छन् ।

यस दस्तावेजमा एकरूपता रहोस् भन्नका लागि सकेसम्म प्रत्येक विषयका मिल्दाजुल्दा तत्त्वका आधारमा परिच्छेदहरूलाई सङ्गठित गर्ने प्रयास गरिएको छ । परिचय, लक्ष्य तथा उद्देश्य, अवसर तथा चुनौतीहरू, नीतिनिर्देश, मुख्य नतिजा, रणनीतिक कार्यक्रम, अनुमानित लागत र कार्यान्वयन तालिकाका आधारमा प्रत्येक परिच्छेदलाई सङ्गठित गरिएको छ । अर्को परिच्छेदमा प्रारम्भिक बालशिक्षा तथा विकाससम्बन्धी जानकारी समावेश गरिएको छ ।

# परिच्छेद २: प्रारम्भिक बालशिक्षा तथा विकास

## २.१. परिचय

सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) मा उल्लिखित प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लक्ष्यहरूले नै विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको कार्यान्वयनका लागि आधार प्रदान गरेका छन् । हाल समुदायमा आधारित तथा विद्यालयमा आधारित गरी मुलुकभर २४७७३ बालविकास केन्द्र सञ्चालित छन्, जसमध्ये विद्यालयमा आधारित पूर्वप्राथमिक कक्षा ११८९० र बाँकी समुदायमा आधारित भई सञ्चालित छन् (फ्ल्यास रिपोर्ट, २००७) । यसका अतिरिक्त नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्वप्राथमिक शिक्षाको विस्तार र सेवा प्रवाह गर्न संस्थागत विद्यालयहरूको योगदान उल्लेखनीय रहेको छ ।

प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लागि नीतिनिर्देश गर्न शिक्षा मन्त्रालयमा सचिवको अध्यक्षतामा प्रारम्भिक बालशिक्षा तथा विकास परिषद्को गठन भएको छ । केन्द्रीय तहमा अन्तरमन्त्रालय तथा अन्तरनिकायबीच सबै प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमहरूको समन्वय गर्नका लागि राष्ट्रिय योजना आयोगले एउटा समन्वय समिति निर्माण गरेको छ । जिल्ला तहमा पनि प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लागि नीति कार्यान्वयन गर्न, समन्वय गर्न तथा निरीक्षण र अनुगमन गर्न जिल्ला विकास समितिअन्तर्गत प्रारम्भिक बालशिक्षा तथा विकास समितिको व्यवस्था गरिएको छ ।

शिक्षा विभागले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको समन्वयमा बालविकास कार्यक्रम कार्यान्वयन गरिरहेको छ । यसका लागि विभागले साझेदार निकायहरूसँग प्राविधिक र आर्थिक सहयोगका लागि सम्झौता गरेको छ । विभागले बालविकास केन्द्रहरूका लागि वार्षिक एकमुष्ट रकम अनुदानका रूपमा प्रदान गर्छ । त्यसै गरी पाविके, शैजविकेले आआफ्नो क्षेत्रबाट पाठ्यक्रम निर्माण, सहयोगी कार्यकर्ताको तालिम, मूल्याङ्कनजस्ता प्राविधिक क्षेत्रमा सहयोग प्रदान गर्छन् ।

## २.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

- आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकास गर्नु ।

**उद्देश्यहरू**

- चार वर्ष उमेरका बालबालिकाका लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालविकास सेवामा पहुँच बढाउने ।

## २.३ अवसर तथा चुनौतीहरु

**अवसरहरू**

नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमले महत्त्वपूर्ण उपलब्धि हासिल गरेको मानिएको छ । यसका लागि स्थानीय तहको उत्सुकता तथा सहयोग सराहनीय रहेको छ । विद्यालय तथा समुदाय दुवैमा यस कार्यक्रमको विस्तारका लागि विद्यालय, समुदाय, स्थानीय सरकार, गैसस, र समुदायमा आधारित संस्था तथा निजी क्षेत्रबाट प्राप्त संस्थागत सहयोगले महत्त्वपूर्ण भूमिका खेलेको छ । बालविकास कार्यक्रमलाई विस्तार गर्ने लक्ष्य हासिल गर्न विद्यालय तथा समुदायमा गुणस्तरीय बालविकास केन्द्रहरू स्थापना गर्नेतर्फ प्रयास भइरहेको छ ।

नेपालमा कार्यरत अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमलाई प्राथमिकताका साथ एउटा प्रमुख रणनीतिक कार्यकमका रुपमा सहयोग गरेका छन् । यस्ता सहयोग कार्यकमअन्तर्गत नेपालको स्थानीय सन्दर्भमा उपयुक्त हुने गरी मानवीय स्रोत विकासदेखि कार्यक्रमका लागत प्रभावकारी नमुना विकाससम्मका विविध कार्यक्रमहरू पर्दछन् ।

प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको कार्यान्वयनबाट हासिल गरिएका अनुभवले यस कार्यक्रमलाई विस्तार गर्ने, सेवालाई सीमान्तकृत वर्गको पहुँचमा ल्याउन रणनीति विकास गर्ने तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा मार्ग प्रशस्त गरेका छन् ।

**चुनौतीहरू**

निरन्तर सेवा दिन सक्ने योग्य तथा सक्षम सहयोगी कार्यकर्ताको व्यवस्था हुन नसक्नु प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका चुनौतीमध्ये एउटा हो । सहयोगी कार्यकर्ताहरूलाई निरन्तर प्राविधिक सहयोग प्रदान गर्ने प्रावधानको व्यवस्था नहुनु पनि अर्को चुनौती हो । विविध प्रकारका तौरतरिकाबाट सञ्चालित प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमबीच समन्वय र व्यवस्थापन गर्नु अर्को प्रमुख चुनौती हो । प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमलाई विस्तार तथा सुधार गर्न यी अभ्यासहरूलाई उपयोग गर्ने तथा यिनको अनुभवलाई अन्यत्र लागू गर्नेबारे औपचारिक संयन्त्र बन्न बाँकी नै छ ।

बालविकास कार्यक्रमको विस्तार उल्लेखनीय रूपमा हुँदै गएको भए तापनि गुणस्तरको न्यूनतम मापदण्ड सुनिश्चित गर्ने कार्यलाई अहिलेसम्म विकास गर्न सकिएको छैन । विषयवस्तुको बोझले गर्दा बालविकास कार्यक्रमभित्र रहनुपर्ने सिर्जनात्मक पक्ष दबिएको छ । सामान्यतया सुविधायुक्त तथा सहरी क्षेत्रमा बालविकास कार्यक्रमको विस्तार भएको छ । गरिबी क्षेत्रमा लक्षित कार्यक्रमका रूपमा कार्यक्रम सञ्चालन केन्द्रित हुनुपर्ने आवश्यकता छ ।

## २.४ नीतिनिर्देश

- चार वर्ष उमेरका बालबालिकाका लागि सरकारले एक वर्षको प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लागि खर्च बेहोर्नेछ । तर तोकिएको भन्दा कम उमेरका बालबालिकाका लागि समुदायले आफ्नै स्रोतको परिचालन गरी बालविकास कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।
- गुणस्तर सुधारलाई प्रमुख रूपमा केन्द्रित गरी माग र आपूर्तिबीच सामञ्जस्य कायम गर्दै प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको विस्तार गरिनेछ ।

- अल्पसङ्ख्यक जनजाति, महिला, मधेशी, सीमान्तीकृत समूह, दलित जस्ता पिछडिएको जनसङ्ख्या बस्ने स्थानको पहिचान गरिनेछ र प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रममा उनीहरूको पहुँचलाई प्राथमिकता दिने कुरा सुनिश्चित गरिनेछ ।
- प्रमुख सरोकारवालाहरूद्वारा नीतिगत तथा कार्यान्वयन तह दुवैमा अविभेदकारी व्यवहार अवलम्बन हुनेछ ।

## २.५ मुख्यमुख्य नतिजाहरू

- चार वर्ष उमेरका ८७% बालबालिकाले प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको अनुभव हासिल गरेको हुने ।
- सबै प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रहरूले प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको न्यूनतम मापदण्ड हासिल गरेको हुने ।
- कक्षा एकमा प्रवेश गर्नेमध्ये ६४% बालबालिकाले प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको अनुभव लिएको हुने ।

## २.६ रणनीतिक कार्यकलापहरू

- शिक्षा मन्त्रालयले स्थानीय स्तरमा साझेदारीको व्यवस्थासहित विभिन्न निकायहरूको उत्तरदायित्व तोकिएको प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको कार्यसञ्चालन निर्देशिका प्रयोग गर्नेछ ।
- रायोआमा गठित उच्चस्तरीय समन्वय समितिमार्फत् विभिन्न मन्त्रालय (शिक्षा मन्त्रालय, स्थानीय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय) बीच समन्वयको व्यवस्था गरिनेछ ।
- प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रममा बालबालिकाहरूको पहुँच तथा सहभागिता बढाउन पिछडिएका क्षेत्रमा कार्यक्रमको विस्तार गरिनेछ । मानव विकास सूचकाङ्क र सहजै देखिने भर्नादर कम भएका सीमान्तकृत तथा गरिबीयुक्त जिल्लाका त्यस्ता क्षेत्रमा राज्यले स्थानीय सरकारमार्फत् प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको स्थापना, कार्यक्रम सञ्चालन तथा दिगोपनको प्रत्याभूति गर्नेछ । प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रहरूले न्यूनतम मापदण्ड हासिल गर्न सिकाइ तथा बालविकासका लागि आवश्यक साधन स्रोतका साथै बालमैत्री वातावरणको व्यवस्था गर्नेछन् ।
- मागको सिर्जना गर्ने, आवश्यकता पहिचान गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने तथा गुणस्तर मापदण्ड सुनिश्चित गर्ने जिम्मेवारी स्थानीय सरकारको हुनेछ । स्थानीय तहमा स्थानीय समुदायलाई संलग्न गराउने तथा अनुगमन गर्ने कार्यमा नागरिक समाजका सङ्गठनहरूको महत्त्वपूर्ण भूमिका हुनेछ । गुणस्तरीय प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रहरूको विस्तार तथा विकास गर्न स्थानीय सरकारले विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहयोगमा आमा समूह, युवा सङ्गठनहरू, उपभोक्ता समूह, लघु-ऋण समूहसँग साझेदारीमा काम गर्ने मोडेल अपनाउनेछ ।
- सबै बालबालिका, खास गरी छात्रा, विशेष आवश्यकता भएका बालबालिका, बहिस्करणमा परेका बालबालिकाहरूको पहुँच तथा सहभागिता बढाउन समुदायमा आधारित प्रारम्भिक बालशिक्षा तथा विकास

केन्द्रको प्रवर्धन गरिनेछ । यस्ता केन्द्रहरूलाई आवश्यक सहयोग पुऱ्याउन नजिकको विद्यालयसँग समूहबद्ध गरिनेछ ।

- सरकारले चार वर्षका बालबालिकाका लागि खर्च बेहोर्नेछ । बालविकास केन्द्रको बहुप्रकृतिलाई ध्यान दिई यसको प्रशासन र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको हुनेछ । विद्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, राष्ट्रिय तथा स्थानीय स्तरका निकाय तथा नागरिक समाजका सङगठनहरूसँग साझेदारी गरी बालविकास केन्द्रको सेवा सुनिश्चित गरिनेछ ।
- स्थानीय सरकार पूर्ण रूपमा सञ्चालनमा नआएसम्म सम्बन्धित विद्यालयमार्फत् नै यी प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रहरूका निमित्त साधनस्रोत उपलब्ध गराइनेछ । जुन विद्यालयको विद्यार्थीलाई टिकाइराख्ने दर उच्च स्तरको छ, सोही विद्यालयलाई थप प्रोत्साहन प्रदान गरिनेछ । जे भए तापनि प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रहरूले आफ्नो आवश्यकताअनुसार कस्तो विधि अपनाउने, कार्य सञ्चालनको के प्रक्रिया अवलम्बन गर्ने भन्ने सम्बन्धमा कार्यगत स्वायत्तता पाउनेछन् ।
- बालमैत्री वातावरणको अवस्था सिर्जना गर्न तथा मातृभाषामा सिक्न पाउने बालअधिकार सुनिश्चित गर्न मातृभाषालाई सिकाइको माध्यमका रूपमा प्रयोग गरिनेछ । सहयोगी कार्यकर्ताको नियुक्ति प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रम सञ्चालन निर्देशिकाअनुसार स्थानीय स्तरबाटै गरिनेछ ।
- स्थानीय सरोकारवालाहरू तथा सामुदायिक सङ्गठनहरूको क्षमता अभिवृद्धि गर्न स्थानीय सरकारको नेतृत्वमा साझेदारी व्यवस्था गरिनेछ ।
- दलित, छात्रा तथा सीमान्तकृत वर्गलाई विशेष लक्षित गर्दै सबै बालबालिकाको सुरक्षाको सम्मान गर्न आचारसंहिता लागू गरिनेछ । नियमित तालिम प्याकेजहरूमा बाल सुरक्षाका सम्बन्धमा अभिमुखीकरण गर्ने सत्रहरूलाई एकीकृत गरिने तथा यस्ता सत्रहरू कार्यक्रम कार्यान्वयन गर्ने निकायका शिक्षा अधिकृत लगायतका कर्मचारी, प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र, विद्यालय, गाविस, नपा तथा नागरिक समाजका सङ्गठनहरू तथा आमा समूहका लागि समेत सञ्चालन गरिनेछन् ।
- सामाजिक परिचालन, प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको स्थापना, सञ्चालन र अनुगमन गर्न यसको आवश्यकता एकदमै बढी भएका खासगरी पिछडिएका तथा गरिबी भएका क्षेत्रमा राज्यको सहयोग प्राप्त गर्नेछन् ।

## २.८ अनुमानित लागत

यस योजनामा प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रका लागि अमेरिकी डलर ६२.८७ मिलियन विनियोजित गरिएको छ । तर थप आवश्यक पर्ने स्रोतलाई दृष्टिगत गर्दा यस्तो खर्च स्थानीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, स्वयंसेवी समूह, नागरिक समाज, तथा सामुदायिक सङ्गठन तथा अभिभावकहरूबाट परिचालन गरिनेछ । (यसको विस्तृत विवरणका लागि अनुसूची ९.१ हेर्नुहोला ।)

## २.८ कार्यान्वयन तालिका

| | **क्रियाकलाप** (के ?) | **जिम्मेवार निकाय** (को ?) | **कार्यविधि** (कसरी ? ) | **समयसीमा** (कहिले ?) |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको स्थापना, कार्यान्वयन तथा दिगोपनका लागि राज्यको सहयोग सुनिश्चित गर्ने । | स्थानीय सरकार / जिशिका | पिछडिएको समुदायमा सहयोग केन्द्रित गर्ने | २०१० |
| २ | प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको कार्य सञ्चालन निर्देशिका कार्यान्वयन गर्ने । | शिक्षा विभागः निर्देशिकाको प्रबोधीकरण र कार्यान्वयन | जिशिकाबाट प्राविधिक सहयोग लिई स्थानीय सरकारले तथ्याङ्कको विकास गर्ने र निर्देशिकाको कार्यान्वयन गर्ने | २००९ |
| ३ | न्यूनतम मापदण्ड तथा सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि कार्यान्वयनको सुनिश्चितता | शिक्षा विभाग र स्थानीय सरकारहरू | स्थानीय सरकारले प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र स्रोतकेन्द्रहरूसँग परामर्श गरी सुनिश्चित गर्ने | २००९ |
| ४ | गुणस्तरीय मापकहरूको विकास गर्ने | शिक्षा विभाग | सरोकारवालाहरूसँग परामर्श गरी | २००९ |
| ५ | समुदाय स्तरको अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित गर्ने | शिक्षा विभाग र स्थानीय सरकारहरू | कार्यान्वयन निर्देशिकाका आधारमा | २०१० |
| ६ | आचारसंहिताको विकास तथा कार्यान्वयन | शिक्षा विभाग र स्थानीय सरकारहरू | नियमित तालिम प्याकेजहरूमा एकीकृत गरिएका बाल रक्षासम्बन्धी विषयवस्तु अभिमुखीकरण गर्ने | २००९ |
| ७ | प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रको संयोजक तोक्ने | शिक्षा विभाग /जिशिका | प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र सञ्चालन निर्देशिका बमोजिम तोक्ने | २००९ |

# परिच्छेद ३ः आधारभूत तथा माध्यमिक शिक्षा

## ३.१ परिचय

सबैका लागि शिक्षा लगायतका कार्यक्रमबाट विगतमा हासिल गरिएका अनुभवका आधारमा विद्यालय क्षेत्र सुधार योजनामा आधारभूत तथा माध्यमिक शिक्षाले प्राथमिकता पाएको छ । यसले पहुँच तथा सहभागिता बढाउने, समता तथा सामाजिक समावेशिताको प्रवर्धन गर्ने र आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउने कुरामा जोड दिएको छ । शिक्षामा विकेन्द्रीकृत सुशासन तथा व्यवस्थापन पद्धतिलाई संस्थागत गर्ने कुरामा पनि यस योजनाले त्यत्तिकै जोड दिएको छ । तर शिक्षा ऐन नियममा संशोधन तथा परिमार्जन नहुन्जेल विद्यमान शिक्षा ऐन नियमले नै विक्षेसुयोको कार्यान्वयनमा कानुनी आधार प्रदान गर्नेछन् ।

विद्यालय शिक्षामा सान्दर्भिकता बढाउन विक्षेसुयोले विद्यालय शिक्षाको वर्तमान संरचनालाई कक्षा १-१२ बनाई समन्वयात्मक तथा एकीकृत रूपमा पुनर्संरचना गर्न खोजेको छ । तर शिक्षामा सबैको पहुँचलाई सुनिश्चित गर्न तथा अनिवार्य आधारभूत शिक्षाको प्रवर्धन गर्न यस योजनाले आधारभूत शिक्षालाई प्राथमिकतामा राखेको छ । शिक्षा प्रदायक विभिन्न निकाय, जस्तैः- उच्च माध्यमिक शिक्षा परिषद्, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा विश्वविद्यालयहरूबीच सामञ्जस्य कायम गरी उच्च माध्यमिक तहमा देखिएको संरचनागत असङ्गतिलाई हटाई एकीकृत र समन्वयात्मक गर्ने कुरालाई यस योजनाले स्वीकार गरेको छ ।
यस परिच्छेदमा आधारभूत तथा माध्यमिक शिक्षामा विद्यमान अवसर र चुनौतीको सामान्य वर्णन गरिनेछ । त्यसपछि आधारभूत तथा माध्यमिक शिक्षाका छुट्टाछुट्टै लक्ष्य तथा उद्देश्य, नीतिनिर्देश, लक्षित कार्यक्रम, रणनीतिक कार्यकलाप र कार्यान्वयनका व्यवस्थाबारे चर्चा गरिनेछ ।

## ३.२ अवसर तथा चुनौतीहरु

विद्यालय क्षेत्र सुधार योजनाअन्तर्गत कक्षा १-८ को आधारभूत शिक्षा तथा कक्षा ९-१२ को माध्यमिक शिक्षालाई एकीकृत गर्ने विषयले सामाजिक तथा राजनीतिक वृत्तबाट समेत गति प्राप्त गरेको छ । त्रिवर्षीय अन्तरिम योजना तथा अन्य राष्ट्रिय कार्यक्रमहरूले समेत शिक्षा क्षेत्रमा अपेक्षित सुधारका लागि मार्गदर्शन दिएका छन् । यसो भए पनि केही चुनौतीहरूलाई सम्बोधन गर्नु अत्यावश्यक छ । करिब ८% प्राथमिक विद्यालय जाने उमेर समूहका (५-९ वर्ष) र करिब २५% आधारभूत शिक्षाका उमेर समूह (५-१२ वर्ष) का बालिबालिकाहरू अझै विद्यालयबाहिरै छन् । त्यसै गरी सामाजिक समावेशिता तथा समतासम्बन्धी विषय शिक्षा सेवा प्रवाहका प्रत्येक तहमा प्रमुख चासोका रूपमा रहेका छन् । न्यून स्तरको सिकाइउपलब्धि र विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर उच्च भएका कारणले सक्षमता र प्रभावकारितासम्बन्धी ठूलो चुनौतीको सामना गर्नुपरेको छ ।
विद्यालय क्षेत्र सुधार कार्यक्रमका लागि आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी निम्नलिखित अवसर तथा चुनौती विद्यमान छन् :

**अवसरहरू**

*पहिचान, चाहना तथा माग*

- अभिभावक, विद्यार्थी तथा सामाजिक समूहमा देखिएको बढ्दो आकाङ्क्षा शिक्षा विकासका लागि ठूलो अवसर हो

*पूर्वाधार र संस्थागत आधार*

- केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत क्षमता तथा सहयोग पद्धतिको व्यवस्था छ । जसले केन्द्रीय स्तरमा वार्षिक रणनीतिक कार्यान्वयन योजना (ASIP) को प्रक्रियामार्फत् र स्थानीय स्तरमा विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना र जिल्ला शिक्षा योजनामार्फत योजना, कार्यान्वयन, प्रतिवेदन, अनुगमन संयन्त्रको स्थापना गरेको छ ।

*साझेदारी*

- गुणस्तरीय शिक्षाका लागि स्रोत परिचालन तथा व्यवस्थापनमा सहयोग गर्नुका साथै विद्यालयको विकासमा समुदायको सहभागिता तथा स्वामित्वले सकारात्मक नतिजा देखिएको छ ।
- गुणस्तरीय शिक्षामा बालबालिकाको पहुँच बढाउन तथा सेवा प्रवाहको पद्धतिमा सुधार ल्याउन नेपाल सरकारलाई अन्तर्राष्ट्रिय संगठन, सहायता निकाय तथा सरकारहरूले महत्त्वपूर्ण सहयोग गरेका छन् ।

**चुनौतीहरू**

*समतामूलक विस्तार*

- भौगोलिक, सामाजिक तथा आर्थिक कारणले पिछडिई धेरै थरिका बहिस्करणमा परेका बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।
- अपाङ्गता भएका मानिसहरू तथा एचआइभी/एड्स र अन्य शारीरिक तथा सामाजिक रूपमा अपहेलित प्रतिको धारणा तथा व्यवहारमा परिवर्तन गर्ने ।

*गुणस्तर र सान्दर्भिकता*

- गुणस्तर तथा सान्दर्भिकतामा सुधार ल्याउन शिक्षा सेवा प्रवाहमा सुधार ल्याई सामुदायिक विद्यालयप्रतिको विश्वास जगाउने ।

*आधारभूत र माध्यमिक शिक्षाको एकीकरण*

- विकेन्द्रित व्यवस्थापन कार्यलाई सफलतापूर्वक अघि बढाउन विव्यस, प्रअ तथा अभिभावक शिक्षक सङ्घलाई लक्षित गरी स्थानीय सरकार तथा विद्यालयको क्षमता अभिवृद्धि गर्ने ।
- बालबालिकाको सिकाइ सुनिश्चित गर्न विविध आवश्यकताप्रति शिक्षकहरूलाई उत्तरदायी बनाउने ।
- वैकल्पिक र प्राविधिक तथा व्यावसायिक शिक्षासमेत समेटिने गरी समग्र शिक्षा क्षेत्रको शिक्षा नीति र व्यवस्थापनबीच एकीकरण र समन्वय कायम गर्ने ।

*स्रोतको व्यवस्था*

- शिक्षामा लाग्ने खर्च धान्नका लागि पर्याप्त स्रोतको परिचालन गर्ने ।

## ३.३ आधारभूत शिक्षा

**लक्ष्य तथा उद्देश्यहरू**

*लक्ष्य*

- शिक्षालाई अधिकारका रूपमा लिई विद्यालयमा बालमैत्री वातावरणमार्फत् गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्ने ।

*उद्देश्य*

- गुणस्तरीय आधारभूत शिक्षामा ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको समतामूलक पहुँचको सुनिश्तिता गर्ने ।

**नीतिनिर्देश**

*अधिकार*
निम्नलिखित कुराको सुनिश्चितता गर्नु राज्यको उत्तरदायित्व हुनेछः

- ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षा ।
- आधारभूत शिक्षामा समतामूलक सहभागिताको अवसर ।

*गुणस्तर र सान्दर्भिकता*

- न्यूनतम सक्षमताका अवस्थाको परिपूर्ति गर्ने तथा समतामूलक सहयोगको सुनिश्चितता गर्ने ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई आधार मानी मूल तथा स्थानीय पाठ्यक्रमको निर्माण गर्ने ।
- मातृभाषालाई शिक्षणको माध्यमका रूपमा स्थापित गर्ने ।
- विविध आवश्यकता तथा सिकारुका व्यक्तिगत सिकाइका गतिलाई सम्बोधन गर्न सिकाइका लचिला तौरतरिका अपनाउने ।
- निरन्तर मूल्याङ्कन तथा उपचारात्मक सहयोग पद्धतिको कार्यान्वयन गर्ने ।

*प्रशासन तथा व्यवस्थापन*

- विद्यालय व्यवस्थापनः विद्यालय, समुदाय र स्थानीय सरकारको साझा जिम्मेवारी ।
- शिक्षा प्रशासनः विव्यस, स्थानीय र केन्द्र सरकारको साझा जिम्मेवारी ।
- विद्यालयको पुनर्संरचनाका लागि स्थानीय सरकार र विव्यसको साझा जिम्मेवारी हुनेछ । पुनर्संरचनाको अन्तिम अख्तियारवालाका रूपमा विव्यस हुनेछ ।
- उत्तरदायित्व र गुणस्तरको सुनिश्चितताका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना हुनेछ ।

**मुख्यमुख्य नतिजाहरू**

- कक्षा १ मा नयाँ भर्ना दर ९४% र कक्षा ८ सम्म पुग्ने दर ६६% हासिल हुने ।
- प्राथमिक तहको ९९% र आधारभूत तहको ८५% खुद भर्नादर हासिल हुने ।
- न्यूनतम मापदण्डअनुसारका १९,५०० नयाँ कक्षाकोठा निर्माण हुने ।
- न्यूनतम मापदण्डअनुसारका १३,००० विद्यालय/कक्षाकोठाको मर्मतसुधार हुने ।

- अपाङ्गता भएका विद्यार्थीको आवश्यकताअनुसार १०० नयाँ विद्यालयको स्थापना हुने ।
- ५०० गाविस/न.पा.ले अनिवार्य आधारभूत शिक्षा लागू गरेको हुने ।
- आवश्यक पर्ने विद्यार्थीले छात्रवृत्ति पाएको हुने (तालिका ३.१ हेर्नुहोला) ।
- अपाङ्गता भएका १,७५,००० विद्यार्थीले छात्रवृत्ति पाएको हुने ।
- ३०० विद्यालयहरूमा पुस्तकालय र प्रयोगशाला सुविधा भएको हुने ।
- न्यूनतम आवश्यक पूर्वाधार पूरा गर्न ७,००० विद्यालयको बाह्य वातावरणमा सुधार हुने ।
- न्यूनतम आवश्यक पूर्वाधार पूरा गर्न ६२५ परम्परागत विद्यालयहरूको स्तरोन्नति हुने ।
- विभिन्न भाषामा ९५ सिकाइ सहयोगी सामग्रीको उत्पादन हुने ।
- ७,५०० विद्यालयमा बहुभाषी शिक्षा लागू हुने ।
- कार्यसम्पादनमा सुधार ल्याउने १,५०० विद्यालयहरू पुरस्कृत हुने ।
- १०,४०० विद्यालयमा विव्यसले करारमा प्रअलाई नियुक्ति हुने ।
- ७५० विद्यालयमा बहुकक्षा शिक्षण लागू हुने ।
- प्रत्येक वर्ष करिब १,५०,००० विद्यार्थीहरूले वैकल्पिक प्रावधानमार्फत आधारभूत शिक्षा लिएका हुने ।

**रणनीतिक कार्यकलाप**

*आधारभूत शिक्षामा पहुँच तथा सहभागिता वृद्धि*

*अधिकार*

- अनिवार्य आधारभूत शिक्षाको व्यवस्थाअन्तर्गत यसलाई अधिकारका रूपमा स्थापित गर्ने योजना सुरुगर्न गर्न स्थानीय सरकारलाई प्रोत्साहन गर्ने ।
- ५-१२ वर्षका बालबालिकाका लागि शिक्षालाई अधिकारका रूपमा लिने व्यवस्था लागू हुन्छ । सङ्क्रमण कालका अवधिमा आधारभूत शिक्षा कार्यक्रममा भर्ना हुने जुनसुकै उमेर समूहका बालबालिकाले पनि चक्र पूरा नभएसम्म यो अधिकार पाउनेछन् ।
- अनिवार्य शिक्षासम्बन्धी कानुन लागू भएका दिनदेखि उपयुक्त उमेर भएका बालबालिकालाई मात्र भर्ना गर्न प्रेरित गरिनेछ ।

*निःशुल्क शिक्षा*

- निःशुल्क आधारभूत शिक्षाअन्तर्गत भर्ना, पाठ्यपुस्तक, पढाइ तथा परीक्षा शुल्कबापत कुनै पनि खर्च बेहोर्न नपर्ने प्रावधानको व्यवस्था छ । विद्यमान नियम र विनियमका अधिनमा रही समुदायले गुणस्तर अभिवृद्धिका लागि थप स्रोतको परिचालन गर्ने कार्यलाई निरन्तरता दिनेछन् ।
- छात्राहरूलाई विशेष लक्षित गर्दै कर्णाली अञ्चलका सामुदायिक विद्यालयका विद्यार्थीहरू, दलित समुदायका र अपाङ्गता भएका सबै विद्यार्थीहरूको आवश्यकतालाई पूरा गर्न विशेष प्रावधानको व्यवस्था गरिने ।

तालिका ३.१ छात्रवृत्तिका किसिम र रकम

| छात्रवृत्तिका प्रकार | लक्ष्य | रकम (रु) |
|---|---|---|
| दलित छात्रवृत्ति | सबै दलित विद्यार्थी | ३५० प्रति विद्यार्थी प्रति वर्ष |
| छात्रा छात्रवृत्ति | ५०% छात्रा (विव्यसले आवश्यकताका आधारमा छनोट गर्ने) | ३५० प्रति विद्यार्थी प्रति वर्ष |
| सहिद छात्रवृत्ति | सहिदका छोराछोरी (जिशिकाले सहिदको रुजू गर्ने) | १००० प्रति विद्यार्थी प्रति वर्ष |
| कर्णाली क्षेत्रका लागि छात्रवृत्ति | कर्णाली क्षेत्रका सबै छात्रा | १००० प्रति विद्यार्थी प्रति वर्ष |
| अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति | अपाङ्गता भएका सबै विद्यार्थी | ५०० देखि १५००० प्रति विद्यार्थी प्रति वर्ष (अपाङ्गताको किसिमका आधारमा) |

*अनिवार्य निःशुल्क शिक्षा*

- आवश्यक कानुन बनाई राष्ट्रिय तथा स्थानीय तहहरूमा अनिवार्य आधारभूत शिक्षाका निमित्त चरणबद्ध योजना निर्माण ।
- स्थानीय सरकारहरूलाई आआफ्ना क्षेत्रमा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको घोषणा गर्न प्रोत्साहन पद्धति को विकास ।

*निःशुल्क वैकल्पिक कार्यक्रमहरू*

- औपचारिक कक्षामा जान नसक्ने विद्यार्थीहरूका लागि निःशुल्क वैकल्पिक कार्यक्रम तथा सघन कोर्सहरू को व्यवस्था ।

*परम्परागत विद्यालयहरूलाई मान्यता*

- मदरसा, गुम्बा/विहार, गुरुकुल/आश्रमजस्ता परम्परागत शैक्षिक व्यवस्थालाई सुदृढ तथा संस्थागत गरी यी संस्थाहरूले दिने शिक्षा राष्ट्रिय मापदण्डअनुसार र औपचारिक शिक्षाको समकक्षी बनाउने ।

### *आन्तरिक सक्षमतामा सुधार*

*कक्षा नदोहोर्‍याउने*

- पर्याप्त उपचारात्मक सहयोगका पुर्‍याउने गरी निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन ।

*प्रोत्साहनहरू*

- आर्थिक तथा सामाजिक रूपले सीमान्तकृत परिवारका बालबालिकालाई आधारभूत शिक्षा पूरा गराउन छात्रवृत्ति तथा अन्य प्रोत्साहनको प्रावधान ।
- विव्यसमार्फत् छात्रवृत्ति वितरण तथा अनुगमन संयन्त्र सुदृढ पार्ने ।
- विद्यालयहरूलाई अझ राम्रो कार्यसम्पादनका लागि उत्प्रेरित गर्न प्रोत्साहनका प्रावधान ।

*समता र सामाजिक समावेशीकरणाको सुनिश्चितता*

*बढ्दो सहभागिता*

पिछडिएको समूह [1] बाट शिक्षकहरूको सङ्ख्या बढाउनका लागि सकारात्मक कार्य :

- शिक्षक  र प्रशासनिक पदमा कर्मचारी नियुक्ति गर्दा यस समूहबाट समतामूलक रूपमा पद छुट्याउने ।
- शिक्षक नियुक्तिका लागि आधार तयार गर्दा यस समूहका उम्मेदवारलाई ग्राह्यता दिने ।
- विद्यालयमा महिला शिक्षकका लाीग अनिवार्य सरसफाइसम्बन्धी व्यवस्था ।

*महिलाको सहभागिता बढाउने*

- शिक्षण पेसामा महिलालाई प्रवेश गराउन विशेष प्रावधान तथा योग्य महिला, दलित, तथा पिछडिएको शिक्षकको पदोन्नतिका लागि सरल आधार निर्माण ।
- सुत्केरी हुँदा महिलाले तथा श्रीमती सुत्केरी हुँदा पुरुषले पाउने बिदा, बच्चालाई खुवाउनका लागि विश्राम समय तथा वैकल्पिक शिक्षकको प्रावधान ।

*आचारसंहिता*

- गरिबमुखी, अविभेदकारी तथा दण्डविरोधी अभ्यासको रक्षा गर्न विद्यालयमा आचारसंहिताको विकास गरी लागू गरिनेछ । अन्य कुराका अतिरिक्त शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा उनीहरूका अभिवृत्ति तथा व्यवहारको लेखाजोखा गरिनेछ ।

*गुणस्तर र सान्दर्भिकता*

विद्यार्थीहरूका विविध आवश्यकताको परिपूर्ति गर्न विक्षेसुयोले प्रत्येक विद्यालयमा न्यूनतम आधारभूत सक्षमताका अवस्था पुर्याउने कुराको सुनिश्चितता गर्ने ध्येय राखेको छ । यी आवश्यकताभित्र विशेष गरी भौतिक र सिकाइ वातावरण पर्छन् ।  विद्यालयको भौतिक वातावरणभित्र भवनको अवस्था, पर्याप्त कक्षाकोठा, छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय, खाने पानीको सुविधा तथा खेल्ने चौर आदि पर्छन् । सिकाइ वातावरणभित्र योग्य तथा तालिम प्राप्त शिक्षकको उपलब्धता, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षकले विद्यार्थीका लागि खर्चिने समय, अतिरिक्त क्रियाकलाप आदि पर्छन् ।

[1] पिछडिएको समूहमा छात्रा, तथा महिला, दलित, जनजाति अल्पसङ्ख्यक, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू, गरिब तथा सीमान्तकृत समूह, द्वन्द्वप्रभावित मानिसहरू, एचआईभी/एड्स भएका व्यक्ति र फिरन्तेहरू पर्छन् ।

गुणस्तर र सान्दर्भिकतालाई प्रवर्धन गर्ने सन्दर्भमा विद्यालयहरूलाई आफ्नो कार्यसम्पादनमा सुधार ल्याउन उत्प्रेरित गर्न प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिएको छ । हाल प्रयोगमा रहेका आधारहरूलाई २०१० सम्ममा समीक्षा गरी अद्यावधिक गरिनेछ ।

*संरचनात्मक एकीकरण*

- वर्तमान विद्यालयहरू लाई आधारभूत शिक्षा तहमा कक्षा १-३, १-५ र १-८ तथा माध्यमिक तहमा १-१० र १-१२ गरी विद्यमान संरचनालाई नजिकको तहमा एकीकृत गरिनेछ (विद्यालय संरचनाका आधारबारे विस्तृत जानकारीका लागि अनुसूची ३.१ हेर्नुहोला) ।
- विद्यालयको पुनर्संरचना तथा स्रोत विनियोजन गर्नका लागि योजना बनाउन विद्यालय नक्साङ्कन चरणबद्ध रुपमा गरिने छ (विद्यालय नक्साङ्कन ३ जिल्लामा पूरा भइसकेको तथा अन्य ३० जिल्लामा जारी रहेको) ।
- व्यापक विद्यालय नक्साङ्कन तथा संरचनात्मक एकीकरणका आधारमा नयाँ विद्यालयहरू खोलिने ।
- विद्यालय क्षेत्र सुधारका लागि तथ्यमा आधारित भई योजना निर्माण गर्न स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

*मानक तथा मापदण्ड निर्धारण*

- लगानी, प्रक्रिया तथा सिकाइउपलब्धिका निमित्त राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गरिसकिएको छ ( अनुसूची ३.२) जसलाई कार्यान्वयनका सिलसिलामा अझ स्पष्ट पारिनेछ ।
- मानक तथा मापदण्डभित्र समतामूलक सहभागिता, सुरक्षित तथा बालमैत्री कक्षाकोठा, बहुभाषी शिक्षा तथा सामग्रीको पर्याप्ततासहितको शैक्षणिक प्रक्रिया र पर्याप्त मात्रामा योग्य शिक्षकहरू पर्छन् ।

*न्यूनतम सक्षमताको अवस्था*

- २०१२ सम्ममा सबै विद्यालयमा न्यूनतम सक्षमताको अवस्थाको परिपूर्तिको सुनिश्तिताका लागि निर्धारित मार्गदर्शनका आधारमा चरणबद्ध योजनाको विकास र कार्यान्वयन गरिनेछ ।
- वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा वार्षिक कार्ययोजना तथा बजेटमा वार्षिक लक्ष्य तथा रणनीति झल्कनेछन् ।
- आधारभूत शिक्षाका शिक्षकहरूको योग्यता बढाउनका लागि सघन कोर्सको डिजाइन गर्न शिक्षा मन्त्रालयले प्राज्ञिक संस्थाहरूसँगको सहकार्य गर्नेछ ।
- २०१३/१४ सम्ममा शिक्षक विद्यार्थी अनुपात १:३७ कायम गरिनेछ ।
- छरिएर रहेका ससाना बस्तीका विद्यालयलाई बहुकक्षाका रूपमा सञ्चालन हुन उत्प्रेरित गर्न विभिन्न प्रोत्साहन कार्यक्रम ल्याइनेछन् ।
- पूर्णरुपले सञ्चालित आधारभूत तथा माध्यमिक रूपका (कक्षा १-८ वा १-१२ चल्ने) विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदको व्यवस्था गरिनेछ ।

*प्रशासन तथा व्यवस्थापन*

*कानुनी व्यवस्था*

- शिक्षा सेवाको प्रशासन तथा व्यवस्थापन गर्न स्थानीय सरकारको भूमिकालाई सशक्तीकरण गर्न एउटा एकीकृत कानुनी रूपरेखाको विकास गरिनेछ ।
- शिक्षा मन्त्रालयले विभिन्न ऐन नियम, जस्तै- शिक्षा ऐन तथा नियमावली, स्थानीय स्वायत्त शासन ऐन, सामाजिक सुधार ऐन आदिमार्फत् सम्बन्धित मन्त्रालय तथा स्थानीय स्तरमा आधारभूत सेवा तथा सुविधा प्रदान गर्ने निकायहरूसँग समन्वय कायम गर्न अग्रसर हुनेछ ।

*केन्द्रीय सरकार: प्रशासन तथा व्यवस्थापन*

- राष्ट्रिय नीतिगत लक्ष्य तथा रणनीतिक उद्देश्य प्राप्तिका लागि नीति निर्धारण, योजना तथा बजेट निर्माण, समन्वय, प्रगतिको अनुगमन गर्ने उत्तरदायित्व शिक्षा मन्त्रालयको हुनेछ ।
- शिक्षा नीति निर्धारण समितिले शिक्षा मन्त्राललाई नीति निर्माणमा सहयोग गर्नेछ ।
- विद्यालय शिक्षाको प्रशासन र व्यवस्थापनको जिम्मेवारी शिक्षा विभागको हुनेछ ।
- पाठ्यक्रम, मापदण्ड निर्धारण, शिक्षक विकास तथा परीक्षाजस्ता प्राविधिक कार्य एउटा प्राविधिक बोर्डको समन्वयमा विद्यमान प्राविधिक निकायहरू, जस्तै- पाविके, शैजविकेले नै गर्नेछन् ।
- सरकारले केन्द्रमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र र राष्ट्रिय परीक्षा बोर्डको स्थापना गर्नेछ ।
- शिक्षा मन्त्रालयले चरणबद्ध रूपमा विद्यालय शिक्षाको सम्बन्धित प्राविधिक कार्यलाई एकीकरण गर्ने योजना बनाउनेछ ।

*स्थानीय सरकार: प्रशासन तथा व्यवस्थापन*

- शुल्क छुट, छात्रवृत्ति वा अन्य उपयुक्त सहायता प्रदान गर्ने गरी करार सम्झौता गरेर निजी क्षेत्रका सेवा प्रदायकहरूलाई सेवा प्रवाहका लागि प्रोत्साहन गर्नु स्थानीय सरकारको अधिकार हो ।
- प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र, आधारभूत शिक्षा, वैकल्पिक विद्यालय, साक्षरता, निरन्तर शिक्षा कार्यक्रमको योजना, कार्यान्वयन तथा अनुगमन गर्ने जिम्मेवारी स्थानीय सरकारको हो । यस्तो अनुभव सामुदायिक वैकल्पिक विद्यालय कार्यक्रमबाट हासिल हुनसक्छन् तर स्थानीय सरकारहरू पूर्ण रूपमा क्रियाशील नभएसम्म वर्तमान कार्यान्वयन प्रणाली नै विद्यमान रहनेछ ।
- हाल ३३ जिल्लामा व्यापक रूपमा सञ्चालन भइरहेको विद्यालय नक्साङ्कनको अभ्यासले विद्यालयको एकीकृत पुनर्संरचना गर्ने, नयाँ विद्यालय (आधारभूत, प्राथमिक, उच्च प्राथमिक, आवासीय, बहुकक्षालगायत प्रकार वा तहका), नयाँ प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र, खुला तथा लचिला विद्यालय खोल्ने कार्यका लागि आधार प्रदान गर्नेछन् । (अनुसूची ३.१ हेर्नुहोला)
- स्थानीय सरकारका लागि क्षमता अभिवृद्धि, स्रोतको परिचालन तथा सशक्तीकरण गर्न आवश्यक कानुनी व्यवस्था गर्न तथा आवश्यक सहयोग उपलब्ध गराउनका लागि केन्द्रीय सरकार प्रतिबद्ध छ ।

*विद्यालय: प्रशासन तथा व्यवस्थापन*

- विव्यसहरूको सशक्तीकरण गर्दै विद्यालयमा आधारित व्यवस्थापनलाई सुदृढ गर्ने, जसले विद्यालयको प्रगतिबारे अभिभावकहरू तथा स्थानीय सरकारलाई प्रतिवेदन पेस गर्नेछ । यस्ता प्रतिवेदनहरूले कानुनी

प्राबधानका नीतिगत व्यवस्था, सामाजिक समावेशीकरण, वित्तीय तथा सामाजिक लेखा परीक्षणलार्य समावेश गर्दछ ।

- स्थानीय पाठ्यक्रम, कार्यलक्ष्य निर्धारण, विद्यालयको वार्षिक कार्ययोजना, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यलय तहमै निर्णय लिइनेछ ।
- शिक्षक व्यवस्थापनका सम्बन्धमा विद्यमान ऐन नियमानुसार विव्यसको नै महत्त्वपूर्ण भूमिका हुनेछ ।
- योजनाले प्रधानाध्यापकको प्राज्ञिक पक्ष (शिक्षकलाई जिम्मेवारी तोक्ने तथा व्यावसायिक सुपरिवेक्षण) तथा प्रशासनिक पक्ष (शिक्षकको कार्यतालिका, अभिलेख व्यवस्थापन, प्रशासनिक कर्मचारीको व्यवस्था आदि) मा निर्वाह गर्ने नेतृत्व तथा व्यवस्थापकीय भूमिकाको विकास गर्नेछ । प्रअलाई लक्ष्य निर्धारण गर्ने तथा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने अधिकार हुनेछ ।
- राष्ट्रिय रूपमा निर्धारण गरिएको मापदण्डका अधिनमा रही विद्यालयलाई शैक्षणिक विकल्पहरू छनौट गर्न तथा कर्मचारी तथा आर्थिक व्यवस्थपन गर्न स्वायत्तता हुनेछ ।

## अनुमानित खर्च

यस योजनामा आधारभूत शिक्षामा पाँच वर्षका लागि कुल खर्च अमेरिकी डलर १९९२.४१ मिलियन विनियोजन गरिएको छ । खर्चसम्बन्धी विस्तृत विवरण अनुसूची ९.१ दिइएको छ ।

**कार्यान्वयन तालिका**

| क्रियाकलाप (के?) | जिम्मेवार निकाय (को?) | प्रक्रिया (कसरी?) | समयसीमा (कहिले?) |
|---|---|---|---|
| वैकल्पिक प्रावधान | शिक्षा विभाग/ अनौपचारिक शिक्षा केन्द्र/ स्थानीय सरकार | शिक्षा विभाग र अशिकेले कार्यक्रमको निर्देशिकाको विकास गर्छन् । शिक्षा विभागले रकम दिन्छ । पाविकेले पाठ्यक्रम विकास गर्छ र स्थानीय सरकारले कार्यक्रम कार्यान्वयन गर्छ । | २००९/१० |
| नयाँ कक्षाकोठा | शिक्षा विभाग/ जिशिका/ विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ । विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ । जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ । | २००९/१० |
| मर्मत सुधार | शिक्षा विभाग/ जिशिका/विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ । विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ । जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ । | २००९/१० |
| पुस्तकालय तथा प्रयोगशाला | शिक्षा विभाग/ जिशिका/विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ । विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ । जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ । | २००९/१० |
| विशेष विद्यालयको निर्माण | शिक्षा विभाग/ जिशिका/ विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ । विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ । जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ । | २००९/१० |

| | | | |
|---|---|---|---|
| बाह्य वातावरण | शिक्षा विभाग/जिशिका/ विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ। विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ। जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ। . | २००९/१० |
| अनिवार्य आधारभूत शिक्षाका लागि सहयोग | शिक्षा विभाग | कार्यान्वयन गर्न इच्छुक गाविस/नपाहरूले शिक्षा विभाग तथा जिशिकाबाट प्रोत्साहन तथा प्राविधिक सहयोग पाउनेछन्। | २००९/१० |
| परम्परागत विद्यालयलाई सहयोग | शिक्षा विभाग/जिशिका | जिशिकामार्फत् परम्परागत विद्यालयका लागि अनुदान सहहयोग उपलब्ध गराइनेछ। | २००९/१० |
| विभिन्न भाषाका लागि सामग्रीहरू | शिक्षा विभाग/पाविके | पाविकेले विभिन्न भाषामा सिकाइ सामग्री विकास गर्न आवश्यक व्यवस्था मिलाउनेछ। | २००९/१० |
| बहुभाषी कार्यक्रम | शिक्षा विभाग/पाविके | राष्ट्रिय स्तरमा एउटा समग्र बहुभाषी शिक्षाको प्रारूपको विकास गरिनेछ र यसलाई जिशिकामार्फत क्रमशः विद्यालयहरूमा लागू गरिनेछ। | २००९/१० |
| सूचना सञ्चार प्रविधियुक्त शिक्षण सिकाइ | शिक्षा विभाग | तत्कालका लागि यस कार्यक्रममा बजेट प्राप्त छैन। | |
| कार्यसम्पादनमा सुधार ल्याउन विद्यालयहरूलाई प्रोत्साहन | शिक्षा विभाग/जिशिका | विद्यालयहरूको प्रमाणीकरण गर्न शिक्षा विभागले पहिले नै मापदण्डको विकास गरिसकेको छ, जसलाई परिमार्जन गरी जिल्ला स्तरमा विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रयोग गरिनेछ। जिशिकाले जिशिससँग मिली वार्षिक रूपमा मूल्याङ्कन कार्य सञ्चालन गर्नेछ। | २००९/१० |
| पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पापु डिजिटाइजेसन | पाविके | पाविकेले डिजिटाइजेसन गर्न प्राविधिकहरू नियुक्त गर्ने र व्यापक रूपमा प्रबोधीकरण र प्रयोग गर्न यसलाई वेबसाइटमा राख्नेछ। | २०१०/११ |
| पाठ्यक्रम संशोधन तथा परिमार्जन | पाविके | पाविकेले रापाप्रा अनुरूप पाठ्यक्रम परिमार्जन गर्न विशेषज्ञहरूलाई परिचालन गर्नेछ। | २००९/१० |
| पाठ्यपुस्तक संशोधन तथा परिमार्जन | पाविके | पाविकेले रापाप्रा अनुरूप पाठ्यक्रम परिमार्जन गर्न विशेषज्ञहरूलाई परिचालन गर्नेछ। पाविकेले बहु-पाठ्यपुस्तकका लागि निर्देशिकासमेतको विकास गर्नेछ। | २०१०/११ |
| शिक्षक निर्देशिका संशोधन तथा परिमार्जन | पाविके | पाविकेले शिक्षक निर्देशिका परिमार्जन तथा विकास गर्न विशेषज्ञहरूलाई परिचालन गर्नेछ विद्यालयहरूमा उपलब्ध गराउनेछ। | २०१०/११ |
| स्थानीय पाठ्यक्रम | पाविके | पाविकेले स्थानीय पाठ्यक्रमका लागि निर्देशिकाको विकास गर्नेछ र जिशिकाले स्थानीय विशेषज्ञलाई स्थानीय पाठ्यक्रम निर्माण गर्न परिचालन गर्नेछ। | २०१०/११ |

| | | | |
|---|---|---|---|
| विद्यार्थी मूल्याङ्कनः निरन्तर मूल्याङ्कन | शिक्षा विभाग / पाविके/पनिका/ जिशिका | पाविकेले आधारभूत शिक्षामा निरन्तर मूल्यांकन पद्धतिका लागि खाका तयार गर्नेछ । विद्यालयहरूले निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न प्राविधिक र प्रशासनिक सहयोग प्राप्त गर्नेछन् । जिशिकाले कक्षा ८ को अन्त्यमा परीक्षा सञ्चालन गर्नेछ । | २०१०/११ |
| प्रअका लागि अनुदान सहयोग (कक्षा १-८) | शिक्षा विभाग/ विव्यस | पूर्ण रूपमा कक्षा १-८ चलेका विद्यालयले विव्यसले करारमा नियुक्ति गर्ने गरी छुट्टै प्रअ पदको व्यवस्था हुनेछ । प्रअको नियुक्तिको प्रक्रियाका सम्बन्धमा विभागले निर्देशिका जारी गर्नेछ । | २०११/१२ |
| प्रति विद्यार्थी लागतः पाठ्यपुस्तक (१-५) | शिक्षा विभाग/ विद्यालय | विद्यालयहरूले प्रति विद्यार्थी लागतका आधारमा पाठ्यपुस्तकका लागि एकमुस्ट अनुदान पाउनेछन् । | २००९/१० |
| पाठ्यपुस्तक (६-८) | शिक्षा विभाग /विद्यालय | विद्यालयहरूले प्रति विद्यार्थी लागतका आधारमा पाठ्यपुस्तकका लागि एकमुस्ट अनुदान पाउनेछन् । | २००९/१० |
| विद्यालयको पुनर्सरचनागर्नका लागि सहयोग | शिक्षा विभाग / जिशिका | रकमको उपलब्धता नभएको | |
| दलित विद्यार्थी हरू कक्षा(१-८) | शिक्षा विभाग / जिशिका | सबै दलितहरूले विद्यालयमार्फत् छात्रवृत्ति पाउनेछन् । | २००९/१० |
| छात्रा छात्रवृत्ति कक्षा (१-८) | शिक्षा विभाग / जिशिका स्थानीय समिति | कर्णाली क्षेत्रका सबै र अन्य जिल्लाका ५०% छात्राहरूले छात्रवृत्ति पाउनेछन् । | २००९/१० |
| अपाङ्ग छात्रवृत्ति | शिक्षा विभाग / जिशिका | अपाङ्गता भएका विद्यार्थीहरूले विद्यालयमार्फत् छात्रवृत्ति पाउनेछन् । | २००९/१० |
| सहिदका छोराछोरीहरूका लागि छात्रवृत्ति | शिक्षा विभाग / जिशिका | सहिदका परिवारका छोराछोरीहरूले जिशिकाले प्रमाणित गरेअनुसार छात्रवृत्ति पाउनेछन् । | २००९/१० |
| बहुकक्षा व्यवस्थापनका लीगि सहयोग | शिक्षा विभाग / जिशिका | | २०१०/११ |

## ३.४ माध्यमिक शिक्षा

**लक्ष्य तथा उद्देश्यहरू**

*लक्ष्य*

- प्रतिस्पर्धी तथा सीपयुक्त जनशक्तिको उत्पादन गरी राष्ट्रिय विकासको आवश्यकता पूरा गर्ने तथा उच्च शिक्षाका लागि भरपर्दो आधारशिला तयार गर्ने ।

*उद्देश्य*

- माध्यमिक शिक्षामा पहुँच, समता, समानता, गुणस्तर तथा सान्दर्भिकतामा सुधार ल्याउने ।

**नीतिनिर्देश**

*पहुँच र सहभागिता*

- निःशुल्क माध्यमिक शिक्षाको विस्तार ।

*समता र सामाजिक समावेशीकरण*

- माध्यमिक शिक्षाका सबै पक्षमा समतामूलक सहभागिताको अवसर ।

*गुणस्तर र सान्दर्भिकता*

- माध्यमिक शिक्षामा सामान्य व्यावसायिक सीपको व्यवस्था ।
- न्यूनतम सक्षमताका अवस्था पूरा गर्ने तथा समतामूलक सहयोग सुनिश्चित गर्ने ।
- मूल पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रमका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई आधार मान्ने ।

*प्रशासन तथा व्यवस्थापन*

- शिक्षा प्रशासनः केन्द्र र स्थानीय सरकारको साझा जिम्मेवारी ।
- शिक्षा व्यवस्थापनः विद्यालय समुदाय र स्थानीय सरकारको साझा जिम्मेवारी ।

**मुख्यमुख्य नतिजाहरू**

- वैकल्पिक विद्यालयका प्रावधानमार्फत् प्रत्येक वर्ष ६०,००० विद्यार्थीहरूले कक्षा ९ र १० पूरा गर्ने ।
- अति गरिब पृष्ठभूमिका ७५,००० विद्यार्थीहरूले माध्यमिक शिक्षा पूरा गर्न छात्रवृत्ति पाएको हुने ।
- कक्षा ९-१० का ६,६०,००० छात्राहरूले छात्रवृत्ति पाएको हुने ।
- ७५,००० अपाङ्ग विद्यार्थीहरूले छात्रवृत्ति पाएको हुने ।

- कार्यसम्पादनमा सुधार ल्याउने ३७५ माध्यमिक विद्यालयहरू पुरस्कृत भएका ।
- पाठ्यक्रम, शिक्षक निर्देशिका, तथा पाठ्यपुस्तकहरू विद्युतीय रूपमा उपलब्ध हुने ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू परिमार्जन तथा अद्यावधिक गरिएका हुने ।
- शिक्षक निर्देशिकाहरूको विकास, अद्यावधिक र वितरण भएका हुने ।
- माविका सबै विद्यार्थीहरूले समयमै पाठ्यपुस्तक पाएको हुने ।

**रणनीतिक कार्यकलापहरू**

*पहुँच र सहभागिता*

निःशुल्क शिक्षा

- २०१५ सम्ममा माध्यमिक शिक्षा निःशुल्क गर्दै जाने प्रावधान ।
- निःशुल्क माध्यमिक शिक्षा भन्नाले कम्तीमा पनि भर्ना शुल्क र पढाइ शुल्क निःशुल्क हुनु हो । पाठ्यपुस्तक तथा अन्य सामग्रीहरू सुपथ दरमा उपलब्ध गराइनेछ ।
- पिछडिएको परिवारका बालबालिकाहरूका लागि पहुँच र सहभागिता बढाउन तथा माध्यमिक शिक्षा पूरा गराउन विशेष प्रोत्साहनका कार्यक्रम ल्याइनेछ ।
- माध्यमिक शिक्षामा पहुँचको सुनिश्चितता गर्न निजी क्षेत्रका सेवा प्रदायकहरूसँगको साझेदारीलाई प्रवर्धन गरिनेछ ।

*वैकल्पिक कार्यक्रमहरू*

- विविध आवश्यकता पूरा गर्न लागत साझेदारीका आधारमा खुला र दूर शिक्षा तथा लचिला विद्यालयको विस्तार ।
- पिछडिएका बालबालिकाका लागि निःशुल्क वैकल्पिक शिक्षाको प्रावधान ।
- वैकल्पिक बन्दोबस्त गरी व्यावसायिक सीपमा जोड दिने गरी प्राविधिक शिक्षाको व्यवस्था ।

*टिकिरहने र पूरा गर्ने*

- दलित, सीमान्तकृत समूह, अपाङ्ग, छात्रा, तथा विपन्नवर्गका परिवारका बालबालिकाको माध्यमिक शिक्षामा पहुँच पुर्‍याउने तथा पढाइ पूरा गर्ने सुनिश्चितताका लागि प्रोत्साहनका कार्यक्रमहरूको व्यवस्था ।
- न्यूनतम सिकाइ उपलब्धि पनि हासिल गर्न नसक्ने विद्यार्थीहरू का लागि उपचारात्मक सहयोग उपलब्ध गराइने ।

## *समता तथा सामाजिक समावेशीकरण*

*सहभागिता बढाउने*

- पिछडिएको समूहलाई विशेष जोड दिई सबैको सहभागिता बढाउन यो योजना निम्नलिखित सकारात्मक विभेदको नीति कार्यान्वयन गर्नेतर्फ लक्षित छ : क) प्रअको नियुक्ति गर्ने विद्यालयलाई प्रोत्साहन (ख) शिक्षक तथा कर्मचारीहरू को नियुक्तिमा कोटा प्रथा (ग) शिक्षक नियुक्तिका लागि विशेष ग्राह्यतका आधारहरू ।
- माध्यमिक शिक्षामा महिलाको सहभागिताका लागि निम्नलिखित प्रावधानहरू राखिनेछन्: (क) सुत्केरी तथा श्रीमती सुत्केरी हुँदा पुरुषले पाउने बिदा, शिशुलाई खुवाउने विश्राम समय र सट्टा शिक्षकको प्रावधान (ख) पिछडिएका समूह र महिलालाई शिक्षक पदमा बढुवाका लागि कम अवधि भए पनि उम्मेदवार हुन हुने प्रावधान ।

*वैधानिक प्रावधान*

- शिक्षा व्यवस्थापन तथा प्रशासनकार्यमा समताको सुनिश्चितताका लागि कानुनी व्यवस्था ।
- सबै तहका प्रशासन तथा व्यवस्थापन समितिहरू मा महिला तथा पिछडिएका समूहको समानुपातिक सहभागिता होस् भन्नका लागि सकारात्मक उपायको नीति अवलम्बन ।

*आचारसंहिता*

- गरिबमुखी, अविभेदकारी तथा दण्डविरोधी अभ्यासको रक्षा गर्न विद्यालयमा आचारसंहिताको विकास गरी लागू गरिनेछ ।

## *गुणस्तर र सान्दर्भिकता*

*संरचनात्मक एकीकरण*

- राष्ट्रिय रुपमा निर्धारित मानक तथा मापदण्डमा आधारित माध्यमिक विद्यालयको प्रावधान ।
- माध्यमिक शिक्षा कार्यक्रमको पूर्ण एकीकरण हुनुअघि २००९ देखि २०१२ सम्ममा परीक्षण कार्य सञ्चालन गरिनेछ ।
- परीक्षणका रुपमा माध्यमिक विद्यालयहरू मा सामान्य व्यवसायिक सीपहरू (soft skills) सहित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी भविश्यमा विद्यालय शिक्षामा एकीकृत गरिने ।
- विद्यालयको स्तरोन्नति गर्ने, गाभ्ने तथा स्तर घटाउने सम्बन्धमा तथ्यमा आधारित भएर निर्णय लिन जिल्लामा गरिने विस्तृत विद्यालय नक्साङ्कनले आधार प्रदान गर्नेछ ।

*मानक तथा मापदण्ड निर्धारण*

- शिक्षा मन्त्रालयले माध्यमिक शिक्षाका मापदण्ड निर्माण गर्न निर्देशिका जारी गर्नेछ ।
- शिक्षक पदमा नियुक्तिका लागि न्यूनतम योग्यताका अतिरिक्त शिक्षकको तयारी कोर्स र पुनर्ताजगी तालिमलाई अनिवार्य बनाइनेछ ।

*न्यूनतम आधारभूत अवस्था*

- शिक्षा मन्त्रालयले न्यूनतम सक्षमता अवस्था तोकी सबै विद्यालयमा उक्त अवस्था पुग्ने सुनिश्चितता गर्नेछ ।
- सरकारले विद्यालय सुधार योजनामा आधारित रकम विद्यालयलाई प्रदान गर्नेछ र विद्यालयले स्थानीय स्रोतको परिचालन गर्नेछ ।
- २०७२।०७३ सम्ममा सबै माविहरू मा छुट्टै प्रअ पदको व्यवस्था हुनेछ ।

*परीक्षा सुधार*

- प्राविधिक तथा व्यावसायिक तालिमलगायत कक्षा ८, १०, १२ मा सार्वजनिक परीक्षा सञ्चालन गर्ने, प्रमाणपत्र दिने तथा प्रमाणीकरण गर्नेजस्ता कार्यका लागि संयोजनकारी उच्च निकायका रुपमा राष्ट्रिय परीक्षा बोर्डको गठन हुनेछ ।
- सार्वजनिक परीक्षा तीन स्तरमा सञ्चालन गरिनेछः राष्ट्रिय, क्षेत्रीय र जिल्ला । राष्ट्रिय स्तरको परीक्षा उच्च माध्यमिक (HSLC) तहका निमित्त कक्षा १२ को अन्त्यमा राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्नेछ । क्षेत्रीय स्तरको परीक्षा कक्षा १० को अन्त्यमा राष्ट्रिय परीक्षा बोर्डकै अधीनमा क्षेत्रीय शिक्षा निर्देशनालयले सञ्चालन गर्नेछ । जिल्ला स्तरीय परीक्षा कक्षा ८ को अन्त्यमा राष्ट्रिय परीक्षा बोर्डको निर्देशनमा जिल्ला शिक्षा कार्यालयले सञ्चालन गर्नेछ ।
- कक्षा ८ को परीक्षा आधारभूत तहको शिक्षाको अन्तिम परीक्षा हुनेछ ।
- कक्षा १० र १२ मा मूल र सहायक विषयमा उत्तीर्ण गरेका आधारमा प्रमाणपत्र प्रदान गरिनेछ ।
- व्यक्तिगत रुपमा स्वाध्ययन गर्नेले कक्षा ८ को परीक्षामा सामेल हुन जिल्लास्तरमा सञ्चालन गरिने योग्यता परीक्षामा पास हुनुपर्नेछ । कक्षा ८ पास गरेकाहरूले दुई वर्ष स्वाध्ययन गरेपछि मात्र कक्षा १० को परीक्षामा सामेल हुन योग्य हुनेछन् (प्राविधिक र व्यावसायिक धारबाहेक) ।
- माध्यमिक तहमा दुईओटा प्रमाणपत्र प्रदान गरिनेछ ।

  (क) माध्यमिक तह प्रमाण पत्र (एसएलसी) अथवा प्राविधिक माध्यमिक तह प्रमाण पत्र (टीएसएलसी)

  (ख) उच्च माध्यमिक तह प्रमाण पत्र (एचएसएलसी) अथवा प्राविधिक उच्च माध्यमिक तह प्रमाण पत्र ( टीएचएसएलसी)
- राष्ट्रिय परीक्षा बोर्डले उपलब्ध गराएको राष्ट्रिय परीक्षाको प्रारुपका अधिनमा रही प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले छोटो अवधिका व्यावसायिक, प्राविधिक तथा परम्परागत सीप परीक्षणलगायतका प्रमाणीकरण परीक्षाहरू सञ्चालन गर्नेछ ।

*प्रशासन र व्यवस्थापन*

- आधारभूत शिक्षाको परिच्छेदमा उल्लेख भएका प्रशासन र व्यवस्थापनसम्बन्धी कार्यहरू माध्यमिक शिक्षामा पनि लागू हुन्छ ।

**अनुमानित लागत**

यस योजनामा माध्यमिक शिक्षाका लागि अमेरिकी डलर ४८३.७९ मिलियन विनियोजित गरिएको छ । यसको विस्तृत विवरण अनुसूची ९.१ मा हेर्नुहोला ।

## कार्यान्वयन तालिका

| क्रियाकलाप (के?) | जिम्मेवार निकाय (को?) | प्रक्रिया (कसरी?) | समय (कहिले? |
|---|---|---|---|
| वैकल्पिक प्रावधान | शिक्षा विभाग/ अनौपचारिक शिक्षा केन्द्र/ स्थानीय सरकार | शिक्षा विभाग र अशिकेले कार्यक्रमको निर्देशिकाको विकास गर्छन् । शिक्षा विभागले रकम दिन्छ । पाविकेले पाठ्यक्रम विकास गर्छ र स्थानीय सरकारले कार्यक्रम कार्यान्वयन गर्छ । | २००९/१० |
| नयाँ कक्षाकोठा | शिक्षा विभाग/जिशिका/ विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ । विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ । जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ । | २००९/१० |
| मर्मत सुधार | शिक्षा विभाग/ जिशिका/विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ । विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ । जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ । | २००९/१० |
| पुस्तकालय तथा प्रयाेगशाला | शिक्षा विभाग/ जिशिका/विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ । विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ । जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ । | २०१०/११ |
| विशेष विद्यालयको निर्माण | शिक्षा विभाग/ जिशिका/विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ । विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ । जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ । | २०१०/११ |
| बाह्य वातावरण | शिक्षा विभाग/ जिशिका/विव्यस | शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्छ र बजेट विनियोजन गर्छ । विव्यसले समुदायसँगको सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्छ । जिशिकाले प्राविधिक सहयोग र सुपरिवेक्षण गर्छ । . | २००९/१० |
| अनिवार्य आधारभूत शिक्षाका लागि सहयोग | शिक्षा विभाग | कार्यान्वयन गर्न इच्छुक गाविस/नपाहरूले शिक्षा विभाग तथा जिशिकाबाट प्रोत्साहन तथा प्राविधिक सहयोग पाउनेछन् । | २००९/१० |
| परम्परागत विद्यालयलाई सहयोग | शिक्षा विभाग/जिशिका | जिशिकामार्फत् परम्परागत विद्यालयका लागि अनुदान सहयोग उपलब्ध गराइनेछ । | २०१०/११ |
| कार्यसम्पादनमा सुधार ल्याउने विद्यालयहरूलाई प्रोत्साहन | शिक्षा विभाग/जिशिका | विद्यालयहरूको प्रमाणीकरण गर्न शिक्षा विभागले पहिले नै मापदण्डको विकास गरिसकेको छ, जसलाई परिमार्जन गरी जिल्ला स्तरमा विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रयोग गरिनेछ । जिशिकाले जिशिससँग मिली वार्षिक रूपमा मूल्याङ्कन कार्य सञ्चालन गर्नेछ । | २००९/१० |
| पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पापु डिजिटाइजेसन | पाविके | पाविकेले डिजिटाइजेसन गर्न प्राविधिकहरू नियुक्त गर्ने र व्यापक रूपमा प्रबोधीकरण र प्रयोग गर्न यसलाई वेबसाइटमा राख्नेछ । | २०११/१२ |
| पाठ्यक्रम संशोधन तथा परिमार्जन | पाविके | पाविकेले रापाप्रा अनुरूप पाठ्यक्रम परिमार्जन गर्न विशेषज्ञहरूलाई परिचालन गर्नेछ । | २०११/१२ |

| | | | |
|---|---|---|---|
| पाठ्यपुस्तक संशोधन तथा परिमार्जन | पाविके | पाविकेले रापाप्रा अनुरूप पाठ्यक्रम परिमार्जन गर्न विशेषज्ञहरूलाई परिचालन गर्नेछ। पाविकेले बहु-पाठ्यपुस्तकका लागि निर्देशिकासमेतको विकास गर्नेछ। | २०११/१२ |
| शिक्षक निर्देशिका संशोधन तथा परिमार्जन | पाविके | पाविकेले शिक्षक निर्देशिका परिमार्जन तथा विकास गर्न विशेषज्ञहरूलाई परिचालन गर्नेछ तथा विद्यालयहरूमा उपलब्ध गराउनेछ। | २०१२/१३ |
| स्थानीय पाठ्यक्रम | पाविके | पाविकेले स्थानीय पाठ्यक्रमका लागि निर्देशिकाको विकास गर्नेछ र जिशिकाले स्थानीय विशेषज्ञलाई स्थानीय पाठ्यक्रम निर्माण गर्न परिचालन गर्नेछ। | २०१०/११ |
| प्रअका लागि अनुदान सहयोग (कक्षा ९-१२) | शिक्षा विभाग /विव्यस | पूर्ण रूपमा कक्षा १-८ चलेका विद्यालयले विव्यसले करारमा नियुक्ति गर्ने गरी छुट्टै प्रअ पदको व्यवस्था हुनेछ। प्रअको नियुक्तिको प्रक्रियाका सम्बन्धमा विभागले निर्देशिका जारी गर्नेछ। | २०१२/१३ |
| प्रति विद्यार्थी लागत: पाठ्यपुस्तक (९-१०) | शिक्षा विभाग /विद्यालय | हाल रकम उपलब्ध नभएको | |
| प्रति विद्यार्थी लागत: पाठ्यपुस्तक (११-१२) | शिक्षा विभाग /विद्यालय | हाल रकम उपलब्ध नभएको | |
| विद्यालयको पुनर्सरचनागर्नका लागि सहयोग | शिक्षा विभाग / जिशिका/ विद्यालय | हाल रकम उपलब्ध नभएको | |
| छात्रा छात्रवृत्ति कक्षा (९-१०) | शिक्षा विभाग / जिशिका स्थानीय समिति | विपन्नवर्गका परिवारका छात्राहरूले छात्रवृत्ति पाउनेछन्। छात्रवृत्ति वितरणका लागि विव्यसलाई जिम्मेवार बनाइएको छ। छात्रवृत्ति वितरणको अनुगमनको जिम्मेवारी स्थानीय निकायले लिनेछन्। | २००९/१० |
| अपाङ्ग छात्रवृत्ति | शिक्षा विभाग / जिशिका/विव्यस | अपाङ्गता भएका विद्यार्थीहरूले लेखाजोखा केन्द्रले पहिचान गरेअनुसार विभिन्न प्रकारका छात्रवृत्ति पाउनेछन्। | २००९/१० |
| सहिदका छोराछोरीहरूका लागि छात्रवृत्ति | शिक्षा विभाग / जिशिका | सहिदका परिवारका छोराछोरीहरूले जिशिकाले प्रमाणित गरेअनुसार छात्रवृत्ति पाउनेछन्। | २००९/१० |
| माध्यमिक - सेवाबाट वञ्चित विद्यार्थीहरू | शिक्षा विभाग / जिशिका/विव्यस | शिक्षा विभागले उपलब्ध गराउने शैक्षिक सूचना व्यवस्थापन पद्धतिबाट प्राप्त तथ्याङ्कका आधारमा उच्च शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरू लाई प्रति विद्यार्थी लागत अनुदान दिइनेछ। विव्यसले सेवाबाट वञ्चित विद्यार्थीहरू का लागि शिक्षकको व्यवस्था गर्नेछ। | २००९/१० |
| उच्च माध्यमिक - सेवाबाट वञ्चित विद्यार्थीहरू | शिक्षा विभाग / जिशिका/विव्यस | शिक्षा विभागले उपलब्ध गराउने शैक्षिक सूचना व्यवस्थापन पद्धतिबाट प्राप्त तथ्याङ्कका आधारमा उच्च शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरू लाई प्रति विद्यार्थी लागत अनुदान दिइनेछ। विव्यसले सेवाबाट वञ्चित विद्यार्थीहरू का लागि शिक्षकको व्यवस्था गर्नेछ। | २००९/१० |
| प्रति विद्यार्थी लागत - प्रशासनिक खर्च | शिक्षा विभाग / जिशिका | शिक्षा विभागले विद्यार्थी सङ्ख्याका आधारमा सबै विद्यालयलाई प्रशासनिक खर्च उपलब्ध गराउनेछ। विद्यालय/विव्यसले प्रति विद्यार्थी लागत अनुदानलाई विद्यालय सुधार योजनाको अंशका रुपमा समावेश गर्नेछन्। | २००९/१० |

# परिच्छेद ४: साक्षरता तथा जीवनपर्यन्त सिकाइ

## ४.१ परिचय

साक्षरता तथा निरन्तर शिक्षाले १५ देखि ४५ वर्ष उमेर समूहका सबै युवा र प्रौढको जीवनपर्यन्त सिकाइका लागि आधार प्रदान गर्छ । साक्षरताले उनीहरूलाई जीवनपर्यन्त सिकाइमा संलग्न हुन र जीविकोपार्जनलाई दिगो पार्न तथा समाजमा सहभागी हुन आवश्यक पर्ने क्षमताको विकास गर्न योगदान पुऱ्याउने कार्यमा मद्दत गर्छ ।

जीवनपर्यन्त सिकाइको अभिन्न अङ्गका रूपमा निरन्तर तथा अनौपचारिक शिक्षाले साक्षरताको विकास गर्दै औपचारिक शिक्षालाई समेत मद्दत पुऱ्याउँछ । विद्यमान साक्षरताका कार्यक्रमअन्तर्गत आधारभूत साक्षरता तथा साक्षरोत्तर र आयआर्जनका कार्यक्रम पर्छन् । यसले विशेष गरी महिला शिक्षालाई लक्षित गरेको छ । साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमको सेवाप्रवाह गर्न सामुदायिक सिकाइ केन्द्रको व्यवस्था प्रमुख रणनीतिक कार्यकलापका रूपमा रहेको छ । साक्षरोत्तर र निरन्तर शिक्षामा जोड दिई वर्तमान राष्ट्रिय साक्षरता अभियानलाई यस योजनाले सहयोग पुऱ्याउने छ ।

वि.सं. २०५८ को जनगणनाअनुसार ६ वर्ष र सोभन्दा माथिका १९ मिलियन जनसङ्ख्यामध्ये जम्मा १० मिलियन ( ५४%) मात्र साक्षर छन् । १५+ उमेर समूहको साक्षरता ४४ प्रतिशत थियो । ६+ उमेर समूहका महिला र पुरुषको फरक २२.६ प्रतिशत रहेको थियो (के.त.वि., २०५८) । नेपाल डेमोग्राफिक हेल्थ सर्भे[2], २००६ ले साक्षरता दर[3] तथा लैङ्गिक समतामा सुधार हुँदै गएको सङ्केत गरेको छ ।

नेपाल डेमोग्राफिक हेल्थ सर्भेले महिला साक्षरताले अन्य विकासका सूचकहरूमा उल्लेखनीय प्रभाव पारेको प्रमाणित गरेको छ । साक्षर आमाहरूले थोरै मात्र सन्तान जन्माउँछन् र यी शिशुहरू बाँच्ने पनि बढी सम्भावना रहन्छ । यी साक्षर आमाहरू आफ्ना छोरा र छोरी दुवैलाई विद्यालयमा भर्ना गर्ने गर्छन् । त्यसै गरी साक्षर आमाहरू आर्थिक क्रियाकलापमा पनि संलग्न हुने हुँदा बच्चा, परिवार तथा समुदाय नै यसबाट लाभान्वित हुने हुन्छ । सन् २०१५ सम्ममा आधारभूत शिक्षामा सबैको पहुँच पुऱ्याउने लक्ष्य प्राप्त गर्न महिला साक्षरता कार्यक्रमको प्रावधान मात्र नभई महिला साक्षरता कार्यक्रमलाई आर्थिक कार्यक्रम तथा जनजीविकासँग आबद्ध गर्नुपर्ने कुरा यस सर्भेको नतिजाले स्पष्ट रूपमा सङ्केत गरेको छ ।

## ४.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

- महिला तथा पिछडिएका जनसङ्ख्यालाई विशेष रूपमा लक्षित गरी युवा तथा प्रौढहरूको जीवनोपयोगी सीपको विकास गर्नु र निरन्तर सिकाइको विकासमा सघाउ पुऱ्याउनु ।

**उद्देश्य**

- युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता तथा आधारभूत सक्षमताको विकास गर्नु ।

[2] १५-४९ उमेरसमूह

[3] Nepal Demographic and Health Survey, 2006

## ४.३ अवसर र चुनौतीहरु

**अवसर**

- विश्वव्यापीकरण र बढ्दो बजार अर्थतन्त्रका कारणले गर्दा मानिसहरूले साक्षरतालाई आधारभूत जीविकोपार्जन सीपका रूपमा लिएको ।
- सरकारको निरक्षरता उन्मूलन गर्नतर्फ लक्षित राष्ट्रिय साक्षरता अभियानबाट साक्षरता तथा अनौपचारिक शिक्षाप्रति दृढ राजनीतिक प्रतिबद्धता प्रदर्शित भएको छ ।
- डकार कार्ययोजनाको सर्वसुलभ प्राथमिक शिक्षा विषय तथा सहस्राब्दी विकास लक्ष्यले निरक्षरता उन्मूलन गर्न अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा सहकार्यको आवश्यकता प्रदर्शित भएको छ ।
- बढ्दो सामुदायिक सिकाइ केन्द्र र समुदायमा आधारित संस्था, आमा समूह, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग साझेदारी गर्ने ढाँचाले नव साक्षरता कार्यक्रममा पहुँच र गुणस्तरको अभिवृद्धिका लागि मैत्रीपूर्ण वातावरणको सिर्जना गरेको छ ।

**चुनौतीहरू**

- पिछडिएका र न्यून साक्षरता भएका क्षेत्रका मानिसहरूका लागि साक्षरता तथा जीवनपर्यन्त सिकाइको विस्तार गर्नु मन्त्रालयलाई ठूलो चुनौतीका रूपमा रहेको छ । विविध आवश्यकतालाई सम्बोधन गर्न यी कार्यक्रमका लागि केन्द्रीयस्तरबाट हुने सहयोग अपर्याप्त छ । यसका लागि तथ्याङ्क व्यवस्थापन, स्थानीय तहको योजना, स्रोतको व्यवस्था तथा अनुगमन गर्नेलगायतका काममा स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।
- विगतका अनुभवले के देखाएका छन् भने साक्षरता कार्यक्रमले मानिसहरूको जनजीविकामा सुधार गर्न तथा जीवनस्तर उकास्न प्रत्यक्ष योगदान गर्न सक्दैन । भाषा, संस्कृति, स्थानीय ज्ञान तथा मूल्य पद्धतिलगायतका विविध स्थानीय आवश्यकतासुहाउँदो गरी साक्षरता कार्यक्रमको विकास गर्नु चुनौतीपूर्ण रहेको छ ।
- त्यस्तै, हासिल गरेको ज्ञान तथा सीपलाई भविष्यमा दिगो रूपमा कायम गराउनु पनि साक्षरता कार्यक्रमको चुनौती हो । नव साक्षरहरूलाई निरन्तर सिक्न पाउने अवसरको अभावले उनीहरूलाई पुनः निरक्षर बनाउँछ ।

## ४.४ नीतिनिर्देश

- प्रौढ साक्षरताका लक्ष्य हासिल गर्न अनौपचारिक शिक्षा नीतिले[4] विकेन्द्रीकरण, सशक्तीकरण, निजी क्षेत्र तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको साझेदारीलाई केन्द्रविन्दु बनाएको छ ।
- सबैका लागि शिक्षाका लक्ष्य हासिल गर्न राष्ट्रिय र स्थानीय स्तरमा भएका साझेदारीका ज्ञान र अनुभवलाई सदुपयोग गर्दै साक्षरता तथा जीवनपर्यन्त सिकाइका कार्यक्रमहरूलाई सुदृढ र विस्तार गरिनेछ । साथै साक्षरता तथा साक्षरोत्तर र जीवनपर्यन्त सिकाइका लागि स्थानीयस्तरीय योजनालाई सुदृढ बनाइनेछ ।

[4] अनौपचारिक शिक्षा नीति २०६३, नेपाल सरकार, शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र

## ४.५ मुख्य मुख्य नतिजाहरू

- साक्षर र नवसाक्षरहरू सशक्तीकृत हुने र उन्नत जीवनयापन गर्न सघाउ पुग्ने तार्किक विकल्पसहितको सूचना तथा सीपमा पहुँच पुगेको हुने ।
- उन्नत पद्धतिगत क्षमता तथा संस्थागत सिकाइको अवसर प्राप्त हुने ।
- १,०५० ओटा सामुदायिक सिकाइ केन्द्रको स्थापना भई र सञ्चालन भएको हुने ।
- साक्षरता तथा निरन्तर शिक्षामार्फत् करिब ७,००,००० युवा तथा प्रौढहरूले जीविकोपार्जन सीप हासिल गरेको हुने ।
- स्थानीय भाषामा मातृभाषाका कोर्सहरू लागू गरिने । (पाविकेका अनुभव र स्रोतमार्फत्)

## ४.६ रणनीतिक कार्यकलापहरू

- नयाँ साझेदारहरूको परिचालन र पुरानालाई सुदृढ पार्दै अनौपचारिक शिक्षा नीतिको प्रबोधीकरण र उपयोग गर्ने ।
- सबै स्थानीय सरकारका एकाइहरूले साक्षरता तथा साक्षरोत्तर र जीवनपर्यन्त सिकाइको योजना बनाउने कुरा अनौपचारिक शिक्षा नीतिले परिकल्पना गरेको छ । लक्षित कार्यक्रमहरूले भाषा, संस्कृति, व्यावसायिक सीप तथा आर्थिक अवस्थाजस्ता विविध आवश्यकतालाई सम्बोधन गर्नेछन् । साथै स्थानीय भाषामा मातृभाषाका कोर्सहरू लागू गरिने (पाविकेका अनुभव र स्रोतमार्फत्) छन् । यस्ता क्रियाकलापहरू लागू गर्दा साझेदारीलाई आधार बनाइनेछ ।
- जीवनोपयोगी सीपका तालिम तथा लघु ऋण जस्ता साक्षरोत्तर कार्यक्रमलाई पिछडिएका समूहमा लक्षित गरिनेछ । साथै जीवनपर्यन्त शिक्षाका अवसरहरूलाई औपचारिक शिक्षा पद्धतिसँग समानान्तर रूपमा स्थानीय रूपमा व्यवस्था गरिएको सामुदायिक सिकाइ केन्द्रमार्फत् आबद्ध गरिनेछ ।
- प्रौढ साक्षरता र निरन्तर शिक्षाका लक्ष्य हासिल गर्नका लागि साक्षरोत्तर कार्यक्रममा जोड दिँदै विकेन्द्रीकरण, सशक्तीकरण, तथा निजी क्षेत्र र राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको साझेदारीलाई रणनीतिका रूपमा लिइनेछ ।
- विद्यमान जिल्ला शिक्षा योजना र गाउँ शिक्षा योजनाहरूमा साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमहरू समावेश गरिनेछन् । लक्षित कार्यक्रमहरूले भाषा, संस्कृति, जीवनोपयोगी तथा आयआर्जनका क्रियाकलापजस्ता प्रौढहरूका विविध आवश्यकतालाई सम्बोधन गर्नेछन् ।
- पिछडिएका वर्गलाई लक्षित गर्दै जीवनोपयोगी सीप र लघु ऋण कार्यक्रमलाई एकीकृत गरी साक्षरता कार्यक्रमहरू लागू गरिनेछ ।
- अनिवार्य प्राथमिक शिक्षा तथा साक्षरताअन्तर्गत सबैका लागि शिक्षा तथा सहस्राब्दी विकास लक्ष्य हासिल गर्न राष्ट्रिय साक्षरता अभियानको पूरकका रूपमा साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।
- लक्षित वर्ग, जस्तैः महिला, सीमान्तकृत वर्ग, दलित, पिछडिएको समुदाय, आन्तरिक रूपमा विस्थापित जनता, अपाङ्ग, र एचआईभी/एड्स भएका जनसङ्ख्यालाई योजनाले जोड दिएको छ ।

## ४.७ अनुमानित खर्च

साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमको कार्यान्वयनका लागि कुल रु. ११२७ मिलियन (अमेरिकी डलर १४.०९४ मिलियन) लाग्ने अनुमान गरिएको छ । सरकारले राष्ट्रिय साक्षरता कार्यक्रमका लागि पहिले नै विनियोजन गरिसकेको कार्यक्रम बजेट यस अनुमानभित्र पर्दैन ।

## ४.८ कार्यान्वयन व्यवस्था

**संस्थागत व्यवस्था**
समुदायको सहयोग र सहभागिता वृद्धि गरी साक्षरता र जीवनपर्यन्त सिकाइ कार्यक्रमहरू कार्यान्वयन गर्न विकेन्द्रीकरणको कार्यढाँचा अवलम्बन गरिनेछ । समग्र योजना तथा व्यवस्थापकीय कार्यका लागि स्थानीय सरकारहरूलाई जिम्मेवार बनाइनेछ साथै नतिजा प्रदर्शन गर्नसमेत उत्तरदायी बनाइनेछ । विक्षेसु योजनाअन्तर्गत प्रत्येक जिल्लाले साक्षरताबारे स्पष्ट लक्ष्य किटान गरेको हुनेछ ।

अनौपचारिक शिक्षा साक्षरता अभियानबाट उत्तीर्ण गर्नेहरूले यस कार्यक्रममा सहयोगी हुनेछन् । केन्द्र, जिल्ला तथा इलाका तहका निकायहरूले सिकाइ सामग्री, तालिम र पर्याप्त आर्थिक सहयोगलगायतका प्राविधिक सहयोग उपलब्ध गराउनेछन् ।

**सेवा प्रवाहको संयन्त्र**

- सामुदायिक सिकाइ केन्द्रहरूको विस्तार गरिनेछ तथा सम्भव भएका ठाउँमा सामुदायिक सिकाइ केन्द्र र स्रोतकेन्द्र बीच गहिरो समन्वय कायम गरिनेछ ।
- भ्रातृ सङ्गठनलगायत राजनीतिक, पेसागत तथा सामाजिक समूहलाई साक्षरता कार्यक्रमको कार्यान्वयनमा परिचालन गरिनेछ । निरक्षरता उन्मूलन गर्न सरकारी तथा गैरसरकारी संस्थाका सबै अङ्गबीच समन्वयको सघन प्रयास गरिनेछ ।
- सूचना आदान प्रदान तथा सचेतनाका लागि सम्बन्धित सञ्चार माध्यमको उपयोग गरी राष्ट्रिय तथा स्थानीय तहका साक्षरता अभियानलाई निरन्तर रूपमा सञ्चालन गरिनेछ ।
- महिला, दलित, अल्पसङ्ख्यक जनजाति, तथा अन्य सीमान्तकृत समूहलाई लक्षित गरी साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमलाई एकीकृत गरी आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- स्तरीय साक्षरता परीक्षाको विकास गरी लागू गरिनेछ तथा परीक्षा उत्तीर्ण गरेपछि 'कठिन पहुँचका' लक्षित समूहका लागि प्रोत्साहनका कार्यक्रम लागू गरिनेछ ।
- मातृभाषा माध्यम भएका साक्षरता कार्यक्रमहरूलाई जोड दिइनेछ ।
- स्थानीय तहमा आधार रेखा अध्ययन/अनुसन्धान तथा डाटाबेसको व्यवस्थाले साक्षरता कार्यक्रमको व्यवस्थापन तथा अनुगमनलाई सुधार गर्न आधार प्रदान गर्नेछ ।
- लक्षित समूहका विशेष सिकाइ आवश्यकता परिपूर्ति गर्न सेवा प्रवाहका विविध उपायहरू अवलम्बन गरिनेछ । (रेडियो, टीभी, छापा तथा मौखिक माध्यम)
- स्पष्ट नीतिनिर्देशले केन्द्रीय तथा स्थानीय दुवै तहमा प्रशासन र व्यवस्थापन कार्यको प्रभावकारी कार्यान्वयलाई सबल बनाउनेछ ।

**स्रोतको व्यवस्था**

- केन्द्र सरकारले साक्षरताको लक्ष्य हासिल गर्न आवश्यक पर्ने रकमको उपलब्धताको सुनिश्चितता गर्नेछ भने स्थानीय सरकारले नतिजा प्रदर्शन गर्नका लागि आवश्यक रकमको थप व्यवस्था गर्नेछ । केन्द्र तथा स्थानीय सरकारहरूले आआफ्नो अधिकार क्षेत्रभित्र रही साझेदारी तथा संयुक्त रूपमा कार्य गर्ने उपयुक्त वातावरण निर्माण गर्नेछन् ।

**उत्तरदायित्वको रूपरेखा**

- केन्द्रीय सरकार स्रोतको समतामूलक विनियोजनका लागि उत्तरदायी हुनेछ । स्थानीय सरकारहरू नीति नियम पालन गर्न र नतिजा प्रदर्शन गर्न उत्तरदायी हुनेछन् । कार्यान्वयन गर्ने निकायहरूले स्थानीय सरकारहरूलाई गर्ने नियमित प्रतिवेदनले प्रगतिको अनुगमन गर्न तथा रकम निकासा गर्न आधार प्रदान गर्नेछ ।

## ४.९ कार्यान्वयन तालिका

| **क्रियककलाप**<br>(**के**?) | **जिम्मेवार निकाय**<br>(**को**?) | **प्रक्रिया**<br>(**कसरी** ?) | **समयसीमा**<br>(**कहिले**?) |
|---|---|---|---|
| सामुदायिक सिकाइ केन्द्रको स्थापना | विभाग/अशिके/जिशिका/ नपा/गाविस/ स्थानीय व्यवस्थापन समिति | स्थानीय सरकारको मागका आधारमा जिशिकाले कोटा वितरण गर्ने | २००९/१० |
| साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमहरूको विस्तार र सुदृढीकरण | विभाग/अशिके/जिशिका/ नपा/गाविस/ | - गाशियो र जिशियोका आधारमा विभागले कार्यक्रमहरू वितरण गर्ने ।<br>- सरकारी तथा निजी क्षेत्र र राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय तथा साझेदारी | २००९/१० |
| साझेदारी संयन्त्रलाई सबल पार्न अनौपचारिक शिक्षा नीतिको प्रबोधीकरण | विभाग र स्थानीय सरकारहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | कार्यान्वयन निर्देशिकाका आधारमा | २००९/१० |
| मातृभाषामा साक्षरताका कोर्स विस्तार र लागू गर्ने | विभाग र स्थानीय सरकारहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | - गाशियो र जिशियोका आधारमा विभागले कार्यक्रमहरू वितरण गर्ने ।<br>- सरकारी तथा निजी क्षेत्र र राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय तथा साझेदारी | २०१०/११ |
| - गाशियो र जिशियो निर्माण गर्ने | विभाग/अशिके/जिशिका/नपा/ गाविस/ स्रोतकेन्द्र | आवश्यकता पहिचान तथा विभिन्न तहका सरोकारवालाहरू र विशषेज्ञहरूसँग परामर्श | २००९/१० |
| स्तरीकृत साक्षरता परीक्षाको विकास तथा कार्यान्वयन | अशिके/ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | स्तरीकृत साक्षरता परीक्षाको विकासका लागि निर्देशिकाको विकास | २०११/१२ |
| आधाररेखा अध्ययन /अनुसन्धान र डाटाबेसको स्थापना | विभाग/अशिके/जिशिका | विभागको फ्ल्यास पद्धतिसँग आबद्ध गर्ने | २००९/१० र २०१०/११ |

# परिच्छेद ५: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

## ५.१ परिचय

प्राविधिक र सीपयुक्त जनशक्तिको स्थानीय आवश्यकता परिपूर्ति गर्न शिक्षा मन्त्रालयले विभिन्न प्रकारका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ । विशेष गरी मध्यम तथा निम्नस्तरीय जनशक्ति उत्पादन गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यहरूको समन्वय गरिरहेको छ । नेपाल उद्योग वाणिज्य महासङ्घ, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा अन्य स्थानीय सङ्गठनहरूसँग समन्वय राख्नु पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उत्तरदायित्वभित्र पर्छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले आफ्ना आङ्गिक तथा सम्बन्धन प्राप्त संस्थामार्फत् तालिम कार्यक्रमहरू सञ्चालन गर्छ । मुलुकका ८०,००० युवाहरूलाई लक्षित गरी तालिम दिन रोजगारीका लागि सीप परियोजना लागू भइरहेको छ । विक्षेसु योजनामा यी कार्यक्रम समावेश नभए तापनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत यी कार्यक्रमहरू निरन्तर सञ्चालन हुनेछन् ।

विक्षेसु योजनाले माध्यमिक शिक्षाका साधारण र व्यावसायिक दुवै धारका लागि नीतिनिर्देश गर्छ ताकि सीप विकासका अवसरहरू मुलुकभरि विस्तार हुन सकून् । उपयुक्त मोडेल तथा विधिको पहिचानका लागि यो योजना साधारण व्यवसायिक सीपका विभिन्न अवसरहरू प्रयोग र परीक्षण गर्ने र हाल सञ्चालनमा रहेका कार्यक्रमहरूलाई निरन्तरता दिनेतर्फ लक्षित छ । तर माध्यमिक विद्यालयमा विक्षेसु योजनाको रकम ठूला यन्त्रसाधन खरिद र निर्माण कार्यका लागि व्यहोरिने छैन । माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई कसरी विस्तार गर्ने भनी प्रयोग र परीक्षणबाट प्राप्त अनुभव तथा सिकिएका पाठका आधारमा तय गरिनेछ ।

## ५.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

विद्यालयबाट रोजगारीका क्षेत्रमा स्थानान्तरण गर्नका लागि विद्यार्थीहरूलाई रोजगारीमूलक सीप प्रदान गर्नु र नेपालभित्र, छिमेकी मुलुक र विश्वबजारमा उपलब्ध वृत्तिविकासका अवसरहरूको खोजी गर्न मद्दत गर्नु ।

**उद्देश्य**

माध्यमिक तहका विद्यार्थीहरूमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका साधारण सीप प्रदान गर्नु ।

## ५.३ अवसर र चुनौतीहरू

**अवसरहरू**
सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीति स्वीकृत गरिसकेकाले मुलुकमा यस क्षेत्रको विकासको गोरेटो कोरिएको छ । आ.व २०६५।६६ को नीति तथा कार्यक्रममा युवा स्वरोजगार कोषको व्यवस्था भएबाट मागमा आधारित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमप्रति सरकारको प्रतिबद्धता झल्कन्छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले ट्रेड स्कुल र माध्यमिक विद्यालयमा सञ्चालित एनेक्स कार्यक्रममार्फत् प्राविधिक शिक्षा प्रदान गर्दै आएको छ । यी एनेक्स कार्यक्रमहरूबाट प्राप्त अनुभवहरू सकारात्मक रहेका छन् । राष्ट्रिय कार्यक्रममा यी एनेक्स विद्यालयहरूले उच्च प्राथमिकता पाएका छन् ।

निजी रूपमा व्यवस्थापन गरिएका कतिपय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रहरू सञ्चालनमा आइरहेका छन् । उद्योग वाणिज्य महासङ्घले पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँगको सहकार्यमा केही इलम प्रशिक्षण केन्द्रहरू सञ्चालन गरिरहेको छ । यी क्रियाकलापले साझेदारीको उल्लेखनीय सम्भावना देखाएको, श्रमबजारका सम्भावनाहरू खुला गरेको र कार्यक्रमहरूलाई विस्तार गर्न र सुदृढ गर्न प्रशस्त आधार प्रदान गरेका छन् ।

**चुनौतीहरू**
प्राविधिक शिक्षा तथा व्यावसायिक सीपका लागि बारम्बार परिवर्तन भइरहने बजारको मागले गर्दा मागको सही पहिचान र समय सुहाउँदा सीपको पहिचान गर्ने कार्य चुनौतीपूर्ण हुन गएको छ । त्यसैले आवश्यकता अनुसारका व्यावहारिक र नतिजामुखी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्नका लागि पाठ्यक्रम, यसका प्रक्रिया तथा विधिलाई निरन्तर समीक्षा गर्नुपर्ने देखिएको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तार र सुदृढीकरणका लागि प्राविधिक क्षमता र भौतिक पूर्वाधारसँग सम्बन्धित ठूलो आर्थिक लगानी, आवश्यक छ भने यसमा मेसिन औजार तथा शिक्षकको तयारी पनि आवश्यक छ । विक्षेसु योजनामा यी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका तत्वहरू समावेश गरिएका छैनन् तर सीपमूलक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पूरक व्यवस्थापन यस क्षेत्रमा गरिनेछ ।

## ५.४ नीतिनिर्देश

विक्षेसुको कार्यढाँचाअन्तर्गत विद्यालयको पाठ्यक्रमले प्रत्येक विद्यार्थीको क्षमतासुहाउँदो विकल्पसहित उनीहरूको वृत्ति विकासका लागि मार्ग प्रदर्शन गर्ने गरी सामान्य व्यावसायिक तथा प्रशिक्षण सीप तथा प्राविधिक तथा व्यावसायिक क्षेत्रमा तयारी कोर्सको व्यवस्था गर्नेछ ।

प्राविधिक तथा व्यावसायिक धारसँग शिक्षाको साधारण धारबीच लम्बीय र समतलीय समन्वय कायम गर्दै अनौपचारिक र प्राविधिक शिक्षाका सिकारुहरू औपचारिकमा आउने र औपचारिकतर्फका सिकारुहरू उता जान सक्ने गरी व्यवस्था मिलाइनेछ ।

सरकारले स्वीकृत गरेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीतिअन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले सम्बन्धित अधिकारवाला तथा निकायसँग छलफल गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको योजना, कार्यान्वयन र समन्वय गर्ने कार्यलाई निरन्तरता दिनेछ ।

## ५.५ मुख्य मुख्य नतिजाहरु

- कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा आधारभूत जीवनोपयोगी सीप र व्यावसायिक सीपका प्रारम्भिक विषयवस्तुलाई एकीकृत गरिनेछ ।
- माध्यमिक शिक्षाका लागि सामान्य सीपमा केन्द्रित व्यावसायिक पाठ्यक्रमको विकास गरिनेछ ।
- सामान्य सीपमा केन्द्रित, जस्तैः कला र वाणिज्य सीप, कम्प्युटर सीप आदिमा जोड दिने प्राविधिक/व्यावसायिक विषयहरू नमुना विकासका निमित्त १०० सामुदायिक विद्यालयमा प्रयोग तथा परीक्षण गरिनेछ ।

## ५.६ रणनीतिक कार्यकलाप

**विद्यालयीय पाठ्यक्रममा एकीकृत गर्ने**

व्यावसायिक तथा प्राविधिक शिक्षाका अवधारणाहरू, जस्तैः कला तथा आधारभूत सीपलाई कक्षा ६ बाट सुरु गरी आधारभूत शिक्षाका माथिल्ला तहका पाठ्यक्रममा एकीकृत गरिनेछ ।

**विद्यालयमा प्रयोग/परीक्षण**

माध्यमिक विद्यालयमा हाल चलिरहेका व्यावसायिक विषयवस्तुलाई निरन्तरता दिँदै प्रयोग/परीक्षणका लागि थप विषयवस्तु तथा क्षेत्रहरूको पहिचान गरिनेछ । राष्ट्रिय पाठ्यक्रम प्रारूपअन्तर्गत रही छानिएका विद्यालयमा निम्नलिखित विकल्पहरू प्रयोग/परीक्षण गरिनेछन्:

(क) निजी क्षेत्रका तालिम अवसरहरूको उपयोग गरी कक्षा ९ र १० मा गरी अनौपचारिक एप्रेन्टसीप सञ्चालन,
(ख) कक्षा ११ र १२ मा विज्ञान/प्रविधि, वाणिज्य, कलाको सिकाइ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मार्फत् सञ्चालित कार्यक्रमहरूको निरन्तरता**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मार्फत् सञ्चालित कार्यक्रमहरू, जस्तैः सामुदायिक विद्यालयका एनेक्स, छानिएका जिल्लाका विशिष्टीकृत सीपसहितका ट्रेड स्कुलहरू, सीप विकास तथा तालिम र प्रमाणीकरण कार्यक्रमहरू निरन्तर चल्नेछन् । त्यसै गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मार्फत् रोजगारीका लागि सीप कार्यक्रमले पनि निरन्तरता पाउनेछ । यी सबै विषयहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीतिका कार्यढाँचाअन्तर्गत विकास र कार्यान्वयन गरिनेछन् ।

## ५.७ अनुमानित खर्च

विक्षेसु योजनाअन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमका लागि पाँच वर्षको अनुमानित खर्च अमेरिकी डलर १५.४५ मिलियन रहेको छ । यस अनुमानले पाठ्यक्रमको एकीकरण, विभिन्न तरिकाको ट्रेड र सीप प्रयोग र परीक्षण र करिब १०० सामुदायिक माध्यमिक विद्यालयमा सामान्य सीप लागू गर्ने कुरा समेट्छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गतका चालू र योजनाबद्ध कार्यक्रमका लागि छुट्टै आर्थिक व्यवस्था गरिनेछ ।

## ५.८ कार्यान्वयन व्यवस्था

विक्षेसु योजनाको कार्यढाँचाअन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका विषयवस्तुको कार्यान्वयनका लागि नियमित विद्यालय पद्धति जिम्मेवार हुनेछन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले चालू तथा योजनाबद्ध क्रियाकलापहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीतिअनुरूप निरन्तर रूपमा सञ्चालन गर्नेछ । यस नीतिको सफल कार्यान्वयनका लागि पाविके, शैजविके, प्राशिव्याताप, प्राप्रप्र, शिक्षा विभाग तथा अन्य सम्बन्धित निकायहरूबीच समन्वय गरिनेछ । शिक्षा मन्त्रीको अध्यक्षतामा रहेको शिक्षा नीति निर्धारण समितिले नीतिनिर्देश गर्नेछ तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको समग्र समीक्षा गर्ने कार्यमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको महत्त्वपूर्ण भूमिका हुनेछ ।

## ५.९ कार्यान्वयन तालिका

| | **क्रियाकलाप** (के?) | **जिम्मेवार निकाय** (को?) | **प्रक्रिया** (**कसरी?**) | **समयसीमा** ( **कहिले?**) |
|---|---|---|---|---|
| १. | कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा कला र आधारभूत सीपको एकीकरण | पाविके | पाठ्यक्रम परिमार्जन | २००९/१० |
| २. | -माध्यमिक विद्यालयका लागि पाठ्यक्रम तथा अन्य सहायक सामग्रीको विकास (परीक्षणका लागि) | पाविके | पाठ्यक्रम परिमार्जन तथा सहायक सामग्रीको विकास | २०१०/११ |
| ३. | -माध्यमिक शिक्षाका लागि विभिन्न व्यावसायिक विषयको प्रयोग/परीक्षण<br>- कक्षा ९ र १० मा अनौपचारिक कार्यथलोमै बसेर सिक्ने एप्रेन्टसीप कार्यक्रमहरूको विकास<br>-व्यावसायिक तथा प्राविधिक शिक्षा अन्तर्गत कक्षा ११ र १२ मा सिकाइका तीन ओटा धारका विषयवस्तु लागू गर्ने | पाविके/विभाग/प्राशिव्याताप/उमाशिप/विद्यालय | छानिएका विद्यालयमा व्यवासायिक पाठ्यक्रको प्रयोग/परीक्षण | २०११/१२ |
| ४. | -शिक्षक तयारी तथा विकास | शैजविके/प्राप्रप्र | उपयुक्त तालिम सामग्रीको विकास<br>शिक्षक तालिम सञ्चालन | २००९/१०<br>२०१०/११ |

# परिच्छेद ६: शिक्षकको पेसागत विकास

## ६.१ परिचय

हाल ७१ प्रतिशतभन्दा बढी प्राथमिक तहका शिक्षकहरू स्वीकृत दरबन्दीमा कार्यरत तथा तालिम प्राप्त छन्। त्यस्तै, निमावि र माविमा क्रमशः ५५ प्रतिशत र ७९ प्रतिशत शिक्षकहरू तालिम प्राप्त छन् (फ्ल्यास, २००८) । प्राथमिक तहमा निजी क्षेत्रबाट स्थापना भएका शिक्षक तालिम केन्द्रहरूबाट पूर्वसेवाकालीन तालिम दिलाउने प्रावधान छ भने निमावि र माविका लागि पूर्वसेवाकालीन तालिम विश्वविद्यालयका क्याम्पसहरू (शिक्षाशास्त्र सङ्काय) र उच्च माध्यमिक विद्यालयहरूमार्फत् दिइँदै आएको छ ।

शैजविकेले मुलुकका विभिन्न क्षेत्रमा रहेका आफ्ना शैक्षिक तालिम केन्द्र तथा अन्य तालिम प्रदायक संस्थामार्फत् प्राथमिक तथा माध्यमिक शिक्षकहरूका लागि प्रमाणीकरण तथा पुनर्ताजगी तालिम दिँदै आएको छ । शिक्षण पेसामा आउनका लागि तालिम प्राप्त गर्नु अनिवार्य छ ।

विक्षेसु योजनाले शिक्षकको तयारी तथा विकासलाई उच्च प्राथमिकतामा राखेको छ । शिक्षकहरूको गुणस्तर तथा सक्षमतामा नै शिक्षाको गुणस्तर निर्भर गर्छ । शिक्षकहरूको न्यूनतम योग्यताको स्तरको वृद्धि हुनु हुनुपर्ने भनी प्रस्ताव गरिनुका साथै अनिवार्य तालिम तथा पुनर्ताजगी तालिमका प्रावधानहरूको योजना गरिएको छ ।

## ६.२ लक्ष्य र उद्देश्य

**लक्ष्य**

- विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूमा ज्ञान र सीपको सुनिश्चितता गर्ने ।

***उद्देश्य***

- विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूको योग्यता तथा पेसागत दक्षता अभिवृद्धि गर्ने ।

## ६.३ अवसर र चुनौतीहरु

**अवसर**

- शिक्षक तालिमका लागि दक्षता, गुणस्तर तथा यसको मुलुकभर फैलावटको हिसाबले संस्थागत क्षमताको विद्यमानता छ यसले पूर्वसेवाकालीन तथा सेवाकालीन शिक्षक तालिम तथा विकासका निमित्त दिगोपन तथा लागत प्रभावकारिताको अवसर प्रदान गर्छ ।
- स्वीकृत दरबन्दीमा रहेका ९५ प्रतिशतभन्दा बढी शिक्षकहरूले कुनै न कुनै प्रकारको प्रमाणीकरण तालिम लिइसकेका छन् । गुणस्तर अभिवृद्धिका लागि मागमा आधारित अल्पकालीन अवधिको मोडुलर तालिमको पनि व्यवस्था रहेको छ ।
- शिक्षा विषय लिएर विश्वविद्यालय तथा उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीहरूको बढ्दो आकर्षणले गर्दा बढीभन्दा बढी सक्षम र प्रतिबद्ध व्यक्तिहरूलाई शिक्षक पदमा नियुक्त गर्ने अवसर रहेको छ ।

- शिक्षकहरूको पेसागत समुदायबाट प्राप्त सबल सहयोगले शिक्षकहरूको पेसागत विकासका लागि साझेदारी निर्माण गर्ने उपयुक्त वातावरणको सिर्जना गरिरहेको छ ।

**चुनौतीहरू**

- शिक्षकको व्यवस्थापनका साथै विद्यालयको व्यवस्थापनका लागि विव्यसको बढ्दो भूमिका छ, जसका लागि उनीहरूको क्षमता र प्रतिबद्धताको अभिवृद्धि गरिनुपर्नेछ ।
- माध्यमिक शिक्षा कक्षा ९-१० बाट ९-१२ मा विस्तार भएपछि मानिसहरूको आकाङ्क्षा बढ्ने अपेक्षा गरिन्छ  तथा कक्षा ९-१२ चल्ने थप विद्यालयको सङ्ख्या पनि बढ्नुपर्ने देखिन्छ । यसले गर्दा विभिन्न क्षेत्रमा विशिष्टीकरणसहित शिक्षक तयारीको आवश्यकता पर्नेछ ।
- शिक्षकलाई सहयोग गर्ने प्रावधानका साथै निरन्तर पेसागत विकासका लागि अवसर प्रदान गर्नु चुनौतीपूर्ण रहेको छ ।

## ६.४ नीतिनिर्देश

**शिक्षक व्यवस्थापन**

*नियुक्ति*

- शिक्षक नियुक्ति प्रक्रिया स्थानीय स्तरमा विकेन्द्रित गरिनेछ र शिक्षा मन्त्रालयको निर्देशनअनुसार अध्यापन अनुमति पत्र लिएका व्यक्तिहरू मध्येबाट नियुक्त गरिनेछ । अध्यापन अनुमति पत्रको अभ्यासलाई अझ सुदृढ गरिनेछ ।
- विद्यमान ऐन नियमअनुसार समुदायले व्यवस्थापन जिम्मा लिएका विद्यालयमा विव्यसले नै शिक्षक नियुक्त गर्ने कार्य निरन्तर हुनेछ । अन्य सबै सामुदायिक विद्यालयको शिक्षक व्यवस्थापन गर्ने कार्यमा विव्यसको मुख्य भूमिका हुनेछ । खाली दरबन्दी पूर्ति गर्नुपर्दा महिला, दलित, तथा अन्य पिछडिएका समूहलाई प्राथमिकता दिइनेछ ।

*वृत्तिविकास*

- पेसागत वृत्तिविकासका दुई पाटा हुनेछन्: एउटा आधारभूत तहका शिक्षक र अर्को माध्यमिक शिक्षक । तर आधारभूत तहका उपयुक्त योग्यता भएका शिक्षक पनि माध्यमिक तहका लागि हुने खुला तथा आन्तरिक प्रतियोगितामा प्रतिस्पर्धी हुन पाउनेछन् ।

*न्यूनतम योग्यता*

- शिक्षकका लागि न्यूनतम योग्यताः (क) आधारभूत शिक्षाका लागि शिक्षक तयारी कोर्स लिएको (तालिम प्राप्त) उच्च मावि वा सोसरहको (ख) माध्यमिक तहका लागि शिक्षक तयारी कोर्स लिएको (तालिम प्राप्त) एमएड् वा सोसरहको । तथापि कम योग्यता भएका हाल कार्यरत शिक्षकहरू सम्बन्धित तहका तल्ला कक्षामा पढाउन योग्य नै मानिनेछन् ।

आधारभूत र माध्यमिक दुवै तहका शिक्षकको पेसागत वृत्ति विकासका चार चरण/तह हुनेछन्: नवप्रवेशी, अनुभवी, निपूर्ण, र विशेषज्ञ । विभिन्न सूचकहरू, जस्तैः पूरा समयभरि कार्य गर्ने, ज्येष्ठता, योग्यता, तालिम र विद्यार्थीहरूको उपलब्धिलाई आधार मानी शिक्षकहरूको बढुवा/स्तरोन्नति गर्ने प्रावधान राखिनेछ । आफ्नो योग्यता बढाउनुभन्दा स्वैच्छिक अवकास लिन चाहने शिक्षकका लागि प्रोत्साहनका प्याकेज उपलब्ध गराइनेछ ।

**शिक्षक विकास**

*शिक्षक तयारी कोर्स*

- न्यूनतम शैक्षिक योग्यताका अतिरिक्त एक वर्षे शिक्षक विकास कोर्स ।
- शिक्षक तयारीका लागि निम्नलिखित कार्य गर्न शिक्षक विकास कोर्स सञ्चालन गरिन्छ:
    - बहुकक्षा शिक्षणमा विशिष्टीकरणसहित तल्ला कक्षा (१-३) मा सबै विषय पढाउने र आधारभूत शिक्षा (कक्षा ४-८) मा कम्तीमा तीन विषय पढाउने ।
    - माध्यमिक शिक्षा (कक्षा ९-१२) मा कम्तीमा दुई विषय पढाउने ।
    - बहुकक्षा तथा विशेष शिक्षामा विशिष्टीकरण गरेका शिक्षक तयार गर्ने प्रावधान राखिने ।
- माथिल्लो वा थप योग्यता भएका शिक्षकहरू सम्बन्धित तहमा छिटो बढुवा हुन योग्य हुनेछन् ।

*शिक्षक तथा व्यवस्थापकहरूका लागि तालिम*

- शिक्षक विकासको कार्यका लागि सरकार जिम्मेवार हुनेछ । शिक्षणसिकाइका अभ्यासहरूमा आएका नयाँपनहरूसँग परिचित हुन शिक्षकहरूले प्रत्येक पाँच वर्षमा कम्तीमा एक पल्ट एक महिने सेवाकालीन तालिम लिनुपर्छ ।
- लामो तथा छोटो अवधिबाट प्राप्त तालिमलाई वृत्ति विकाससँग आबद्ध गरी शिक्षकको पेसागत विकास गरिनेछ ।
- प्रधानाध्यापकले तयारी कोर्स लिनुका साथै न्यूनतम योग्यता आधारभूत र माध्यमिक तहमा क्रमश: बीएड् र एमएड् प्राप्त गरेको हुने छ ।

## ६.५ मुख्यमुख्य नतिजाहरु

- शिक्षकहरूलाई पुनर्ताजगी तालिम दिनका लागि ७५० मास्टर प्रशिक्षक तालिम प्राप्त भई सक्षम भएको हुने ।
- शिक्षक तयारी कोर्स र पुनर्ताजगी तालिममार्फत् सबै शिक्षकका पेसागत ज्ञान तथा सीप अद्यावधिक भएको हुने ।
- ४,०५० प्रधानाध्यापकहरूले प्रमाणीकरण तालिम पूरा गरेको हुने ।
- तयारी कोर्सका माध्यमबाट पिछडिएका समूहका ७,००० शिक्षकहरूको क्षमता अभिवृद्धि भएको हुने।

## ६.६ रणनीतिक कार्यकलापहरु

**योग्यता बढाउने कार्यक्रम तथा शिक्षक तयारी**

१० महिने सेवाकालीन र पूर्वसेवाकालीन तालिम लिएका शिक्षकहरूको योग्यता बढाउन कक्षा १२ को विशेष पाठ्यक्रम/शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । तालिम प्रदायक संस्थाहरूलाई प्रतिस्पर्धी र आकर्षक बनाउन राम्रा कोर्सहरू तयार गर्न प्रोत्साहित गरिनेछ । त्यसै गरी पूर्वसेवाकालीन तथा सेवाकालीन शिक्षकहरूलाई लक्षित गर्न शिक्षा शास्त्र सङ्काय (त्रिवि) ले शिक्षक शिक्षण आयोजनाको सहयोगमा विकास गरेका शिक्षक तयार कोर्स तथा योग्यता बढाउने कार्यक्रमलाई निरन्तरता दिनेछ ।

चालू १० महिने सेवाकालीन तालिमको बाँकी रहन गएको भाग पुरा गरी तालिम अप्राप्त सबै शिक्षकलाई तालिम प्रदान गर्न यो तालिमलाई आ.व. २०६६/६७ को प्रथम चौमासिकसम्म निरन्तरता दिने । यस अवधिमा उक्त तालिम पुरा गर्न बाँकी प्राथमिक र माध्यमिक तहमा कार्यरत करिब १०,००० शिक्षकहरूलाई लक्षित गरिनेछ ।

**मागमा आधारित अल्पकालीन अवधिको तालिम**

पाँच वर्षको अवधिभित्र सबै तहका (बालविकासदेखि कक्षा १२ सम्म) शिक्षकहरूका लागि अगुवा/स्रोतकेन्द्रमा मागमा आधारित तथा पुनर्ताजगी शिक्षक तालिमको विकास र कार्यान्वयन गरिनेछ । विक्षेसु योजनाअन्तर्गत शिक्षक तालिम सञ्चालन गर्नका लागि विव्यसहरूलाई आवश्यकताअनुसार रकम उपलब्ध गराइनेछ । योजना अवधिभित्र करिब ५०,००० शिक्षकहरूलाई लक्षित गरिनेछ । यस उद्देश्यका लागि करिब ७५० प्रशिक्षकहरू उत्पादन गरिनेछ ।

**प्रअका लागि प्रमाणीकरण तालिम**

१-३ महिने विद्यालय व्यवस्थापन तथा नेतृत्व विकाससम्बन्धी तालिमको विकास गरी छानिएका प्रअहरूलाई शैताकेमार्फत् तालिम दिइनेछ । तालिम अप्राप्त सबै प्रअहरू यस अनिवार्य तालिमबाट लाभान्वित हुनेछन् (यस्तो सङ्ख्या करिब ४,०५० हुने) ।

**अनुगमन तथा शिक्षकहरूलाई तालिमपश्चात् सहयोग**

व्यावसायिक मापदण्ड हासिल भए नभएको सुनिश्चित गर्न जिल्ला तथा स्थानीय तहको तालिम कार्यक्रम कार्यान्वयनको अनुगमन शैजविकेले गर्नेछ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले नतिजा हासिल भए नभएको तथा प्रणालीले उत्तरदायित्व वहन गर्न सकेनसकेको भनी बाह्य रूपमा आवधिक लेखाजोखा गर्नेछ । अनुगमनबाट प्राप्त नतिजाका आधारमा शिक्षक सहयोगका स्वरुपहरूको विकास गरी शिक्षक मञ्चहरूमार्फत् पठाइनेछ ।

**क्षमता विकासका क्रियाकलापका प्याकेज**

सबै प्रकारमा मोडुलर शिक्षक तालिम, मध्यमस्तरीय व्यवस्थापक र प्राविधिक कर्मचारीहरूलाई दिइने तालिम र विद्यालय तहका लागि विव्यस, विविस, गाविस सदस्यका लागि दिइने तालिमको विकास र कार्यान्वयन गर्न शैताके/अगुवा स्रोतकेन्द्रहरूलाई समृद्ध गराइनेछ । शैजविकेले शैक्षणिक र शैक्षिक व्यवस्थापनका पक्षमा नयाँ ज्ञान तथा सीपको आर्जन गर्नका लागि अध्ययन अनुसन्धान र अन्य क्रियाकलापमा गर्नेछ । यसका लागि लाग्ने खर्चका बारेमा क्षमता विकास खण्डमा चर्चा गरिनेछ ।

**नव नियुक्त शिक्षक तथा कर्मचारीका लागि कार्यअनुभव तालिम**

करिब ६०,००० नव नियुक्त शिक्षक र अन्य शिक्षा अधिकृतहरूका लागि ७-१० दिनको कार्यअनुभव तालिम दिने प्रावधान राखिनेछ । यसका लागि लाग्ने खर्चका बारेमा क्षमता विकास खण्डमा चर्चा गरिनेछ ।

## ६.८ अनुमानित खर्च

शिक्षकको पेसागत विकासका कार्यक्रमको कार्यान्वयनका लागि पाँचवर्षे योजनाअवधि (२०६६/६७ - २०७०/७१) का निमित्त अमेरिकी डलर १०.५५ मिलियन खर्च अनुमान गरिएको छ ।

## ६.८ कार्यान्वयन व्यवस्था

शिक्षा शास्त्र सङ्कायका क्यापसहरू र उच्च माविहरूले शिक्षक शिक्षण आयोजनाद्वारा विकास गरिएको योग्यता बढाउने कार्यक्रम तथा शिक्षक तयारी कोर्सलाई निरन्तरता दिनेछन् । कोर्सहरूमा सहभागी हुने सम्बन्धमा व्यक्ति नै उत्तरदायी हुनेछ ।

अगुवा स्रोतकेन्द्र र स्रोतकेन्द्रहरूले मागमा आधारित अल्पकालीन कोर्सको कार्यान्वयन गर्नेछन् भने विद्यलयहरूलाई उपलब्ध स्रोतको उपयोग गरेर शिक्षकहरूलाई तोकिएका कोर्सहरूमा भाग लिन पठाउने अधिकार हुनेछ । शिक्षकहरूलाई पेसागत सहयोग पुर्‍याउन यी संस्थाहरूको परिचालन गरिनेछ ।

प्रअहरूका लागि शैताकेहरूले १-३ महिने नेतृत्व विकास कोर्स सञ्चालन गर्नेछन्

## ६.९ कार्यान्वयन तालिका

| | **क्रियाकलाप** (**के**?) | **जिम्मेवार निकाय** (**को**?) | **रणनीति** (**कसरी**?) | **समयसीमा** (**कहिले**?) |
|---|---|---|---|---|
| १ | विशेष योग्यता बढाउने कोर्स तथा शिक्षक तयारी कोर्सको कार्यान्वयन | शिक्षा शास्त्र सङ्काय तथा उच्च माध्यमिक विद्यालय | कोर्सहरूमा सहभागी हुने सम्बन्धमा व्यक्ति नै उत्तरदायी हुनेछ ।<br>सरकारले समतामूलक पहुँचका लागि सहयोग गर्ने । | जारी |
| २ | मागमा आधारित अल्पकालीन कोर्सको कार्यान्वयन | शैजविके/शैताके ले कोर्सको विकास गर्ने, अगुवा स्रोतकेन्द्र र स्रोतकेन्द्रहरूले कार्यान्वयन गर्ने, विव्यसले तालिमको छनोट गर्ने | विविध प्रकारका कोर्सहरू दिइने र विव्यसले तीमध्येबाट छनोट गर्ने । | जारी<br>२००९/१०<br>मा सुरु |
| ३ | नेतृत्व विकास कोर्सको कार्यान्वयन | शैजविकेले कोर्सको विकास गर्ने<br>शैताकेले कोर्स चलाउने | आमुन्ने सामुन्ने र परियोजनामा आधारित मिश्रित विधि हुनेछन् । | जारी<br>२००९/१०<br>मा सुरु |
| ४ | शिक्षकहरूलाई तालिमपश्चात्को सहयोग | शैजविकेले पद्धतिको विकास र कार्यान्वयन गर्ने, शैक्षिक गुणस्तर परीक्षण केन्द्रले बाह्य समीक्षा गर्ने | शिक्षकहरूलाई सहयोग गर्न शिक्षक मञ्चहरूको परिचालन गरिने । | जारी<br>२००९/१०<br>मा सुरु |

# परिच्छेद ७ : क्षमता विकास

## ७.१ परिचय

यस परिच्छेदमा विक्षेसु योजनामा निहित सुधारका कार्यक्रमको सफल कार्यान्वयनमा सहजीकरण गर्न आवश्यक पर्ने क्षमता विकासका प्रक्रियाहरू उल्लेख गरिनेछ ।

मानव संसाधन विकास योजना (२००२-००६) ले सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको लक्ष्य हासिल गर्न क्षमता विकास कार्यक्रमलाई अति महत्त्वपूर्ण ठहर गरेको छ । विक्षेसु मूल दस्तावेजले पनि नीति निर्माण, मूल्याङ्कन तथा नीतिलाई कार्यान्वयन गर्ने सबै निकायहरूको क्षमता विकास गर्नु अति आवश्यक भएको कुरा औँल्याएको छ भने आफ्नो भूमिका तथा उत्तरदायित्व वहन गर्न पनि क्षमता अभिवृद्धि हुनु जरुरी छ ।

शैक्षिक सेवा प्रवाह गर्ने सम्बन्धमा देखिएका कार्यसम्पादनका खाडलहरूको लेखाजोखा गर्नु र विक्षेसु योजनाको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त कार्यक्रमको विकास र सञ्चालन गर्नु जटिल कार्य हो । यसका लागि राम्रो कार्यसम्पादन भनेको के हो भन्नेबारेमा एउटा समझदारीको विकास गर्नु र चाहिने सक्षमता/दक्षताको विकास गर्न एउटा कार्ययोजना निर्माण गर्नु आवश्यक छ । यस कार्ययोजनाले संस्थागत, साङ्गठनिक र व्यक्तिगत तहका लागि आवश्यक पर्ने सक्षमता/दक्षतालाई सम्बोधन गर्नुपर्छ । त्यसैले, यो योजना सिकाइउपलब्धिमा सुधार गर्ने दृष्टिकोण राखी प्रभावकारी सेवा प्रवाह गर्नतर्फ लक्षित छ ।

## ७.२ लक्ष्य र उद्देश्यहरु

**लक्ष्य**

- विक्षेसु योजनामा उल्लेख भएका सुधार कार्यहरूको कार्यान्वयन गर्न क्षमता अभिवृद्धि गर्नु ।

***उद्देश्य***

- शिक्षा मन्त्रालयको सेवा प्रवाह पद्धतिको कार्यसम्पादनमा अभिवृद्धि गर्नु तथा सुधारका कार्यक्रमहरूको कार्यान्वयनका लागि क्षमताको विकास गर्नु ।

## ७.३ अवसर तथा चुनौतीहरु

**अवसरहरू**

*नतिजामुखी हुन र क्षमता विकासमा प्रतिबद्धता*

सार्वजनिक सेवा प्रवाहमा दिगो सुधार गर्ने आवश्यक माध्यम क्षमता विकास हो भन्ने मान्यता स्थापित हुनु एउटा महत्त्वपूर्ण अवसर हो । चालू सुधार कार्यक्रमका साथै नतिजामूलक विकासको लागि व्यवस्थापन (एमएफडीआर) का अवधारणा र सिद्धान्तप्रति मन्त्रालयले बारम्बार पूर्ण प्रतिबद्धता व्यक्त गर्दै आएको छ । मन्त्रालयले नतिजामुखी व्यवस्थापनका सिद्धान्तहरूको प्रयोग गर्ने कुरा स्वीकारिसकेकोछ । यो प्रावधानले

उच्च व्यवस्थापनलाई पारदर्शी कार्यसम्पादनको उत्तरदायी ढाँचा विकास गरी सेवा प्रवाहमा आएका सुधारको अनुगमन र मूल्याङ्कन गर्न मदत पुऱ्याउने गरी क्षमता विकासको आवश्यकतालाई आत्मसात्  गरेकोछ ।

*सूचना तथा सञ्चार प्रविधि*

सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा एक दसकदेखि आएको तीव्र विकासले क्षमता विकासका निमित्त नयाँ तथा लागत प्रभावकारी अवस्था सिर्जना गरेको छ । अन्तर्राष्ट्रिय सञ्चारमा गति बढाउने र आवश्यक दस्तावेज र जानकारीहरूमा कर्मचारीहरूको पहुँच सहज बनाउन मन्त्रालयले विकास गरेको सूचना तथा सञ्चार प्रविधि गुरु योजना एउटा उदाहरण हो । आधुनिक सूचना तथा सञ्चार प्रविधिले प्रदान गरेको अवसरबाट मन्त्रालय कसरी लाभान्वित हुनसक्छ भन्नेबारेमा स्पष्ट हुन र रणनीतिको विकास गर्नका लागि धेरै काम गर्नुपर्नेछ ।

*प्राविधिक सहायता*

सेवा प्रवाह गर्ने सन्दर्भमा कहाँ कमी छन् भनी मन्त्रालयले राम्रो समझदारीको विकास गरेपछि पद्धतिगत, साङ्गठनिक र व्यक्तिगत स्तरमा क्षमता विकास गर्ने प्रक्रियामा मन्त्रालयले विकास साझेदारसँग गहिरो सम्बन्ध राख्दै प्राविधिक सहायताको प्रयोग गर्ने अवसर प्राप्त गर्नेछ । तथापि खरिद, प्राविधिक सहायताको व्यवस्थापन र अनुगमन गर्ने कार्यमा नतिजामुखी प्रक्रिया अपनाउनु अनिवार्य छ यो प्रक्रिया आफैँमा क्षमता विकासको सानो आयोजना नै हो ।

*पेसागत सङ्गठन र संस्थागत व्यवस्था*

केही वर्षदेखि मन्त्रालयले ब्याङ्कककको एसियन इन्स्टीच्यूट अफ टेक्नोलोजी (AIT), डेनमार्कको डेनिडा फेलोसिप सेन्टर (DFC), पेरिसको आईआईइपी (IIEP), काठमाडौंको शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड), त्रिविजस्ता अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय सङ्गठन तथा प्राज्ञिक संस्थाहरूसँग पेसागत सम्बन्ध राख्दै आएको छ । यी पेसागत सङ्गठन तथा संस्थाहरूसँगको मन्त्रालयको लामो सम्बन्धले ज्ञान र सीपसम्बन्धी कमीलाई सम्बोधन गर्न लागत प्रभावकारी हुनुका साथै व्यावसायिक सहयोग प्राप्त गर्ने अवसर प्राप्त छ ।

*तथ्यमा आधारित योजनालाई संस्थागत गर्ने*

विद्यालयमा भएका समस्या, तिनका कारण र असरलाई बुझ्न शिक्षा विभागबाट हालै भएका विश्लेषणात्मक कार्यले मन्त्रालयलाई क्षमता विकासका रणनीतिलाई लक्षित गर्ने अवसर प्रदान गरेका छन् । जहाँ विद्यालय स्तरमै सेवा प्रवाहका मापदण्ड र लक्ष्य तोकिएका छन् र उच्च तहमा समेत क्षमता विकासका लागि आधारका रूपमा तिनको समुचित प्रयोग भएको छ । जसबाट उल्लेखनीय नतिजा हासिल हुने देखिएको छ । योजना प्रक्रियामा हाल भएका सुधार कार्यबाट प्राप्त सूचनाहरू हासिल गरी शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा व्यवस्थित गरिएको छ ।

**चुनौतीहरू**

- हाल छलफलमा रहेको राज्यको पुनर्संरचनाअन्तर्गत कर्मचारीतन्त्रका हरेक तहका अधिकार, भूमिका तथा कार्यहरूलाई पुनर्परिभाषित गर्ने अपेक्षा गरिएकाले अनिश्चितताको स्थिति विद्यमान छ । प्रशासन तथा व्यवस्थापनको संरचनालाई परिभाषित गरी यो पूर्ण रूपमा क्रियाशील नभएसम्म क्षमता विकासका आवश्यकताको लेखाजोखा गर्नु अव्यावहारिक हुन्छ ।
- कक्षा १-५ बाट कक्षा १-८ को संरचनामा सरल रूपमा सङ्क्रमण गर्न पर्याप्त पद्धतिगत, निकायगत र व्यक्तिगत क्षमताको आवश्यकता छ । त्यसै गरी निरन्तर रूपमा गुणस्तरीय शैक्षिक सेवामा र सिकाइउपलब्धिमा सुधार गर्नु सबभन्दा ठूलो चुनौतीका रूपमा रहेको छ ।

- क्रमशः तथा निरन्तर रूपमा उच्चस्तरीय सेवा प्रवाह गर्न तथा कक्षा दोहोर्‍याउने र कक्षा छोड्ने दर घटाउन तथा सिकाइउपलब्धिमा उल्लेखनीय सुधार ल्याउन मन्त्रालयको क्षमता विकास हुनु जरुरी छ । तथापि क्षमता विकासका लागि आधाररेखा स्थापित गर्ने, कार्यसम्पादनको कमीको विश्लेषण गर्ने तथा कार्यसम्पादनको यस कमीलाई कम गर्न नतिजामुखी क्षमता विकास योजना तयार गर्ने कार्यले लामो समय लिन सक्छ । यसका लागि सेवा प्रवाहको एउटा छेउ शिक्षकदेखि उच्चस्तरीय व्यवस्थापनको अर्को छेउसम्म पूरै पद्धतिको प्रतिबद्धता तथा स्रोतको व्यवस्थापन हुनु जरुरी छ ।

## ८.४ नीति निर्देश

योजना, कार्यान्वयन, मूल्याङ्कन तथा क्षमता विकासका क्रियाकलापबाट प्राप्त लाभको दिगोपनका लागि शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायहरूको क्षमतालाई सुदृढ पारिने ।

विक्षेसु योजनामा प्रतिविम्बित भएअनुसार शिक्षा क्षेत्रको सुधारका लागि व्यक्तिगत, संस्थागत तथा साङ्गठनिक स्तरमा क्षमता विकास गर्ने ।

विक्षेसु योजनाको क्षमता विकास कार्यक्रमले विद्यालय र स्थानीय स्तरका संस्थालाई लक्षित गर्नेछ । शिक्षाका औपचारिक तथा अनौपचारिक दुवै तौरतरिकामा संलग्न प्रत्यक्ष सेवा प्रदायकहरूको क्षमता विकासमा विशेष जोड दिइनेछ ।

## ८.५ मुख्य मुख्य नतिजाहरू

योजना अवधिभित्र निम्नलिखित मुख्य मुख्य नतिजा हासिल गर्ने अपेक्षा गरिन्छः

- आवश्यक ऐन, नियम, नियमावली तथा निर्देशिकाहरू बनाई सहज संस्थागत रूपरेखाको विकास हुन ।
- साङ्गठनिक अधिकार, संरचना तथा सम्बन्धलाई कार्यसम्पादनसँग जोडिने ।
- तालिम, सचेतना, अनुसन्धान कार्य तथा प्रोत्साहनका कार्यक्रममार्फत् कार्यसम्पादनमा सुधार ल्याउन व्यक्तिगत सक्षमता तथा काम गर्ने अवस्थामा सुधार ल्याइने ।

## ८.६ रणनीतिक कार्यकलापहरू

यहाँ चर्चा गर्न लागिएको रणनीतिक कार्यकलापले नयाँ तथा विद्यमान क्षमता विकास योजनामा सहजीकरण गर्नका लागि नतिजामुखी व्यवस्थापनको कार्यढाँचालाई जोड दिन्छ । क्षमता विकासको कार्यढाँचा स्वीकृत नभएसम्म शिक्षा मन्त्रलयअन्तर्गतका चालू क्षमता विकास कार्यक्रमहरू निरन्तर चल्नेछन् । क्षमता विकासको कार्यढाँचा र निर्देशिका स्वीकृत भएपछि यसको समीक्षा गर्न, आफ्ना क्षमता विकासका योजनालाई अद्यावधिक गर्न र मिलाउन आवश्यक प्राविधिक सहयोगका साथ शिक्षा मन्त्रालयका सबै निकायमा यो उपलब्ध गराइनेछ ।

शिक्षा मन्त्रालयले क्षमता विकासको समग्र रूपरेखा निर्माण गर्नेछ, जसका आधारमा सम्बन्धित निकायहरूले कार्यान्वयन तहको क्षमता विकासको आवश्यकताअनुरूप वार्षिक कार्यान्वयन योजना निर्माण गर्नेछन् ।

शिक्षा मन्त्रालयको समग्र लक्ष्यसँग तादात्म्य हुन र सेवा प्रवाह पद्धतिका विभिन्न तहबीच सामञ्जस्य कायम गर्न प्रक्रिया तथा योजनाहरूले न्यूनतम प्राविधिक गुणस्तरका मापदण्ड पूरा गर्न सकून् भन्ने कुराको सुनिश्चितताका लागि क्षमता विकास योजनाको तयारी तथा कार्यान्वयनको समन्वय तथा सहजीकरण केन्द्रीय स्तरबाट हुनेछ । सम्बन्धित निकायहरूलाई उनीहरूको क्षमता विकास योजनाको तयारी तथा अद्यावधिक गर्ने कार्यमा सहजीकरण गर्नु मन्त्रालयको क्षमता विकासको समन्वयकारी संयन्त्रको प्राथमिक

भूमिका हुनेछ । यस उद्देश्यका लागि आवश्यक पर्ने प्राविधिक विशेषज्ञता तथा आर्थिक स्रोतमा सबै निकायहरूको पहुँच हुनेछ ।

## ७.७ अनुमानित खर्च

विक्षेसु योजनाको पाँच वर्षे क्षमता विकास कार्यक्रमका लागि शिक्षा मन्त्रालयका निकाय तथा विद्यालयको पद्धतिगत क्षमताका लागि अमेरिकी डलर १०.५९ र शिक्षकहरूको पेसागत विकासका लागि अमेरिकी डलर १०.५५ मिलियन गरी कुल खर्च अमेरिकी डलर २१.१४ मिलियन विनियोजित गरिएको छ । विद्यालयको पद्धतिगत क्षमताका लागि अमेरिकी डलर १०.५९ अन्तर्गत अमेरिकी डलर ३.०९ रकम क्षमता विकासकै बजेट लाइनबाट व्यहोरिनेछ भने अमेरिकी डलर ७.५ मिलियनचाहिँ प्राविधिक सहायता र सोझैभुक्तानी व्यवस्थाबाट व्यहोरिनेछ ।

## ७.८ कार्यान्वयन व्यवस्था

माथि चर्चा गरिएका रणनीतिक कार्यकलापहरू निम्नलिखित भूमिका तथा उत्तरदायित्वबाट निर्देशित हुनेछन्।

- प्रत्येक विद्यालय सन् २०१५ सम्ममा आधारभूत न्यूनतम गुणस्तरका मापदण्ड हासिल गर्ने सुनिश्चितताका लागि गुणस्तर वृद्धिको राम्ररी व्याख्या गरी रकमसमेत किटान भएको विद्यालय सुधार योजना तयार गरी कार्यान्वयन गर्न जिम्मेवार हुनेछ ।
- जिल्ला शिक्षा कार्यालय जिल्ला शिक्षा योजनामा समेटिने जिल्लास्तरीय नतिजामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न जिम्मेवार हुनेछन् । जिशिकाहरू स्रोतकेन्द्रले विद्यालयलाई गर्ने सहयोगमा समेत पर्याप्त प्राविधिक र आर्थिक सहयोग पुर्‍याई सहजीकरण गर्न जिम्मेवार हुनेछन् । त्यसै गरी सन् २०१५ सम्ममा विद्यालय क्षेत्र सुधारका लक्ष्य हासिल गर्न जिल्लाभित्रका विद्यालयहरूका गुणस्तरीय मापदण्डको पुनरावलोकन गर्न र मापदण्डभन्दा धेरै पछि परेका र विशेष ध्यानाकर्षण र सघन सहयोग चाहिने विद्यालयहरूको पहिचान गर्न पनि जिल्ला शिक्षा कार्यालय नै जिम्मेवार हुनेछन् ।
- क्षेत्रीय शिक्षा निर्देशनालयहरू सिकाइउपलब्धिमा क्षमता विकास कार्यक्रमले पारेका प्रभावका पूर्व सङ्केतहरूको अनुगमन गर्न जिम्मेवार हुनेछन् । परीक्षा सञ्चालनसम्बन्धी निर्धारित कार्यवाहेक क्षेशिनिले यी कार्यहरू नमुना छनोट आधारमा सञ्चालन गर्ने छ । यसमा सिकाइउपलब्धिको प्रवृत्तिबारे विश्लेषण र प्रतिवेदन गरी गुणस्तरका मापदण्डसँग तुलना गरिने कार्य पर्दछन् ।
- केन्द्रीय निकायहरू आफ्नै नतिजामुखी क्षमता विकासको योजना तयार गर्न र कार्यान्वयन गर्न तथा कार्यसम्पादनमा भएको प्रगतिको अनुगमन र प्रतिवेदन गर्न जिम्मेवार हुनेछन् ।
- शिक्षा मन्त्रालयको क्षमता विकास संयन्त्रले निकायगत र विद्यालयगत क्षमता विकासको रूपरेखा तथा निर्देशिकाको विकास गर्नेछ । यस संयन्त्रले विभिन्न निकायहरूलाई प्राविधिक विशेषज्ञता, ज्ञानको सञ्जाल तथा आर्थिक स्रोतको पहुँच पुर्‍याएर क्षमता विकास योजनाको निर्माण र कार्यान्वयनमा सहजीकरण गर्नेछ । यसका लागि यस्तो संयन्त्रले किफायती तरिकाले क्षमता विकास कार्य सञ्चालन गर्न बैठक तथा छलफलको प्रक्रिया स्थापित गरी विभिन्न निकायबीच समन्वय स्थापित गर्ने छ । साथै यस संयन्त्रले सेवा प्रवाहका सम्बन्धमा सम्बन्धित सेवाग्राहीहरू बाट पृष्ठपोषण लिने उपयुक्त माध्यमको समेत विकास गर्नेछ । अन्त्यमा, यो समन्वय संयन्त्र शिक्षा मन्त्रालयको वार्षिक क्षमता विकास प्रतिवेदन सङ्कलन गर्ने, समीक्षा गर्ने तथा तयार गर्ने काममा समेत जिम्मेवार हुनेछ ।

## ७.९ कार्यान्वयन तालिका

| क्र. सं | क्रियाकलाप (के?) | जिम्मेवार निकाय (को?) | प्रक्रिया (कसरी?) | समय (कहिले?) | क्रियाकलाप (के?) |
|---|---|---|---|---|---|
| १ | ऐन, नियम तथा कार्यान्वयन निर्देशिकाको रूपरेखाको विकास | सुधारका क्रियाकलापलाई अगाडि बढाउन प्रणालीलाई सहयोग गर्न | मन्त्रालय | सरोकारवालाहरू सँग छलफल | जुलाई २००९ |
| २ | साङ्गठनिक र एकाइ स्तरमा कार्यविधिको विकास र अद्यावधिक गर्ने | विद्यालय तहदेखि केन्द्रीय तहसम्म संस्थागत व्यवस्थापनको थालनी गर्न | मन्त्रालय | सरोकारवालाहरू सँग छलफल | जुलाई २००९ |
| ३ | एकाइ/समूह स्तरको जिम्मेवारीको संयन्त्र विकास गर्ने | सबै एकाइ/समूहलाई सुधारका कार्यक्रमको कार्यान्वयनमा जिम्मेवार बनाउन | मन्त्रालय/ विभाग | विभिन्न तहमा एकाइ/समूहसँग सल्लाह | जुलाई २००९ |
| ४ | प्रत्येक व्यक्तिको भूमिका तथा उत्तरदायित्व तोक्ने | प्रत्येक व्यक्तिलाई आफ्नो कर्तव्यप्रति जिम्मेवार र उत्तरदायी बनाउन भूमिका तथा उत्तरदायित्व तोक्ने | मन्त्रालय | विभिन्न तहमा एकाइ/समूहसँग सल्लाह | जुलाई २००९ |
| ५ | सङ्गठन तथा व्यक्तिलाई आवश्यक साधन (हार्डवेयर र सामान्यवेयर) उपलब्ध गराउने | अपेक्षित मापदण्डअनुसार कर्तव्य र उत्तरदायित्व वहन गर्न | मन्त्रालय / विभाग | बजारबाट खरिद गरेर | जुलाई २००९ |
| ६ | तालिम, सचेतना, अनुसन्धान कार्य तथा प्रोत्साहन | प्रणालीका व्यक्तिको क्षमता अभिवृद्धि गर्न | मन्त्रालय र अन्तर्गतका अन्य निकाय | सङ्गठन, संस्था तथा व्यक्तिका अवश्यकता पहिचान गर्ने र आफ्ना विशेष आवश्यकतालाई सम्बोधन गर्ने योजना तयार गर्ने | जुलाई २००९ |

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

अनुगमन तथा मूल्याङ्कनको मुख्य उद्देश्य विद्यालय क्षेत्र सुधार कार्यक्रमले निर्दिष्ट गरेका प्रत्येक सेवा प्रवाहका तहका लक्ष्य तथा उद्देश्यअनुरूपका उपलब्धिहरू पत्ता लगाई ती सूचनाका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी सेवा प्रवाहमा सुधार गर्नु हो । अनुगमन तथा मूल्याङ्कन पद्धतिद्वारा प्राप्त हुने सूचना तथा जानकारीहरूलाई योजना निर्माण र कार्यान्वयन प्रक्रियामा उपयोग गर्न तथा विद्यालय क्षेत्र सुधारको योगदानको लेखाजोखा गरी राष्ट्रिय विकासका उद्देश्य प्राप्त गर्न सकिन्छ ।

अनुगमन तथा मूल्याङ्कनका तीन ओटा मुख्य कार्यहरू: (क) ऐन नियमअनुसार कार्य भएनभएको लेखाजोखा गर्ने, (ख) लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने, (ग) क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीतिगत तथा नीतिगत प्रभावको मूल्याङ्कन गर्ने । उपर्युक्त अनुगमन तथा मूल्याङ्कनका कार्यहरू कार्यसम्पादन सूचकहरू तथा अनुगमन सूचकमा आधारित हुनेछन् ।

सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि  वित्तीय, व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा तथा मूल्याङ्कन गरिनेछ । केन्द्रतहमा शिक्षा मन्त्रालय र शिक्षा विभागले अनुगमन र मूल्याङ्कनका कार्यको समन्वय र सञ्चालन गर्नेछन् । जिल्ला र स्थानीय तहमा जि.शि.का., स्रोतकेन्द्र, विद्यालयहरू र स्थानीय सरकार अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार हुनेछन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्र नामको नयाँ कार्यालयको स्थापना विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट गरिने प्रस्ताव गरिएको छ, जसको कार्यविधि सेवा सर्तमा उल्लेख भएअनुसार हुनेछ । (अनुसूची ८.३ मा हेर्नुहोस्)

## ८.२ लक्ष्य र उद्देश्य

**लक्ष्य**

- कार्यक्रमको अवस्था र उद्देश्यबारे समयमै जानकारी  उपलब्ध गराई तथ्यमा आधारित भई निर्णय गर्ने पद्धतिमार्फत् योजनाको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गर्नु ।

उद्देश्य

- कार्यक्रमको साधन, प्रक्रिया र परिणामको अनुगमन गर्ने र योजनाको प्रभाव मूल्याङ्कन गर्ने ।

## ८.३ नीतिनिर्देश

अनुगमन तथा मूल्याङ्कनले ऐन नियमअनुसार भएनभएको लेखाजोखा गर्ने, प्रगति मापन गर्ने, कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्नेमा जोड दिन्छ । योजनाले सामाजिक परीक्षण, प्रतिफल र प्रभावका लागि बाह्य मूल्याङ्कनलगायत विकेन्द्रित अनुगमन पद्धतिको समेत उपयोग गर्नेछ ।

## ८.४ मुख्य मुख्य नतिजा र अनुगमन सूचकहरु

विक्षेसुअन्तर्गतका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्न मुख्य सूचकहरू (तालिका १.१ हेर्नुहोस्) तथा नतिजा ढाँचा (अनुसूची ११ हेर्नुहोस्) उपयोग गरिनेछ । अनुगमन तथा मूल्याङ्कनका अपेक्षित नतिजाभित्र लक्ष्य तथा उद्देश्यअनुसारका प्रगतिका प्रतिवेदनहरू तथा सिकिएका पाठहरू समावेश हुन्छन् ।

अनुगमन तथा मूल्याङ्कनले निम्नलिखित मुख्यमुख्य नतिजाहरूको परिकल्पना गरेको छः

- अनुगमन तथा मूल्याङ्कन संरचना, भूमिका तथा उत्तरदायित्वको अद्यावधिक प्रतिवेदन ।
- परिमार्जित अनुगमन तथा मूल्याङ्कन प्रणालीमा आधारित अनुगमन तथा मूल्याङ्कन योजना ।
- पर्याप्त मात्रामा मूल्याङ्कन प्रतिवेदनको उत्पादन ।
- सबै विद्यालयहरूले नियमित रूपमा शुद्ध तथ्याङ्क उत्पादन गर्ने ।
- ७५ जिल्लामा जिल्ला शिक्षा योजना तयार भएको ।
- ४८ ओटा अध्ययन प्रतिवेदन तयारी तथा प्रबोधीकरण भएको ।
- ४,००० ओटा गाउँ शिक्षा योजना तयारी र कार्यान्वयन भएको ।
- कार्यक्रम पठाई सोसम्बन्धी प्रबोधीकरणसमेत भएको ।
- सबै विद्यालयहरू समुदायद्वारा व्यवस्थापन भएको ।

### अनुगमन तथा मूल्याङ्कन क्रियाकलापका मुख्य मुख्य नतिजाको सारांश

| मुख्य नतिजा | सोचतालिका तह | आवृत्ति | तथ्याङ्कको स्रोत | जिम्मेवारी |
|---|---|---|---|---|
| ग्राहक सन्तुष्टि आधार रेखा सर्वेक्षण | आधार रेखा | एकपटक (२००९) | सेवाग्राही | शिक्षा मन्त्रालय, ERO |
| संयुक्त अवस्था प्रतिवेदन | मुख्य नतिजा | वार्षिक | विद्यालयहरू, जि.शि.का. | शिक्षा विभाग |
| जिल्लास्तरीय प्रतिवेदन | मुख्य नतिजा | वार्षिक | विद्यालयहरू | जिल्ला शिक्षा कार्यालय |
| फ्ल्यास १ | मुख्य नतिजा र उद्देश्य | वार्षिक | विद्यालयहरू | शिक्षा विभाग |
| फ्ल्यास २ | | वार्षिक | विद्यालयहरू | शिक्षा विभाग |
| निकाय समीक्षा प्रतिवेदन | मुख्य नतिजा (निकायको कार्यसम्पादन) | वार्षिक | सम्बन्धित निकाय | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| विक्षेसु प्रगति समीक्षा प्रतिवेदन | रणनीतिक कार्यकलाप, मुख्य नतिजा, लगानी | वार्षिक | विद्यालयहरू, जिल्ला शिक्षा कार्यालय., निकायहरू | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| विद्यालयस्तरीय आर्थिक परीक्षण प्रतिवेदनको सारांश | मुख्य नतिजा, रणनीतिक कार्यकलाप, मुख्य नतिजा, लगानी | वार्षिक | परीक्षकहरू, विद्यालय परीक्षण प्रतिवेदन | जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग |
| सामाजिक परीक्षण प्रतिवेदनको सारांश | सबै | वार्षिक | जिल्ला शिक्षा कार्यालय, विद्यालय | जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग |
| ग्राहक सन्तुष्टि सर्वेक्षण | मुख्य नतिजा, लगानी | वार्षिक | सेवाग्राही | शिक्षा मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| चौमासिक प्रगति प्रतिवेदन | मुख्य नतिजा र उद्देश्य | चौमासिक | जिल्ला शिक्षा कार्यालयका तथ्यांकहरू | जिल्ला शिक्षा कार्यालय |
| वित्तीय अनुगमन प्रगति | मुख्य नतिजा, लगानी | चौमासिक | जिल्ला शिक्षा कार्यालय | जिल्ला शिक्षा कार्यालयका, शिक्षा विभाग |
| अनुसन्धान अध्ययन | मुख्य नतिजा र उद्देश्य | आवश्यकता अनुसार | सेवा सर्तद्वारा निर्धारण | शिक्षा मन्त्रालय, शिक्षा विभाग |
| सिकाइको राष्ट्रिय उपलब्धि अध्ययन | उद्देश्य | दुई पटक (योजना अवधिमा) | तोकिएको सेवासर्त अनुसार | शिक्षा मन्त्रालय, शिक्षा विभाग |
| नमूना निर्माण अभ्यासको मूल्याङ्कन | मुख्य नतिजा र उद्देश्य | आवश्यकता अनुसार | तोकिएको सेवासर्त अनुसार | शिक्षा मन्त्रालय, शिक्षा विभाग |
| मध्यावधि मूल्याङ्कन | विषयक्षेत्र अथवा सोचतालिका | एकपटक ( मध्यमा) | तोकिएको सेवासर्त अनुसार | शिक्षा मन्त्रालय |
| कार्यक्रम समाप्ति मुल्याङ्कन | विषयक्षेत्र अथवा सोचतालिका | एकपटक (समाप्तिपछि) | तोकिएको सेवासर्त अनुसार | शिक्षा मन्त्रालय |

## ८.४ रणनीतिक कार्यकलाप

अनुगमन तथा मूल्याङ्कनका प्रमुख रणनीतिक कार्यकलापहरू निम्नानुसार हुनेछन् :

**शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार**

उल्लिखित अनुगमन प्रक्रियाका लागि, खास गरी केन्द्र, क्षेत्र तथा जिल्ला तहमा उन्नत व्यवस्थापन सूचनाको आवश्यकता पर्छ । यो कार्य राम्रो शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत् मात्र सम्भव हुन्छ । शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कलाई विद्यार्थी र विद्यालयका लागि काम गर्नेहरूलाई उपलब्ध गराइनेछ । तथ्याङ्कले विद्यालयहरूलाई आफ्नो कार्यसम्पादनको स्तरका बारेमा जानकारी दिनुका साथै विद्यालय सुधार योजना तयारीका लागि समेत जानकारी उपलब्ध गराउनेछ ।

अनुगमन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताले पारदर्शिता तथा जवाफदेहितामा सुधार आउने अपेक्षा गरिन्छ र सूचना सञ्चार प्रविधिको उपयोगले तथ्याङ्क प्राप्त गर्ने समय र यसको गुणस्तरमा वृद्धि गर्छ ।

अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचनाले तथ्यमा आधारित योजना निर्माण र नतिजामुखी व्यवस्थापनका सिद्धान्तहरूलाई सहयोग गर्दछ ।

**क्षमता विकास**

अनुगमन तथा मूल्याङ्कन पद्धति वर्तमान अभ्यासकै जगमा विकास गरिनेछ र अन्तरनिकायहरूको कार्यसम्पादन क्षमता सुदृढीकरणका लागि यसले काम गर्नेछ । नीति तथा रणनीतिहरूको सान्दर्भिकताको नियमित मूल्याङ्कन हुनका लागि मन्त्रालयको क्षमता विकास आवश्यक छ । योजनाको प्रथम वर्षको अवधिमा शिक्षा मन्त्रालयले अनुगमन मूल्याङ्कनको योजना कार्यान्वयनको मस्यौदा अनुसूची ८.१ दिइएको खाकाका आधारमा तयार गर्नेछ ।

विद्यालयलगायत कार्यान्वयनमा संलग्न निकायहरूको हाल विद्यमान साझेदारी व्यवस्थालाई सुदृढ पारिनेछ । विद्यालय र जिल्लादेखि केन्द्रीय तहसम्म प्रतिवेदनका लागि लाग्ने समय र गुणस्तरमा सुधार हुनेछ । केन्द्रतहको सरोकारवालाहरूलाई पृष्ठपोषण दिने तथा सूचनामा पहुँच पुऱ्याउने क्षमतामा सुधार गरिनेछ । विद्युतीय संयन्त्र, जस्तैः डाटाबेस र वेबबेसमार्फत् यो उद्देश्य प्राप्त गरिनेछ । शिक्षा मन्त्रालयले मानव संसाधनको विकास तथा सूचना सञ्चार प्रविधिको दक्षताको नियमित समीक्षा कार्यमा लगानी गर्नेछ । लागत प्रभावकारी रूपमा आवश्यक सूचना हासिल गर्न यसले प्रणालीगत क्षमताको निरन्तर सुधारमा सहयोग पुऱ्याउनेछ ।

**अनुसन्धान र विकासमा साझेदारी**

अनुसन्धान, प्रवर्तन, परीक्षण तथा मूल्याङ्कनका कार्यहरू सञ्चालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको साझेदारी खोजिनेछ । यस्ता साझेदारहरूले विशेष अध्ययनहरू गरी नीति तथा कार्यान्वयन तहका लागि ज्ञान र जानकारीमूलक सूचनाहरू उपलब्ध गर्नेछन् । सबैका लागि शिक्षा कार्यक्रम कार्यान्वयनका अवधिमा सेरिडबाट गरिएका फर्मेटिभ अनुसन्धान तथा अन्य अनुसन्धानका अनुभवले विक्षेसु योजनामा पनि यस्ता क्रियाकलापहरूलाई निरन्तरता दिनका लागि आधार तयार गरेको छ । शिक्षा मन्त्रालयलाई अनुसन्धानमा आधारित जानकारीहरू उपलब्ध गराई नीति निर्धारण गर्नमा सहयोग पुर्याउन फर्मेटिभ अनुसन्धान कार्यलाई निरन्तरता दिइनेछ । शिक्षा मन्त्रालयको सहायता व्यवस्थापनको प्रारूपबाट निर्देशित भई विक्षेसु योजनाका लागि उपलब्ध पुल र ननपुल कोषलाई समन्वयात्मक तरिकाबाट उपयोग गरिनेछ ।

**शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली**

उल्लिखित अनुगमन प्रक्रियाका लागि, खास गरी केन्द्र, क्षेत्र तथा जिल्ला तहमा उन्नत व्यवस्थापन सूचनाको आवश्यकता पर्छ । यो कार्य राम्रो शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत् मात्र सम्भव हुन्छ । शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कलाई विद्यार्थी र विद्यालयका लागि काम गर्नेहरूलाई उपलब्ध गराइनेछ । तथ्याङ्कले विद्यालयहरूलाई आफ्नो कार्यसम्पादनको स्तरका बारेमा जानकारी दिनुका साथै विद्यालय सुधार योजना तयारीका लागि समेत जानकारी उपलब्ध गराउनेछ ।

अनुगमन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताले पारदर्शिता तथा जवाफदेहितामा सुधार आउने अपेक्षा गरिन्छ र सूचना सञ्चार प्रविधिको उपयोगले तथ्याङ्क प्राप्त गर्ने समय र यसको गुणस्तरमा वृद्धि गर्छ ।

अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचनाले तथ्यमा आधारित योजना निर्माण र नतिजामुखी व्यवस्थापनका सिद्धान्तहरूलाई सहयोग गर्दछ ।

**ग्राहक सन्तुष्टिसम्बन्धी सूचना**

सम्बन्धित सेवा प्रदायक निकायहरूको कार्यसम्पादन स्तर र लागत प्रभावकारिता बढाउनका लागि शिक्षा मन्त्रालयले शैक्षिक गुणस्तर परीक्षण केन्द्रमार्फत् आवश्यक तथ्याङ्क र सूचनाका लागि सम्पूर्ण सरोकारवालाहरूसँग सल्लाह गर्नेछ । यसप्रकारको सम्पर्कपछि ग्राहकहरूको तथ्याङ्कीय आवश्यकता पूरा गर्नका लागि तथ्याङ्क सङ्कलन, प्रतिवेदनका साधनहरू तथा ढाँचा, अनुगमन तथा मूल्याङ्कन प्रणालीको संरचना, कार्य तथा उत्तरदायित्वको समीक्षा गरी अद्यावधिक गरिनेछ । ग्राहकहरूको सन्तुष्टिबारेको सूचनाले ग्राहकहरूले शैक्षिक कार्यक्रमहरूलाई कसरी हेर्छन् र मन्त्रालयले प्रदान गर्ने सेवा कस्तो छ भन्नेबारे समझदारीको विकासमा योगदान गर्दछ ।

## ८.६. अनुमानित खर्च

योजना, अनुगमन तथा मूल्याङ्कनका लागि एउटै शीर्षकमा एकमुष्ट रकम व्यवस्था गरिएको र आगामी पाँच वर्षका लागि अमेरिकी डलर ३९.२१ मिलियन अनुमान गरिएको छ ।

## ८.७ कार्यान्वयन व्यवस्था

- सूचकहरूका साथ लक्ष्य, उद्देश्य र मुख्यमुख्य नतिजाको तहमा एउटा अनुगमन योजनाको विकास हुनेछ । योजनाको खाका अनुसूची ८.१ मा उपलब्ध गराइएको छ ।
- विद्यालय तहमा विद्यालयहरू अनुगमन तथा प्रतिवेदन गर्न संस्थागत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत जिम्मेवार हुनेछन्, जस्तैः विद्यालय तहका शैव्यसूप (EMIS) प्रतिवेदन तयारी गर्ने र स्रोतकेन्द्रमा पेस गर्ने, आर्थिक तथा सामाजिक परीक्षण गर्ने । विद्यालय व्यवस्थापन समितिले यी क्रियाकलाप सञ्चालन गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।
- स्रोतकेन्द्र तहमा स्रोतव्यक्तिहरूले विद्यालयतहको शैव्यसूप तथ्याङ्क सङ्कलन, सङ्गठन, प्रतिवेदन र सामाजिक परीक्षणका प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा बुझाउनेछन् ।
- जिल्ला तहमा जिल्ला शिक्षा कार्यालयहरू शैव्यसूप तयारीका लागि तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र प्रगति प्रतिवेदन त्रैमासिक र वार्षिक रूपमा तयार गरी क्षेत्रीय शिक्षा निर्देशानालय र शिक्षा विभागमा पठाउन जिम्मेवार हुनेछन् ।

- क्षेत्रीय तहमा क्षे.शि.नि.हरू कार्यान्वयनको प्रगति प्रतिवेदन र अनुगमन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछन् र जिल्लाहरूको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नेछन् ।
- शिक्षा विभाग प्रगति, कार्यसम्पादन तथा प्रभावसँग सम्बन्धित जिल्लास्तरीय तथ्याङ्क तथा प्रतिवेदनहरूको सङ्कलन, प्रशोधन र विश्लेषण गर्न र आवश्यकताअनुसार फ्ल्यास १ र २ प्रतिवेदनहरू तयार गर्न, अवस्था प्रतिवेदन तयार गर्न, वित्तीय अनुगमन प्रतिवेदन तयार गर्न जिम्मेवार हुनेछ ।
- मानक र मापदण्डका आधारमा विभिन्न तहका निकायहरूको बाह्य मूल्याङ्कन गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना हुनेछ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वार्षिक प्रगति प्रतिवेदन शिक्षा नीति निर्धारण समितिमा प्रस्तुत गर्नेछ । त्यसलाई अन्त्यमा सार्वजनिकसमेत गरिनेछ । शैक्षिक गुणस्तर परीक्षण केन्द्र र शिक्षा नीति निर्धारण समितिको संरचना तथा कार्यविधि अनुसूची ८.२ र ८.३ मा दिइएको छ ।
- शिक्षा मन्त्रालयले आवधिक रूपमा कार्यक्रम कार्यान्वयनको प्रगतिको समीक्षा गर्नेछ । शिक्षा मन्त्रालयले अनुसन्धानमा आधारित तथ्यका आधारमा नीति निर्माण र सेवा प्रवाह प्रणालीमा सुधार ल्याउन नियमित रूपमा अध्ययन, अनुसन्धान र सर्वेक्षण (जस्तैः नीतिगत अध्ययन, राष्ट्रिय उपलब्धि अध्ययन) गराउनेछ । राष्ट्रिय योजना आयोगले  विकास आयोजनाहरूले लिएका लक्ष्यको प्रगति अनुगमन र मूल्याङ्कनलाई निरन्तरता दिनेछ, विद्यालय क्षेत्र सुधार योजना यस प्रक्रियाको अभिन्न अङ्ग हुनेछ ।
- विकेन्द्रीकरण नीतिलाई ध्यान दिँदै माथि उल्लिखित भूमिका तथा उत्तरदायित्वहरूको नियमित रूपमा समीक्षा र अद्यावधिक गरिनेछ । योजना बनाउने, कार्यान्वयन गर्ने र अनुगमन तथा प्रतिवेदन गर्ने क्रियाकलापहरू सञ्चालन गर्न  स्थानीय सरकारको क्षमता विकास गरिनेछ ।

## ८.८ कार्यान्वयन तालिका

| क्र सं | क्रियाकलाप (के?) | जिम्मेवार निकाय (को?) | प्रक्रिया (कसरी?) | समय (कहिले?) | क्रियाकलाप (के?) |
|---|---|---|---|---|---|
| १. | कार्यप्रक्रियाको मूल्याङ्कन गर्ने र सेवा प्रवाहमा सुधार ल्याउन वर्तमान योजना, अनुगमन र व्यवस्थापन सूचना प्रणालीको प्रयोग गर्ने | सङ्कलित तथ्याङ्क र सूचनाले प्रयोगकर्ताको आवश्यकता पूरा गर्न सक्छन् कि सक्दैनन्, गुणस्तरीय, सान्दर्भिक र ठीक समयमा सूचना प्राप्त हुन्छन् कि हुँदैनन्, उच्च व्यवस्थापनलाई निर्णय गर्न सूचनाले सहयोग गर्छन् गर्दैनन् भन्ने कुराको पहिचान गर्न | शिक्षा मन्त्रालय, विभाग र अनुगमन तथा मूल्याङ्कन शाखाहरू | निकाय र प्रयोगकर्ताहरूले उत्पादन गरेका जानकारी र तथ्याङ्कहरूको स्वरूप निर्धारणमा सहयोग पुर्‍याउने सङ्गठित प्रश्नावली | जुलाई-सेप्टेम्बर २००९ |
| २. | अनुगमन मूल्याङ्कनको संरचना, भूमिका तथा दायित्वलाई अद्यावधिक गर्न कार्यान्वयन योजना निर्माण | अनुगमन तथा मूल्याङ्कन सेवाको सान्दर्भिकता, प्रयोग, लागत सक्षमता र लागत प्रभावकारितामा सुधार गर्न | शिक्षा मन्त्रालय, विभाग र अनुगमन तथा मूल्याङ्कन शाखाहरू | अद्यावधिक योजनाको स्वीकृति तथा स्रोतको परिचालन | अक्टोबर २००९ |
| ३. | -विद्यालय क्षेत्र सुधार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यान्वयन योजना निर्माण | सबै तहमा तथ्यमा आधारित निर्णयको सुनिश्चितताका लागि सार्वजनिक स्रोतसाधनको उपयोगमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धिका लागि योगदान गर्न | शिक्षा मन्त्रालय, विभाग र अनुगमन तथा मूल्याङ्कन शाखाहरू | स्रोतको व्यवस्थापनका लागि उच्च अधिकारी तथा आर्थिक शाखासँग समन्वय र सम्पर्क | नोभेम्बर २००९, जनवरी २०१० |

# परिच्छेद ९ः वित्तीय व्यवस्था

## ९.१ परिचय

सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम र शिक्षक शिक्षण आयोजनाजस्ता प्रमुख कार्यक्रमहरूबाट सिकिएका पाठहरूले विक्षेसु योजनाका लागि वित्तीय व्यवस्था गर्ने आधार प्रदान गरेका छन्। विद्यालय तहमा आवश्यकताका आधारमा स्रोतको विनियोजन गरी सहभागिता तथा स्वामित्वमा वृद्धि गर्न विद्यालय सुधार योजनामा आधारित आर्थिक व्यवस्था समेतले यस योजनाका लागि वित्तीय व्यवस्थापन गर्न महत्त्वपूर्ण अनुभव प्रदान गरेको छ । कार्यसम्पादनमा आधारित वित्तीय व्यवस्थापन अर्को प्रमुख कार्यक्रम हो, जसले विद्यालयको सक्षमता बढाउन सकारात्मक वातावरणको सिर्जना गरेको छ । दलित, अपाङ्ग तथा छात्राजस्ता लक्षितवर्गमा केन्द्रित कार्यक्रमले शिक्षामा समताको प्रवर्धनमा उल्लेखनीय नतिजा प्रदर्शन गरेको छ । विद्यालयमा गरिने सामाजिक परीक्षणले आर्थिक व्यवस्थापनमा उत्तरदायित्व र पारदर्शिता अभिवृद्धि गर्न योगदान दिएकोछ । नेपालको शिक्षा क्षेत्र गतिशील र सुधारोन्मुख भइरहेको परिप्रेक्ष्यमा स्रोतको व्यवस्था गर्न र कार्यक्रमलाई सुदृढ गर्न मार्गदर्शन गर्ने प्रभावकारी योजना-साधनका रूपमा वार्षिक रणनीतिक कार्यान्वयन योजना (ASIP) प्रमाणित भएको छ ।

दातृ निकायहरू सँग भएको संयुक्त वित्तीय प्रबन्ध (JFA) ले वित्तीय अनुगमन र प्रतिवेदनसँग सम्बन्धित कुराहरूको सुदृढीकरण र समन्वयका लागि एउटा विस्तृत रूपरेखा प्रदान गरेको छ । विक्षेसु योजना सबैका लागि शिक्षा अन्तर्गतको संयुक्त वित्तीय प्रबन्धको कार्यान्वयनको अनुभवको जगमा विकास गरिएको हो ।

विक्षेसुका लागि स्रोतको व्यवस्था सरकारको प्रतिबद्धता तथा लगानीको आकारमा आधारित हुन्छ । यो योजना राष्ट्रिय बजेटको हालकै स्तरको अंशलाई अनुसरण गर्छ र सन् २०१३/१४ सम्ममा १८.६ प्रतिशतमा वृद्धि हुने अनुमानमा आधारित छ । विक्षेसु योजनाले प्रस्तावित खर्चलाई धान्न कुल गार्हस्थ उत्पादनमा वार्षिक ३.८ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ ।

विक्षेसु योजनाले खर्च धान्ने क्षेत्र पहिल्याउनुका साथै सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम र शिक्षक शिक्षण आयोजनाजस्ता कार्यक्रमका उत्कृष्ट अभ्यासहरूलाई निरन्तरता दिनेछ । थप खर्च धान्नका लागि गाविस, नपा तथा जिविसजस्ता स्थानीय सरकारबाट प्राप्त हुने स्रोतको परिचालन गर्नुपर्छ । तर स्थानीय सरकारहरू पूर्णरुपमा क्रियाशील नभएसम्म विद्यमान प्रशासन तथा व्यवस्थापन पद्धति तथा स्रोतको व्यवस्थापन निरन्तर हुनेछन् ।

खर्च गर्ने हालको क्षमतामा सुधार ल्याउनु एउटा चुनौतीका रूपमा रहेको छ । यस्तो क्षमतामा सुधार ल्याउनका लागि स्थानीय सहभागिता तथा स्वामित्वलाई प्रोत्साहित गर्दै कार्यसम्पादनमा आधारित व्यवस्थापनको अवलम्बन गरिनेछ । पारदर्शिता र उत्तरदायित्व बढाउन विद्यालय तथा समुदायमा सामाजिक परीक्षणलाई अनिवार्य गराइनेछ । साक्षरता/नवसाक्षरता र जीवनपर्यन्त सिकाइ, बालविकास तथा छात्रवृत्तिजस्ता कार्यक्रमहरूको कार्यान्वयनका लागि समयमै रकम उपलब्ध हुने कुराको सुनिश्चितताका लागि जिविसमार्फत् गाविसलाई सीधै रकम दिइनेछ ।

शिक्षा क्षेत्रको विकासका लागि साझेदारी तथा स्थानीय स्रोत परिचालनलाई विक्षेसु योजनाको प्रमुख दिगो एजेन्डाका रूपमा लिइन्छ । विद्यालयको आर्थिक व्यवस्थापनमा स्थानीय सरकार तथा विद्यालय समुदायको प्रमुख भूमिका हुन्छ । केन्द्रीय सरकारले आफ्नो अंश प्रदान गर्ने ग्यारेन्टी गर्छ । गैरसरकारी संस्था, समुदायमा आधारित संस्था तथा अन्य स्वयंसेवी संस्थाहरूलाई साझेदारीको यस प्रक्रियामा ल्याउन विद्यमान व्यवस्था तथा निर्देशिकाको प्रयोग गरिनेछ ।

## ९.२ विक्षेसु योजनामा स्रोत व्यवस्था

नेपाल सरकारले रकमको व्यवस्था गर्न सक्ने अनुमानका आधारहरू (क) कुल गार्हस्थ उत्पादन (ख) अनुमानित कुल गार्हस्थ उत्पादनको प्रतिशतका आधारमा वार्षिक बजेट (ग) कुल अनुमानित बजेटको शिक्षा क्षेत्रको अंश (घ) कुल अनुमानित बजेटको आधारभूत तथा प्राथमिक र माध्यमिक उप क्षेत्रको अंश । कुल गार्हस्थ उत्पादनका आधारमा उच्च, मध्यम र निम्न गरी तीन स्थितिमा सरकारी बजेटको उपलब्धतालाई अनुमान गरिएको छ । विक्षेसुमा रकमको व्यवस्था गर्न ठीक्क किसिमको वृद्धिदरलाई आधार मानी मध्यम स्थितिलाई प्रयोग गरिएको छ । कुल गार्हस्थ उत्पादनको वृद्धिदरको अनुमानलाई तीन विभिन्न स्थितिमा तल तालिका ९.१ मा देखाइएको छ ।

तालिका ९.१ कुल गार्हस्थ उत्पादन र विक्षेसुको बजेटको अंश

| | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | ०९/१० | १०/११ | ११/१२ | १२/१३ | १३/१४ | ५ बर्षको जम्मा |
| **कुल ग्राहस्थ उत्पादन (रु अरबमा)** | १०४६ | ११३८ | १२३८ | १३४७ | १४६६ | **६२३५.११** |
| कुल ग्राहस्थ उत्पादन वृद्धि | ३.८% | ३.८% | ३.८% | ३.८% | ३.८% | |
| कुल ग्राहस्थ उत्पादनमा सरकारको योगदान | २७% | २७% | २६% | २६% | २५% | |
| कुल बजेटमा शिक्षाको अंश | १६.६% | १७.१% | १७.६% | १८.१% | १८.६% | |
| शिक्षा क्षेत्रको सरकारी बजेटमा बिक्षेसुको अंश | ८५% | ८५% | ८५% | ८५% | ८५% | |
| **अनुमानित बजेट (रु.अरबमा)** | | | | | | |
| कुल राष्ट्रिय बजेट | २८२.४ | ३०७.३ | ३२१.९ | ३५०.३ | ३६६.४ | **१६२८.३** |
| शिक्षा क्षेत्रको बजेट | ४६.८ | ५२.४ | ५६.६ | ६३.४ | ६८.३ | **२८७.४** |
| बिद्यालय क्षेत्र सुधारको बजेट | ३९.८ | ४४.५ | ४८.१ | ५३.९ | ५८.१ | **२४४.४** |
| **अनुमानित बजेट (अमेरिकी डलर दस लाख)** | | | | | | |
| जम्मा बजेट | ३५३०.३ | ३८४०.९ | ४०२४.१ | ४३७८.३ | ४५८०.३ | **२०३५३.९** |
| शिक्षा क्षेत्रको बजेट | ५८४.६ | ६५५.१ | ७०७.० | ७९२.३ | ८५३.७ | **३५९२.७** |
| बिद्यालय क्षेत्र सुधारको बजेट | ४९६.९ | ५५६.९ | ६००.९ | ६७३.४ | ७२५.६ | **३०५३.८** |
| **उपलब्ध हुने बजेट (अमेरिकी डलर दस लाख)** | | | | | | |
| सरकारबाट प्राप्त हुने बजेट | ३१०.६ | ३५०.१ | ३९७.५ | ४४८.३ | ४९५.० | **२००१.५** |
| दातृनिकायबाट उपलब्ध हुने बजेट | १२०.० | १२२.४ | १२४.८ | १२७.३ | १२९.९ | **६२४.५** |
| जम्मा | ४३०.६ | ४७२.५ | ५२२.४ | ५७५.७ | ६२४.९ | **२६२६.०** |
| बिद्यालय क्षेत्र सुधार योजनाका लागि आबश्यक बजेट र उपलब्ध बजेट बीचको फरक | ०.० | ०.० | ०.० | ०.० | ०.० | **०** |
| बित्तीय क्षमताबाट उपलब्ध हुन सक्ने तर बिद्यालय क्षेत्र सुधार कार्यक्रममा समाबेश नगरिएको बजेट | ६६.३ | ८४.४ | ७८.६ | ९७.८ | १००.७ | **४२७.८** |

**उपलब्ध स्रोतको अनुमान**

योजनाअवधिभरमा विद्यालय क्षेत्रका लागि शिक्षा बजेटको करिब ८५ प्रतिशत रकम विनियोजन गर्दै शिक्षा क्षेत्रमा राष्ट्रिय बजेटको हालको १७ प्रतिशत बजेटबाट १८.६ प्रतिशतमा वृद्धि गर्ने र क्रमशः २० प्रतिशतमा पुर्‍याउने आर्थिक प्रारूपमा सहमति भएको छ ।

यस प्रारूपले विक्षेसु योजनामा हालको मूल्यका आधारमा अनुमान गरी आ.व. २०७०/७१ (2013/14) मा शिक्षामा राष्ट्रिय बजेटको हालको अंश १७ प्रतिशत बजेटबाट १८.६ प्रतिशतमा वृद्धि गर्ने अनुमान गरेको छ। माथिको अनुमानका आधारमा शिक्षा बजेट र विक्षेसु योजनाका निमित्त लाग्ने बजेट तालिका ९.१ मा हिसाब गरिएको छ ।

## ९.३ विक्षेसु योजनाका लागि स्रोतको आवश्यकता

**विक्षेसु योजनाका लागि बजेट अनुमान**

तालिका ९.२ मा विक्षेसु योजनाका लागि कार्यक्रम विकास खर्च र चालू खर्च प्रस्तुत गरिएको छ । पाँच वर्षे अवधि ०६६/६७ देखि ०७० /७१ (सन् 2009/10 E]Iv 2013/14) का लागि विक्षेसु योजना कार्यान्वयन गर्न अमेरिकी डलर २६२६.०१ मिलियन आवश्यक पर्ने अनुमान गरिएको छ । कुल अनुमानमध्ये विकास कार्यका लागि अमेरिकी डलर ५३९ मिलियन र चालू खर्चका लागि २०८७ मिलियन अमेरिकी डलर आवश्यक पर्ने अनुमान गरिएको छ । खर्च गर्ने आधारको विवरण र खर्च अनुसूची ९.१ मा दिइएको छ ।

तालिका ९.२ विक्षेसु योजना बजेट (मध्यम स्थिति)

| | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | ०९/१० | १०/११ | ११/१२ | १२/१३ | १३/१४ | ०९/१०-१३/१४ |
| विकास बजेट (रु.दस लाखमा) | ७,१७४ | ७,७३९ | ८,६४८ | ९,५९२ | १०,००१ | ४३,१५४ |
| चालु बजेट (रु.दस लाखमा) | २७,२७५ | ३०,०५९ | ३३,१४२ | ३६,४६० | ३९,९९२ | १६६,९२७ |
| जम्मा (रु.दस लाखमा) | ३४,४४९ | ३७,७९८ | ४१,७९० | ४६,०५३ | ४९,९९२ | २१०,०८१ |
| विकास बजेट (अमेरिकी डलर दस लाख) | ८९.६७ | ९६.७३ | १०८.१० | ११९.९१ | १२५.०१ | ५३९.४२ |
| चालु बजेट (अमेरिकी डलर दस लाख) | ३४०.९३ | ३७५.७४ | ४१४.२७ | ४५५.७५ | ४९९.९० | २०८६.५९ |
| जम्मा (अमेरिकी डलर दस लाख) | ४३०.६१ | ४७२.४७ | ५२२.३७ | ५७५.६६ | ६२४.९१ | २६२६.०१ |

विकास र चालू खर्चका विषयअनुसारको बाँडफाँड र अनुमानका आधारहरू अनुसूची ९.१ मा दिइएको छ ।

## ९.४ विक्षेसुको वित्तीय योजना

तालिका ९.३ मा विक्षेसुको वित्तीय योजना दिइएको छ । पाँच वर्षका लागि लाग्ने कुल बजेटमध्ये सरकारले सालाखाला करिब अमेरिकी डलर २००२ मिलियन व्यहोर्नेछ । सोही अवधिका लागि विकास साझेदारहरूको हिस्सा सालाखाला करिब अमेरिकी डलर ६२४ मिलियन हुनेछ ।

तालिका ९.३ आर्थिक स्रोत (अमेरिकी डलरमा)

| | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| अमेरिकी डलर (दस लाखमा) | ०९/१० | १०/११ | ११/१२ | १२/१३ | १३/१४ | ०९/१० -१३/१४ |
| सरकार | ३१०.६ | ३५०.१ | ३९७.५ | ४४८.३ | ४९५.० | २,००२ |
| विकास साझेदारहरू | १२०.० | १२२.४ | १२४.८ | १२७.३ | १२९.९ | ६२४ |
| अन्य स्रोतहरू | ०.० | ०.० | ०.० | ०.० | ०.० | ० |
| जम्मा | ४३०.६ | ४७२.५ | ५२२.४ | ५७५.७ | ६२४.९ | २६२६.० |

**पुलमा रहेका विकास साझेदारहरूको योगदान**

विकास साझेदारहरूले संयुक्त वित्तीय प्रबन्ध (JFA) मार्फत् बजेट सहयोग गर्ने अपेक्षा गरिन्छ । विकास साझेदारहरूबाट हुने बजेट सहयोग दुई पक्षीय सम्झौताअनुरूप रातो किताबमा प्रतिविम्बित हुनेछ । विक्षेसु योजनाको कुल वित्तीय योजनामा बाह्य वित्तीय सहयोग करिब २४ प्रतिशत हुने परिकल्पना गरिएको छ । प्रत्येकले गर्ने योगदान विकास साझेदारहरूसँगको छलफलपछि उल्लेख गरिनेछ

तालिका ९.४ विकास साझेदारहरूले गर्ने योगदान (प्रतिशतमा)

| | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | ०९/१० | १०/११ | ११/१२ | १२/१३ | १३/१४ | ०९/१० -१३/१४ |
| सरकारको लगानी/योगदान | ७२.१ | ७४.१ | ७६.१ | ७७.९ | ७९.२ | ७६.२ |
| विकास साझेदारहरको लगानी/योगदान | २७.९ | २५.९ | २३.९ | २२.१ | २०.८ | २३.८ |
| अन्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ० |

विकास साझेदारहरूको योगदानलाई विक्षेसु कार्यक्रमलाई सुदृढ पार्न र विस्तार गर्न संयुक्त वा छुट्टाछुट्टै रूपमा परीक्षण, प्रवर्तनात्मक कार्य तथा अनुसन्धान आदि कार्यमा उपयोग गरिनेछ । पुलिङ साझेदारहरूमा एसियाली विकास बैङ्क, अष्ट्रेलियन एड, डेनमार्क, युरोपेली सङ्घ, डीएफआईडी, फिनल्यान्ड, नर्वे, युनिसेफ, विश्व बैङ्क रहेका छन् ।

**पुलबाहिरका विकास साझेदारहरूको योगदान**

पुलबाहिरका विकास साझेदारहरूलाई पनि उल्लेखनीय रूपमा विक्षेसु योजनामा योगदान गर्न कार्यक्रम ल्याइनेछ । पुलबाहिरका विकास साझेदारहरूबाट हुने क्षेत्रसहयोग स्रोत किताबमा उल्लेख भएबमोजिम दुईपक्षीय सम्झौतामार्फत् हुने परिकल्पना गरिएको छ । ननपुलिङसाझेदारहरूमा जापान, विश्व खाद्य कार्यक्रम, युनेस्को, संयुक्त राष्ट्र जनसङ्ख्या कोष, युएनडीपी, युएसएड, अन्तर्राष्ट्रिय तथा र राष्ट्रिय गैरसरकारी संस्थाहरू आदि रहेका छन् ।

**अन्तर्राष्ट्रिय तथा र राष्ट्रिय गैरसरकारी संस्थाहरूको योगदान**

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूको योगदान साक्षरता/नवसाक्षरता, बालविकास, बहुभाषी शिक्षा, विशेष शिक्षा, सचेतना तथा क्षमता विकासजस्ता कार्यहरूमा उपयोग गरिनेछ । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगको प्रारूप तयार गरी समझदारी पत्रमा हस्ताक्षर गरिनेछ । अन्तर्राष्ट्रिय तथा र राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई उनीहरूको सहयोगलाई चालू खर्च बाहेकका र पटके खालको रूपमा विकास गर्न प्रोत्साहित गरिनेछ । हाल जसले चालू खर्चका रूपमा सहयोग गरिरहेका छन्, त्यसलाई विस्तारै घटाउँदै लगिनेछ ।

**समुदायको योगदान**

समुदायले खर्च व्यहोर्ने सम्बन्धमा त्यस्तो रूपरेखा परिभाषित भएको छैन, तथापि योगदान गर्ने परम्परा स्थापित भइसकेको छ । स्थानीय समुदाय चालू खर्चमा योगदान गरी श्रमदान, सामग्री, आर्थिक सहयोग गरेर विद्यालय भवन निर्माण तथा मर्मतमा सहभागी हुन्छन् । यस अभ्यासलाई निरन्तरता दिँदै विकास खर्चमा लागत साझेदारीको उपाय अपनाइनेछ । शिक्षा क्षेत्रमा समग्र राष्ट्रिय लगानीको पारदर्शिताका लागि समुदायको लगानीलाई सह-वित्तीय व्यवस्थाका रूपमा बजेट व्यवस्था गर्ने र प्रतिवेदन गर्ने व्यवस्था मिलाइनेछ ।

**स्थानीय निकायको योगदान**

विक्षेसु योजनामा स्थानीय निकायहरूको योगदान महत्त्वपूर्ण देखिन्छ । हाल स्थानीय निकाय, जस्तैः गाविस, नपा तथा जिविस पूर्ण रुपमा क्रियाशील छैनन् । यिनीहरू पूर्ण रूपमा क्रियाशील नभएसम्म हालकै व्यवस्था र प्रावधान कायम रहनेछ । हाल महसुस गरिएको सङ्घीय शासकीय स्वरूपले शिक्षामा गरिने लगानीमा उल्लेखनीय प्रभाव पार्नेछ ।

## ९.४ वित्तीय व्यवस्था

**वित्तीय व्यवस्था पद्धति**

विक्षेसु योजनाले कार्यक्रम ढाँचाका लागि व्यापक नीतिगत प्रारूप प्रदान गरेको छ । जसअनुसार विकास साझेदारको रकम मध्यमकालीन खर्च संरचना र राष्ट्रिय बजेटमा प्रतिविम्बित हुने कुराको सहमति भइसकेको छ । नेपालको आर्थिक व्यवस्थापन पद्धतिका छ चरण छन्: (क) बजेट संसद्बाट पारित हुन्छ, (ख) अर्थ मन्त्रालयले शिक्षा मन्त्रालयका सचिवलाई अख्तियारी दिन्छ, (ग) सचिवले कार्यान्वयन गर्ने निकायहरूलाई अख्तियारी दिन्छन्, (घ) कार्यान्वयन गर्ने निकायहरूले विभिन्न भुक्तानी केन्द्रमा अख्तियारी

दिन्छन्, (ङ) केन्द्रमा महालेखा नियन्त्रकको कार्यालय र जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी केन्द्रहरूका रकम निकासा गरी आन्तरिक लेखा परीक्षण गर्छन्, र (च) संवैधानिक निकाय महालेखा परीक्षकको विभागले अन्तिम लेखा परीक्षण गर्नेछ । विक्षेसु योजनाको आर्थिक व्यवस्थापन सरकारको विद्यमान आर्थिक प्रक्रियाअनुरूप नै हुने व्यवस्था गरिएको छ ।

**कार्यक्रममा रकम उपलब्ध गराउने तौरतरिका**

हाल पुल फन्डिङको तरिका अपनाई सबैका लागि शिक्षा कार्यक्रम कार्यान्वयन भइरहेको छ । केही परिमार्जनसहित सबै दाताहरूको रुचिलाई समेट्न सबैका लागि शिक्षा कार्यक्रमकै स्रोत व्यवस्थापनको तरिका विक्षेसु योजनामा पनि अपनाइने सहमति भएको छ । त्यसैले स्रोत परिचालनको यो तरिका बजेट सहयोग, पुल स्रोत, सेवा तथा जिन्सी सहायता गरी विभिन्न तरिकाको हुन सक्छ । विक्षेसु योजनाका लागि दातृसहयोग राष्ट्रिय बजेटमा झल्किनेछ । यो सहयोग नेपाल सरकारको वैदेशिक सहायता नीतिअनुरूप हुनेछ ।

विक्षेसु योजनाका कार्यक्रमहरूको समन्वय शिक्षा मन्त्रालयले, सहजीकरण शिक्षा विभागले र कार्यान्वयन विकेन्द्रित संरचनामार्फत् (क्षेशिनि, जिशिका, गाविस, नपा तथा विव्यस) गरिनेछ । जिल्लामा विशेष लक्षित समूह र राष्ट्रिय मानव विकास सूचाङ्कमा तल परेका जिल्लालाई समतामूलक ढङ्गले शिक्षामा पर्याप्त बजेट विनियोजन भएको सुनिश्चितता शिक्षा मन्त्रालयले गर्नेछ ।

**शिक्षा विकास कोष**

शिक्षा मन्त्रालयले केन्द्रीय तहमा ग्रामीण शिक्षा विकास कोष, जिल्ला तहका जिल्ला शिक्षा कोष र विद्यालय/समुदाय तहमा विद्यालय कोषको परिचालन गर्ने प्रावधान मिलाउनेछ ।

**एकमुष्ट अनुदान**

सरकारबाट उपलब्ध गराइने एकमुष्ट अनुदान जिल्ला, विद्यालय तथा समुदायको विशेष आवश्यकतामा आधारित विशेष क्रियाकलापका लागि लचकतासहितका स्वीकृत मापदण्डमा आधारित हुनुपर्नेछ । तथापि एकमुष्ट अनुदानका लागि शिक्षा मन्त्रालयले निर्धारण गरेको मानक र मापदण्डका अधीनमा आधारभूत पूर्वाधारहरू का क्षेत्रले प्राथमिकतामा पाउनेछ । कार्यसम्पादनका आधारमा[5] जिल्ला, गाविस तथा विद्यालयले थप रकम प्राप्त गर्नेछन् ।

**विद्यालय सुधार योजना**

जिल्ला शिक्षा कार्यालयले ससर्त र एकमुष्ट दुवै किसिमका अनुदान विद्यालयलाई उपलब्ध गराउँछ । विद्यालयलाई विनियोजन हुने रकम विद्यालय सुधार योजनामा आधारित हुनेछ । विद्यालय अनुदान निर्देशिका, प्रति विद्यार्थी लागत अनुदान कार्यान्वयन निर्देशिका र कार्यक्रम कार्यान्वयन निर्देशिकाहरूले विद्यालय तहमा कार्यक्रम सञ्चालन गर्न र प्रतिवेदन गर्न मार्ग निर्देश गर्नेछन् । नयाँ आर्थिक वर्षका लागि रकम प्राप्त गर्न सबै विद्यालयले सामाजिक परीक्षण गर्नु अनिवार्य हुनेछ ।

**कार्यक्रमको दिगोपन**

सरकारका नियमित योजना र प्रतिवेदन चक्र, नीति तथा संरचना र सरकारका सबै तहको संस्थागत क्षमताको प्रारूपद्वारा कार्यक्रमहरूले दिगोपनको प्रवर्धन गर्ने लक्ष्य राख्छ । कार्यक्रमको योजना र सञ्चालनमा समुदायको उच्चस्तरीय संलग्नताका साथ विद्यालय शिक्षालाई विकेन्द्रीकृत शिक्षा

[5] कार्यसम्पादनका आधारहरू विक्षेसु योजनाका तथा समावेशीकरणका राष्ट्रिय सूचकका लक्ष्य प्राप्तिमा आधारित गरिनेछ (उच्च खुद भर्नादर, न्यून कक्षा दोहोर्‍याउने दर, उच्च तह पूरा गर्ने दर, उच्च सिकाइउपलब्धि र आर्थिक नियमको पालना) ।

व्यवस्थापनसँग आबद्ध गर्ने प्रावधानले (विशेष गरी विक्षेसु योजना अवधिपछि पनि गरिब विद्यालय तथा समुदायको) कार्यक्रमको दिगोपनको अपेक्षा गर्छ ।

**जोखिम तथा न्यूनीकरणका उपायहरू**

विक्षेसु योजनामा अन्तर्निहित केही जोखिमहरू: (क) सबै तहमा संस्थागत, साङ्गठनिक र व्यक्तिगत क्षमता, (ख) स्थानीय तहमा सुधार गर्न राजनीतिक इच्छाशक्ति र तत्परता, (ग) कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त रकमको परिचालन ।

विक्षेसु योजनामा सबै तहमा विविधतायुक्त क्षमता विकासलाई सम्बोधन गर्ने गरी विस्तृत क्षमता विकास योजना समावेश गरिएको छ । प्रमुख राजनीतिक दलहरूसँगको छलफल र अन्तरक्रियामार्फत् सहमति जुटाउने कार्य भएको छ । थप छलफल र विचार लिने प्रक्रियाका लागि योजना बनेको छ । प्रभावकारी रुपमा शिक्षा कर उठाउने सम्बन्धमा अर्थ मन्त्रालय र सम्बन्धित निकायसँग छलफल गरी सम्भाव्यताको खोजी गरिनेछ ।

# परिच्छेद १०: सहायता व्यवस्थापन

## १०.१ परिचय

सहायता समन्वयसम्बन्धी सन् २००३ मा भएको रोम घोषणा र सहायता प्रभाकारितासम्बन्धी सन् २००५ मा भएको पेरिस घोषणादेखि नेपालले दातासँगको समन्वय तथा सहायता व्यवस्थापनमा क्रमिक रुपमा उल्लेखनीय प्रगतिसहित अनुभव सँगाल्दै आएको छ । सन् २००४ को संयुक्त वित्तीय प्रबन्ध (JFA) एउटा साझेदारीको उदाहरणका रूपमा सरकारी पद्धतिमार्फत बजेटको अंशमा वृद्धि गर्नेतर्फ उन्मुख भएको छ, जसका निमित्त राष्ट्रिय प्रक्रियाअनुरुप योजना, बजेटिङ, अनुगमन र प्रतिवेदन गर्ने आधार तय गरिएका छन् । यस खालको बास्केट फन्डिङले अपेक्षित कार्यक्रमगत प्रक्रियाको प्रतिनिधित्व गर्नेछ, जसले मन्त्रालयको व्यवस्थापन खर्च घटेको छ र शिक्षा क्षेत्रमा सहायताको व्यवस्था गर्ने तरिकामा थप सुधार गर्न आधार प्रदान गरेको छ ।

शिक्षा मन्त्रालयले विक्षेसु योजना तयार गरेको छ, जसले विद्यालय क्षेत्रका प्रमुख नीति, सुधारका कार्यक्रम, प्राथमिकताका साथै रणनीति र संस्थागतीकरण तथा नतिजामुखी व्यवस्थापनतर्फ उन्मुख हुने प्रक्रिया उल्लेख गरेको छ । विक्षेसु योजनाअन्तर्गत सहायता व्यवस्थाले पेरिस घोषणा र आक्रा एजेन्डा (The Paris Declaration on Aid Effectiveness and Accra Agenda for Action) को सिद्धान्त तथा मागदर्शनको अनुसरण गरेको छ । जस्तैः देश विकास रणनीतिमा सरकारको स्वामित्व हुने, राष्ट्रिय व्यवस्थापन पद्धतिसँगको आबद्धता, साझा सहमति तथा प्रक्रियाको प्रयोग, नतिजामुखी कार्यढाँचा र साझा उत्तरदायित्व॥ पेरिस घोषणा र आक्रा एजेन्डको अनुसरण गर्दै नेपाल सरकारले सहायता समन्वयका लागि राष्ट्रिय कार्ययोजना तयार गरेको छ, जसले मन्त्रालयको सहायता व्यवस्थापनमा आधार प्रदान गर्दछ ।

यस परिच्छेदमा दुई ओटा विषयलाई छुट्टाछुट्टै चर्चा गरिन्छः दातृ सहयोगको समन्वय र सोझै भुक्तानीको व्यवस्था, जसमा सबै प्रकारका प्राविधिक सहयोगसमेत समावेश हुन्छ ।

## १०.२ लक्ष्य तथा उद्देश्यहरु

**लक्ष्य**

- शिक्षा क्षेत्रका राष्ट्रिय लक्ष्य हासिल गर्न बाह्य स्रोत तथा अनुभवहरूको प्रभावकारी परिचालन गर्ने।

**उद्देश्य**

- विक्षेसु योजनाको कार्यान्वयनका लागि उपलब्ध सहायताको सक्षमता र प्रभावकारितामा वृद्धि गर्ने ।

## १०.३ अवसर र चुनौतीहरु

विक्षेसु योजना एउटा क्षेत्रगत कार्यक्रम पद्धतिका रूपमा संयुक्त मिसन र बढ्दो सङ्ख्याका विकास साझेदारहरूसँगको अनुभवका साथ संयुक्त वित्तीय प्रबन्ध (JFA) मा हस्ताक्षर गर्नु एउटा अवसर हो । यसले एकापसको आबद्धता, समन्वय र विद्यालय क्षेत्रका लागि सरकारको आफ्नै स्रोत, पद्धति र प्रक्रियाका साथ वैदेशिक सहायतालाई एकीकृत गर्नेछ ।

पेरिस घोषणा र आक्रा एजेन्डाका अनुसार सरकारका नीति, पद्धति, नियमकानुनलाई विकास साझेदारहरूले समर्थन गर्ने प्रतिबद्धता दर्शाइएको छ । शिक्षा मन्त्रालय यस प्रतिबद्धताको जगमा हालको संयुक्त वित्तीय प्रबन्ध (JFA) र आचारसंहितामा अझ सुधार गर्ने र सरकारका नीति, कार्यक्रम र कार्यान्वयनको व्यवस्थासँग विकास साझेदारहरूको सहयोगलाई आबद्ध गर्न यी साधनको उपयोग गर्ने अपेक्षा राख्छ । दाताहरूले उपलब्ध गराएका कार्यप्रक्रिया र सहयोगले सरकारको विकास सहयोग समन्वयका लागि सञ्चालन खर्च घट्नेछ र संयुक्त स्रोतको सक्षमता र प्रभावकारिताको वृद्धिमा योगदान पुऱ्याउनेछ ।

नेपाल विकास मञ्चबाट पारित सहायता समन्वय लागि राष्ट्रिय कार्ययोजनाको मार्गदर्शनले सहायता व्यवस्थापनमा एउटा रूपरेखा र सन्दर्भ विन्दुको कार्य गर्छ । यसले शिक्षा मन्त्रालयलाई यससम्बन्धी शिक्षा क्षेत्रको विस्तृत कार्यान्वयन योजनाको विकास गर्ने अवसर प्रदान गर्छ ।

सरकार सबैका लागि शिक्षा कार्यक्रमको कार्यान्वयनको प्रक्रियाबाट सिकिएअनुसार सहमत भएको प्रारूपभित्र रही स्रोतको उपयोगमा लचकतालाई कायम राख्दै एउटा राम्रो संरचनाभित्र प्राविधिक सहायता तथा सोझै भुक्तानी सुविधालाई गाभी हालको संयुक्त वित्तीय प्रबन्ध (JFA) लाई  अझ सुदृढ गर्ने अपेक्षा राख्छ । यी सुविधाहरू नयाँ ज्ञानको सिर्जना गर्न र कार्यक्रमहरूको विस्तार गर्नका लागि प्रवर्तनात्मक क्रियाकलापहरू सञ्चालन गर्न प्रभावकारी सिद्ध भएका छन् । प्राविधिक सहायता तथा सोझै भुक्तानी सुविधाको महत्त्वलाई मान्यता दिँदै नेपाल सरकार र विकास साझेदार दुवै पक्ष प्राप्त स्रोत साधनको सदुपयोग गर्न सहमत भएका छन् । प्राविधिक सहायता तथा सोझै भुक्तानी सुविधाको समन्वयमा स्पष्ट उपलब्धि तथा प्रगति भए तापनि मन्त्रालयले निम्नलिखित कुराहरू अवलोकन गरेको छः

- हाल सञ्चालित प्राविधिक सहायता तथा सोझै भुक्तानी सुविधाको व्यवस्थापन गर्न मन्त्रालयको आफ्नै संस्थागत, साङ्गठनिक मानवीय क्षमता सीमित छ ।
- विकास साझेदारहरूको असल नियत हुँदाहुँदै पनि सञ्चालनका तौरतरिका तथा एक्लै काम गर्ने शैलीका कारण अपेक्षित उपलब्धि हुन नसकेको अवस्था छ ।

## १०.४ नीतिनिर्देश

नेपाल सरकारको वैदेशिक नीतिले दाताहरूसँगको सुमधुर सम्बन्धका निमित्त राष्ट्रिय प्रारूप प्रदान गर्छ । यस नीतिले राष्ट्रिय विकास योजना तथा राष्ट्रिय प्राथमिकताका आधारमा सरकारी प्रणालीमार्फत वैदेशिक सहायता परिचालन गर्न सहयोग पुर्‍याउँछ । विकास साझेदारहरूले यो सहायताको पूर्ण सदुपयोगको सुनिश्चितता गर्न सरकारलाई अनुरोध गरेका छन् । उनीहरूको चाहना के हो भने नियम कानुनले खर्चका प्रतिबद्धताहरूलाई वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्ययोजना तथा बजेटमा समावेश गर्ने कुराको सुनिश्चितता गरुन् ताकि सरकार नतिजा प्रदर्शन गर्न उत्तरदायी बनोस् ।

सहायता समन्वय र प्राविधिक सहायता तथा सोझै भुक्तानी सुविधाको व्यवस्थाका लागि समग्र नीति निर्देशहरू तल उल्लेख गरिएका छन् :

**सहायता समन्वय**

शिक्षा मन्त्रालय र विकास साझेदारहरूले संयुक्त रूपमा संयुक्त वित्तीय प्रबन्ध (JFA) र आचारसंहिताको निर्माण गर्नेछन्, जसले दुवै पक्षलाई सहायता समन्वय र यसको प्रभावकारितासम्बन्धी कुराहरू अनुसरण गर्न मार्गदर्शक दस्तावेजका रूपमा सहयोग पुर्‍याउनेछन् ।

शिक्षा मन्त्रालयले दुईपक्षीय, बहुपक्षीय तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका साथै ननपुलिङ साझेदारहरूसँग विक्षेसुमा उनीहरूबाट हुने सहयोगका लागि छुट्टै व्यवस्था मिलाउनेछ । यस्तो व्यवस्था सरकारी कार्यक्रममा झल्किने तथा राष्ट्रिय सञ्चालन निर्देशिकाअनुरूप व्यवस्था गरिनेछ ।

विक्षेसु योजनाको वार्षिक समीक्षा, सरकारको आफ्नै मूल्याङ्कन तथा मध्यावधि मूल्याङ्कनले सहायताको प्रभावकारिता तथा समन्वयको सुधार प्रक्रियामा सघाउ पुग्नेछ ।

**प्राविधिक सहायता/सोझै भुक्तानी**

क्षमता विकास, नयाँ विचार तथा प्रवर्तनात्मक कार्यहरूको परीक्षण तथा विभिन्न तहमा सुधार कार्यक्रमहरू सुचारु रूपले सञ्चालन गर्न सहजीकरण गर्नका लागि कुल बाह्य सहयोगको करिब सानो प्रतिशत सोझै भुक्तानी प्रणालीमार्फत् व्यवस्था गरिनेछ ।

शिक्षा मन्त्रालय अन्तर्गत वैदेशिक सहायता समन्वय शाखासँगको निकट समन्वयमा सोझै भुक्तानी सचिवालयले निर्देशक समितिको निर्देशनअनुसार सबै सोझै भुक्तानी सहायताको व्यवस्था गर्नेछ ।

## १०.५ मुख्यमुख्य नतिजाहरु

- निश्चित परियाजनमा आबद्ध गरिएको सहयोगलाई भई गर्दै राष्ट्रिय प्राथमिकता अनुरुपको विकास सहायता वृद्धि भएको ।
- दाताको क्षमता विकास तथा सहयोगको समन्वयमा वृद्धि भएको ।
- नेपाल सरकारको खरिद र आर्थिक व्यवस्थापन पद्धतिको प्रयोगमा वृद्धि भएको ।
- सहायताको पूर्वानुमानमा वृद्धि भएको ।
- साझा व्यवस्थापन तथा प्रक्रियाको प्रवर्धन गर्दै संयुक्त वित्तीय प्रबन्ध (JFA) र आचाससंहिताको प्रयोगमा वृद्धि भएको ।

## १०.६ रणनीतिक कार्यकलाप

शिक्षा मन्त्रालयको वैदेशिक सहायता समन्वय शाखालाई सबै विकास साझेदारहरूबाट प्राप्त हुने पुलिङ र ननपुलिङ तथा अन्तर्राष्ट्रिय राष्ट्रिय गैरसरकारी संस्थालगायतका वैदेशिक सहायता तथा प्राविधिक सहायता तथा सोझै भुक्तानी सहयोगको प्रवेश विन्दुका रूपमा अझ सुदृढ बनाइनेछ । अन्य कुनै पनि प्रकारका फन्डिङका समानान्तर प्रक्रियालाई पेरिस घोषणा र आक्रा एजेन्डा, संयुक्त वित्तीय प्रबन्ध (JFA) र आचारसंहिताको विरुद्ध मानिनेछ ।

प्राविधिक सहायता तथा सोझै भुक्तानी सहयोगको योजना, व्यवस्थापन, अनुगमन तथा प्रतिवेदन गर्नका लागि केन्द्रीय निकायका प्रमुखहरू र दातृ निकायका सम्पर्क व्यक्तिसहितको संयुक्त निर्देशक समिति बनाइनेछ । प्राविधिक सहायता तथा सोझै भुक्तानी सहयोगको प्रावधानको सक्षता तथा प्रभावकारितामा वृद्धि गर्न र प्रशासनिक खर्च घटाउन मन्त्रालयको वार्षिक रणनीतिक कार्यान्वयन योजना/वार्षिक कार्ययोजना तथा बजेटसँग यसको तालमेल मिलाउने कुरामा सुनिश्चित हुन विकास साझेदारहरूले सहयोग पुर्‍याउनेछन् । निर्देशक समितिको अध्यक्ष शिक्षा मन्त्रालयका सचिव हुनेछन् । वैदेशिक सहायता समन्वय शाखाले सोझै भुक्तानी सुविधाको सचिवायलयका रूपमा प्राविधिक सहायता तथा सोझै भुक्तानी सहयोग क्रियाकलापको समन्वय गर्नेछ । प्राविधिक सहायता तथा सोझै भुक्तानी सहयोगको सचिवालय शिक्षा मन्त्रालयमा स्थापना हुनेछ ।

प्राविधिक सहायता तथा सोझै भुक्तानी सहयोगको व्यवस्थापन तथा सञ्चालन गर्नका लागि एउटा छुट्टै कार्यसञ्चालन निर्देशिका तयार गरी निर्देशक समितिबाट स्वीकृत गरिनेछ । पहिलो र दोस्रो बैठकमा सोझै भुक्तानी व्यवस्थाको वर्तमान प्रक्रिया तथा अभ्यासको समीक्षा निर्देशक समितिले गर्नेछ र यसमा आवश्यक परिमार्जन गर्नेछ ।

सचिवालयको सहयोगमा वैदेशिक सहायता समन्वय शाखाले त्रैमासिक बैठकको विषयवस्तु तयार गर्ने, बैठक सञ्चालनमा सहयोग गर्ने र निर्णय उतार गर्ने काम गर्नेछ । निर्देशक समितिबाट पारित निर्णयहरू सम्बन्धित निकायहरूले कार्यान्वयन गर्नेछन् । प्रयोगमा रहेका विद्यमान स्वीकृत प्रक्रिया तथा सम्बन्धित निकायहरूले विस्तृत योजना तथा बजेट बनाई गरेका अनुरोधका आधारमा सचिवालयले निकासा दिलाउनेछ।

सोझै भुक्तानीको अनुगमन हालकै पद्धतिअनुसार हुनेछ । सम्बन्धित निकायहरूले त्रैमासिक रूपमा प्रगति प्रतिवेदन तयार गर्नेछन् । सचिवालयले पहिला प्रगतिको समीक्षा गरी अन्तिम समीक्षाका लागि सुझावसहित निर्देशक समितिसमक्ष पेस गर्नेछ ।

## १०.७ अनुमानित खर्च

विक्षेसुका लागि प्राविधिक सहायता तथा सोझै भुक्तानी सहयोगबापत पाँच वर्षका लागि कुल बाह्य सहयोग करिब अमेरिकी डलर २५ मिलियनको अनुमान गरिएको छ । विक्षेसु योजना तथा नीतिका लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि पूरकका रूपमा पुलबाहिरका अन्य विकास साझेदारहरू पनि प्राविधिक सहायता तथा सोझै भुक्तानी पुलमा संलग्न हुन सक्नेछन् । विक्षेसुको प्राविधिक सहायता तथा सोझै भुक्तानी सुविधाको व्यवस्थापन वैदेशिक सहायता समन्वय शाखाद्वारा सहमतिमा तयार गरी निर्देशक समितिबाट स्वीकृत कार्यसञ्चालन निर्देशिकाका आधारमा गरिनेछ ।

## १०.८ कार्यान्वयन व्यवस्था

सचिवको अध्यक्षतामा गठित निर्देशक समितिको निर्देशनमा शिक्षा मन्त्रालयले पुल संयन्त्रमार्फत प्राविधिक सहायता/सोझैभुक्तानीको व्यवस्था गर्ने लक्ष्य राखेको छ । निर्देशक समितिले शिक्षा मन्त्रालय र सम्बद्ध निकाय तथा दातृ सम्पर्क व्यक्ति तथा अन्य साझेदार निकायको प्रतिनिधित्व गर्नेछ । प्राविधिक सहायता/सोझैभुक्तानीको सञ्चालन गर्ने कार्यविधि निर्देशक समितिले स्वीकृत गर्नेछ । शिक्षा मन्त्रालय/वैदेशिक सहायता समन्वय शाखाले यसको समन्वय गर्नेछ र प्राविधिक सहायता/सोझैभुक्तानीका लागि एउटा छुट्टै सचिवालयको स्थापना गरिनेछ, जसले वैदेशिक सहायता समन्वय शाखामार्फत निर्देशक समितिको मार्गनिर्देशनअनुसार विक्षेसु, प्राविधिक सहायता/सोझैभुक्तानीको व्यवस्थासम्बन्धी क्रियाकलापको समन्वय गर्नेछ । सबै प्राविधिक सहायता/सोझैभुक्तानीसम्बन्धी सहयोग निर्देशक समितिको मार्गनिर्देशनअनुसार वैदेशिक सहायता समन्वय शाखामार्फत प्रदान गरिनेछ ।

जुन, २००९ को अन्तिमसम्ममा विक्षेसुको प्राविधिक सहायता/सोझैभुक्तानी व्यवस्थाका लागि एउटा निर्देशक समितिको गठन भई समन्वयकर्ताको समेत नियुक्ति गरिनेछ । निर्देशक समिति र वैदेशिक सहायता समन्वय शाखाको सुपरिवेक्षणमा जुलाईको अन्तिमसम्ममा समन्वयकर्ताले सोझै भुक्तानीको सचिवालयको स्थापना गर्नेछ । समन्वयकर्ताको काम, कर्तव्य र अधिकार कार्य सञ्चालन निर्देशिकामा उल्लेख गरिनेछ ।

सबैका लागि शिक्षा कार्यक्रमबाट विक्षेसुमा सहज सङ्क्रमणका लागि डिसेम्बर २००९ सम्मका लागि इस्याटबाट सोझै भुक्तानी सुविधा उपलब्ध हुनेछ । यसैबीच सचिवालयले पनि क्रमशः डिसेम्बर २००९ भित्रमा पूर्ण जिम्मेवारी लिनेछ । विक्षेसु योजनाको कार्यान्वयनको सरल सङ्क्रमणका लागि इस्याटको सहयोग र कर्मचारीको निरन्तरताका निम्ति आवश्यक व्यवस्था मिलाइनेछ ।

मन्त्रालय पद्धतिलाई योजना, गुणस्तरीय शिक्षा, शिक्षणको माध्यम, समावेशिता, मूल्याङ्कन, व्यवस्थापन, लगानी, शैक्षिक सूचना व्यवस्थापन प्रणाली, निर्माण कार्य, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, क्षमता विकास, तथा मन्त्रालयले आवश्यक ठानेका अन्य विषयमा प्राविधिक सहयोग गर्न आफ्नो आवश्यकताअनुसार शिक्षा मन्त्रालयले कार्यविधिका आधारमा क्षेत्रगत सल्लाहकारहरूको नियुक्ति वा छनोट गर्नेछ । मन्त्रालयको अनुरोधमा विकास साझेदारहरूले आफ्नो विशेषज्ञता तथा रुचिका आधारमा यस्ता सल्लाहकारहरूका लागि प्रावधान र विनियोजन गर्नेछन् । यी सहयोगका खर्च कार्यक्रमभन्दा बाहिर सोझै भुक्तानी सुविधामार्फत् व्यहोरिनेछन् । यस्ता सल्लाहकारको सङ्ख्या एउटा साझेदार निकायबाट एकभन्दा बढी हुने छैन ।

## १०.९ कार्यान्वयन तालिका

| क्र.सं. | क्रियाकलाप (के?) | उद्देश्य किन? | जिम्मेवार निकाय (को?) | प्रक्रिया कसरी?) | समय (कहिले?) |
|---|---|---|---|---|---|
| १ | विक्षेसु योजनाअवधिका लागि नयाँ संयुक्त वित्तीय प्रबन्ध (JFA) र आचारसंहिताको निर्माण | प्रतिवेदन गर्दा कामको दोहोरोपन हटाउन र प्रशासनिक खर्च घटाउन, स्रोतको प्रभावकारिता बढाउन | वैदेशिक सहायता समन्वय शाखा | विकास साझेदारहरूसँगको छलफल, एउटै संयुक्त निर्देशक समितिमार्फत सोझै भुक्तानी सुविधा तथा प्राविधिक सहायताको व्यवस्थापन गर्न हालको संयुक्त वित्तीय प्रबन्ध (JFA) लाई विस्तार गर्ने | मे देखि जुन २००९ (पूर्व योजना क्रियाकलाप) |
| २ | औपचारिक रूपमा दाता र शिक्षा मन्त्रालयबीच सम्पर्क र सञ्चारका लागि एकद्वार नीति पारित गर्ने | विकास साझेदारसँगको सम्बन्धमा प्रभावकारिता ल्याउन, प्रतिवेदन गर्न समय र जनशक्ति घटाउने, मन्त्रालयका नीति, योजना, मूल्य तथा कार्यान्वयनको रूपरेखासँग मेल खाने गरी दातृ सहयोगको विकास गर्न | सचिव | औपचारिक चिठीमार्फत, वैदेशिक सहायता समन्वय शाखालाई सम्पर्क र सञ्चारका लागि एकद्वारका रूपमा स्थापित गरेर | जुलाई २००९ (पूर्व योजना क्रियाकलाप) |
| ३ | सोझै भुक्तानीको संयुक्त निर्देशक समिति र सचिवालयको स्थापना गरी कार्य सञ्चालन गर्ने | दाताहरूसँग गर्ने अन्तरक्रियाबापतको खर्च घटाउने र प्राविधिक सहायता तथा सोझै भुक्तानी सहयोग सुविधाको कार्यसञ्चालन गर्ने | सचिव र विकास साझेदार सम्पर्क व्यक्ति | मन्त्रालयका सचिव, निकायका प्रमुख र विकास साझेदार सम्पर्क व्यक्तिको प्रतिनिधित्व भएका एउटै निर्देशक समितिको उपयोग गर्नेबारे सम्झौताको तयारी गर्ने | मेदेखि अगस्ट, २००९ |
| ४ | प्राविधिक सहायताका लागि अनुरोध गर्ने निकायका लागि तथा खरिद, तथा प्राविधिक सहायताको लेखाजोखा गर्ने औपचारिक पद्धति र प्रक्रियाको विकास | प्राविधिक सहायता प्रावधानको सान्दर्भिकता, उपयोग र प्रभावमा वृद्धि गर्न | वैदेशिक सहायता समन्वय शाखा | प्राविधिक सहायताका लागि शिक्षा मन्त्रालयअन्तर्गतका निकायको क्षमता विकाससँग सम्बन्धित नतिजामुखी प्रारूपका लागि अनुरोध गर्ने निकायका लागि तथा प्राविधिक सहायताको कार्यसम्पादनको लेखाजोखाका लागि निर्देशिका र फर्म्याटको | जुनदेखि जुलाई २००९ (पूर्व योजना क्रियाकलाप) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विकासमार्फत् । संयुक्त निर्देशक समितिमार्फत् प्राविधिक सहायताका लागि अनुरोध गर्ने निकायका लागि खरिद प्रक्रियाको विकास । | |
| ५ | विकास साझेदारहरूसँगै आचारसंहिताको परिमार्जन र प्रकाशन | एकद्वार नीतिप्रति सचेतना बढाउने र मन्त्रालय र विकास साझेदारहरूको आचारसंहिताको पालनामा अभिवृद्धि गर्ने | वैदेशिक सहायता समन्वय शाखा | विकास साझेदारहरूसँग छलफल, आचारसंहिताको प्रकाशन र प्रबोधीकरण सम्पन्न गर्ने | अगस्ट २००९ |
| ६ | संयुक्त वार्षिक परामर्श सञ्चालन गर्ने | स्वीकृत योजना तथा कार्यक्रमहरूका बारे विचारको आदानप्रदान गर्ने, कार्यान्वयनका विषयमा छलफल गरी आवश्यक भए सुधार गर्ने । | वैदेशिक सहायता समन्वय शाखा | स्थिति प्रतिवेदन र अन्य दस्तावेज, जस्तैः आर्थिक अनुगमन प्रतिवेदन, एड मेमो बनाएर । | प्रत्येक वर्ष डिसेम्बरमा |
| ७ | संयुक्त वार्षिक समीक्षा सञ्चालन | आगामी वर्षका योजना तथा कार्यक्रमको बारेमा विचारको आदानप्रदान गर्न, रकम निकासाका बारेमा सहमत हुन र अनुगमनका बारेमा प्रतिवेदन गर्न । | वैदेशिक सहायता समन्वय शाखा | वार्षिक रणनीतिक कार्यान्वयन योजना, तथा अन्य स्वीकृत योजना तथा दस्तावेजको विकास र प्रस्तुतिमार्फत, एडमेमोको तयारी गरेर | प्रत्येक वर्ष अप्रिलमा |
| ८ | स्वतन्त्र समीक्षा तथा मूल्याङ्कनको डिजाइन तथा सञ्चालन | राम्रा अभ्यासहरूको पहिचान, अभिलेखीकरण तथा छलफल गर्न । चालू र भावी कार्यक्रमहरूका बारे जानकारी र समायोजन गराउन । लागत सक्षमता तथा प्रभावकारितामा वृद्धि गर्न । | वैदेशिक सहायता समन्वय शाखा | समीक्षा तथा मूल्याङ्कन गर्ने क्षेत्रको पहिचान तथा सहमतिमार्फत, विकास साझेदारसँग छलफल गरी कार्यविधि निर्माण । | |
| ९ | प्राविधिक सहायता/सोझैभुक्तानी निर्देशक समितिको गठन | | | | जुन २००९ |
| १० | प्राविधिक सहायता/सोझैभुक्तानीका लागि समन्वयकर्ताको नियुक्ति | | | | अगस्ट २००९ |
| ११ | प्राविधिक सहायता/सोझैभुक्तानी सचिवालयको स्थापन | | | | अगस्ट २००९ |
| १२ | प्राविधिक सहायता/सोझैभुक्तानीको सचिवालय पूर्ण क्रियाशील हुने | | | | जनवरी २०१० |

नेपालको शिक्षा क्षेत्र बैदेशिक सहायता प्रभावकारिता र दातृ सम्बन्ध सुधारका लागि एक नमुनाका रूपमा देखिएको छ । अन्य क्षेत्रका लागि समेत शिक्षा मन्त्रालयको सहायता व्यवस्थापनको यो प्रवर्तनात्मक पद्धतिले अग्रणी भूमिका खेलेको छ । उदाहरणका लागि संयुक्त वित्तीय प्रबन्ध (JFA) यस क्षेत्रको पद्धतिगत आवश्यकतालाई सम्बोधन गर्न र सरकारको आर्थिक व्यवस्थापनको क्षमता बढाउन महत्त्वपूर्ण साधन सावित भएको छ ।

त्यसकारण विक्षेसुको रूपरेखाअन्तर्गत सबैका लागि शिक्षाको दोस्रो चरणतर्फ अगाडि बढ्न शिक्षा मन्त्रालय राष्ट्रिय वैदेशिक नीतितर्फ आवद्ध हुँदै विकास साझेदारहरूलाई पेरिस घोषणा र आक्रा एजेन्डाको पालना गर्न सक्षम पार्दै क्षेत्रगत पद्धतिको अनुभवलाई आत्मसात गर्न प्रतिबद्ध छ ।

विगतका अनुभवलाई आत्मसात गर्दै शिक्षा मन्त्रालय संयुक्त वित्तीय प्रबन्ध (JFA) लाई सरकारका योजना तथा प्रतिवेदन प्रक्रियासँग पूर्ण रूपमा मेल गर्न चाहन्छ । शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरू दाताहरूको व्यक्तिगत आवश्यकता र व्यवस्थापन तथा सहायक क्रियाकलापहरूको समन्वय गर्नुपर्ने कुरालाई मान्यता दिँदै समन्वयकारी ढङ्गले अगाडि बढ्नुपर्ने कुरामा जोड दिन्छ ।

त्यसैले साझेदारहरूको कार्यक्षेत्रलाई सुदृढ पार्न नतिजामा जोड दिँदै सक्षम समन्वयको प्रारूप प्रदान गर्न शिक्षा मन्त्रालय विक्षेसु योजनाअन्तर्गतको संयुक्त वित्तीय प्रबन्ध (JFA) को रूपरेखालाई सुधार गर्ने ध्येय राख्छ ।

विषयवस्तु, इच्छाशक्ति तथा समयपालनलाई सरकारी पद्धतिसँग पूरै आबद्ध हुने गरी प्रतिवेदनका आवश्यकतालाई नयाँ संयुक्त वित्तीय प्रबन्ध (JFA) ले अगाडि बढाउनेछ । त्यसै गरी शिक्षा मन्त्रालयले दातृ निकायसँग सम्पर्क गर्न एक सम्पर्क कार्यालयको स्थापना गर्नेछ, जसले समीक्षाका प्रक्रियामा र शिक्षाका मिसनहरूका लागि प्रवेश विन्दुका रूपमा कार्य गर्नेछ । शिक्षा मन्त्रालयका तर्फबाट वैदेशिक सहायता समन्वय शाखाले यो भूमिका खेल्नेछ । विकास साझेदारहरूले पनि एउटा सम्पर्क कार्यालयको स्थापना गर्ने अपेक्षा गरिन्छ, जसले विशेष गरी मिसनका समयमा समन्वयको संयुक्त संयन्त्र बनाउँदै संयुक्त वित्तीय प्रबन्ध (JFA) को रूपरेखाअन्तर्गतका सबै पक्षको व्यवस्था र समन्वय गर्नेछ । शिक्षा मन्त्रालय र दातृ सम्पर्क कार्यालयले दैनिक कार्यका साथै अर्थ मन्त्रालय र अन्य सम्बद्ध निकायसँगको समन्वयमा वार्षिक समीक्षाका लागि सहजीकरण गर्नेछन् । यी कार्यालयहरूले मासिक रूपमा संयुक्त बैठक तथा द्वैमासिक रूपमा स्थानीय दातृ निकायको बैठकको सञ्चालन गर्नेछन् ।

नयाँ संयुक्त वित्तीय प्रबन्ध (JFA) ले हालका विभिन्न छलफल/बैठकलाई एउटै वार्षिक समीक्षा/छलफलमा समायोजन लक्ष्य राखेको छ । उच्चस्तरीय वार्षिक समीक्षाले समग्र नीति तथा उपलब्धि स्तरका विषयलाई सम्बोधन गर्नेछ । यसले विक्षेसुको अनुगमन पद्धतिअन्तर्गत स्वीकृत गरिएका सूचकका नतिजामा जोड दिनेछ र आगामी वर्षका लागि आवश्यक पर्ने बजेटका सम्बन्धमा सहमति प्रदान गर्नेछ । वार्षिक समीक्षा/छलफलको मुख्य उद्देश्य संयुक्त सहमतिहरूका प्रगति र उपलब्धिको लेखाजोखा गर्नु हुनेछ ।

***सरकारले प्रतिवेदन गर्ने र स्पष्ट गर्नुपर्ने कुराहरू:***

- लक्ष्यअनुरूप नतिजा
- सहमतिअनुरूप प्रतिवेदन
- बजेटअनुसार खर्च

*दाताहरूले प्रतिवेदन गर्ने र स्पष्ट गर्नुपर्ने कुराहरू:*

- आचारसंहिता र सम्झौताअनुरूप प्रभावकारी दातृ समन्वय
- सहायताको सुनिश्चितता: प्रतिबद्धता र प्रतिज्ञाअनुरूपको निकासा
- नेपाल सरकारका प्रक्रियासँगको आबद्धता

*दुवै साझेदारहरूले सहमति र स्वीकृत गर्नुपर्ने कुराहरू:*

- आगामी वर्षका लक्ष्यहरू
- आगामी वर्षका लागि बजेट तथा प्रतिबद्धतारप्रतिज्ञा
- नतिजा हासिल गर्ने कार्यकलापहरू

## सन्दर्भ ग्रन्थहरु

CDC/MOE (2005). *National Curriculum Framework for School Education (Pre-primary-12) in Nepal*. Sanothimi: CDC.

Central Bureau of Statistics (2004). *Nepal Living Standard Survey*. Kathmandu: CBS.

CERID (2006b). *Linking the Madrassa with the Mainstream Education in Nepal*: Kathmandu: CERID.

COWI (2004). *Joint Government Donor Evaluation of Basic and Primary Education Programme II*. MOES, Kathmandu and Ministry of Foreign Affairs, Copenhagen.

Government of Nepal (1999). *Local Self Governance Act*. Kathmandu: Ministry of Local Development.

Government of Nepal (19990. *Basic and Primary Education Programme: Master Plan*. Kathmandu: Ministry of Education.

Government of Nepal (2000). *Local Self Governance Regulations*. Kathmandu: Ministry of Local Development.

Government of Nepal (2001). *Education Act*. Kathmandu: Ministry of Education.

Government of Nepal (2001). *Education for All: National Plan of Action (2001-2015)*. Kathmandu: Ministry of Education.

Government of Nepal (2002). *Education Regulations*. Kathmandu: Ministry of Education.

Government of Nepal (2002). *Human Resource Development Plan (2002-2006)*. Kathmandu: Ministry of Education.

Government of Nepal (2002). *Secondary Education Support Programme (2002-2008): Core Document*. Kathmandu: Ministry of Education.

Government of Nepal (2002). *Teacher Education Project: Core Document (2002-2008)*. Kathmandu: Ministry of Education.

Government of Nepal (2003). *Education for All Programme (2004-2009): Core Document*. Kathmandu: Ministry of Education.

Government of Nepal (2003). *Education for All: Joint Financing Arrangement (2004-2009)*. Kathmandu: Ministry of Education.

Government of Nepal (2004). *Foreign Aid Policy 2004*. Kathmandu: Ministry of Finance.

Government of Nepal (2004). *Strategy Paper for Early Childhood Development in Nepal*. Sanothimi: Department of Education.

Government of Nepal (2005). *Teacher Education Policy*. Kathmandu: Ministry of Education.

Government of Nepal (2006). *National Demographic and Health Survey*. Kathmandu: Ministry of Health and Population.

Government of Nepal (2006). *Non-formal Education Policy*. Sanothimi: Non-formal Education Centre.

Government of Nepal (2007). *EMIS Flash Report*. Sanothimi: Department of Education.

Government of Nepal (2007). *Interim Constitution of Nepal 2007*. Kathmandu: GON.

Government of Nepal (2007). *National Technical and Vocational Education Policy*. Kathmandu: Ministry of Education.

Government of Nepal (2008). *Budget Speech: Fiscal Year (2008/09)*. Kathmandu: Ministry of Finance.

Government of Nepal (2008). *Economic Survey: Fiscal Year (2008/09)*. Kathmandu: Ministry of Finance.

Government of Nepal (2008). *EMIS Flash Report*. Sanothimi: Department of Education.

Government of Nepal (2008). *Mid-term Evaluation of Fiscal Year 2007/08*. Kathmandu: Ministry of Finance.

Government of Nepal (2008). *Monitoring and Evaluation Plan*. Kathmandu: Department of Education.

Government of Nepal (2008). *Policy on National Literacy Campaign*. Sanothimi: Non-formal Education Centre.

Government of Nepal (2008). *School Sector Reform Programme: Core Document*. Kathmandu: Ministry of Education.

Government of Nepal (2008). *Source Book: Fiscal Year 2008/09*. Kathmandu: Ministry of Finance.

Government of Nepal (2008). *White Paper: Fiscal Year 2008/09*. Kathmandu: Ministry of Finance.

Ministry of Education (2004). *Vulnerable Community Development Plan (2004-2009)*. Kathmandu: Ministry of Education.

MOE (2004b). *Nepal Code of Conduct for Partnership in Education*. Kathmandu: Minisry of Education.

MOE (2006a). *SSA Concept Paper*. Kathmandu: Ministry of Education.

MOE/DOE (2005a). *Annual Strategic Implementation Plan 2005–06*. Sanothimi: Department of Education.

National Dalit Commission (2005). *Review of Curriculum and Teacher Guide from Dalit Perspective* (in Nepali). Kathmandu: NDC.

National Planning Commission (2001). *Census Report*. Kathmandu: Central Bureau of Statistics.

National Planning Commission (2002). *Tenth Five Year Plan (2002-2007)*. Kathmandu: NPC.

National Planning Commission (2007). *Human Development Report.* Kathmandu: NPC.

National Planning Commission (2007). *Three Year Interim Plan (2007-2009).* Kathmandu: NPC.

NORAD (2009). *Joint Evaluation of Nepal´s Education for All Programme.* Oslo: NORAD.

Save the Children & Unicef (2003). *The Impact of Participation in ECD Programmes on School Enrolment, Achievement and Retention, an ECD Impact Study.* Kathmandu: Save the Chidren and Unicef.

UNESCO (2000). *Education for All: Framework of Action, Dakar, Senegal.* Paris: *UNESCO.*

UNICEF (2006). *Situation of children and women in Nepal 2006*. Kathmandu: UNICEF.

United Nations (1990). *Convention on the Rights of the Children.* New York: United Nations.

United Nations (2000). *Millennium Development Goals.* New York: United Nations.

# भाग २
# परिशिष्टहरू

## परिशिष्ट ३.१ विद्यालय संरचना (आधारभूत शिक्षा)

विभिन्न किसिमका जनइच्छा र चाहनाहरू पूरा गर्नका लागि शिक्षामा औपचारिक विद्यालय तथा अन्य वैकल्पिक पद्धतिहरू प्रयोगमा ल्याइनेछन् । विद्यालयजस्ता औपचारिक शैक्षिक संस्थाहरू बाट औपचारिक शिक्षा उपलब्ध गराइने छ भने वैकल्पिक पद्धतिका रुपमा खुला विद्यालय, लचिलो विद्यालय लगायतका अनौपचारिक माध्यम प्रयोग गरिनेछ । जुनसुकै पद्धतिबाट प्राप्त गरेको शिक्षालाई पनि समान किसिमको मान्यता प्राप्त हुनेछ ।

**प्रारम्भिक बाल शिक्षा तथा विकास**

विद्यालय क्षेत्र सुधार कार्यक्रमको मूल दस्तावेजले विद्यालय र समुदायमा आधारित पद्धतिबाट प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको विस्तार गर्नुपर्ने सुझाव दिएको छ । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको स्थापनाका लागि केही न्यूनतम आधारहरू तयार गर्नुपर्ने हुन्छ जसका लागि सक्षमताका न्यूनतम आधारलाई परिभाषित गर्नु आवश्यक हुन्छ ।

शिक्षा विभागले तयार गरेको प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालनसम्बन्धी निर्देशिका तथा विद्यालय क्षेत्र सुधार योजनामा भएका नीति र रणनीतिबीच सामन्जस्यता छ । यसले देशभर प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको स्थापना र सञ्चालनका लागि न्यूनतम मापदण्ड र आधारहरू प्रदान गर्दछ ।

निम्नलिखित बुँदाहरू ले प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको स्थापनाको आधार र मादण्ड तयार गर्न सहयोग गर्नेछन् जसलाई नमुना निर्माण जिल्लामा परीक्षणका क्रममा पाइएका अनुभवहरू ले पनि अझ परिपक्व बनाउनेछन् ।

1. ३० देखि ५० घरघुरी अर्थात् २० जनाभन्दा बढी ४ वर्ष उमेर समूहका बालबालिका भएको समुदायमा एउटा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र स्थापना गर्नुपर्दछ ।
2. कुनै वस्तीबाट १० मिनेटको पैदल दूरीमा कुनै विद्यालय छ भने त्यस्ता विद्यालयमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र केन्द्र स्थापना गर्न प्राथमिकता दिनुपर्दछ ।
3. प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालनका लागि सक्षमताका न्यूनतम आधारमा निम्न कुराहरू समेट्नुपर्दछ :

   अ) पैदल हिडाइबाट पुग्नसक्ने हुनुपर्छ ।

   आ) कक्षाकोठा छुट्टै, सुरक्षित, स्वच्छ, सफा र बाल मैत्री पूर्ण हुनुपर्ने छ । शिक्षा विभागले यसको नमुना विकास गर्नेछ ।

   इ) भर्ना भएका प्रत्येक बालबालिकालाई पर्याप्त मात्रामा पुग्ने गरी शैक्षिक सामग्री हुनुपर्ने छ । यस्ता सामग्रीहरू को सूची शिक्षा विभागले तयार गर्नेछ ।

   ई) तालिमप्राप्त सहजकर्ता हुनुपर्दछ ।

4. सहजकर्ताको सेवा, सहजकर्ताका लागि तालिम, शैक्षिक सामग्री र प्रारम्भिक बाल शिक्षा तथा विकासकेन्द्रको स्थापना गर्न एकपटकका अनुदान जस्ता न्यूनतम सक्षमताको प्रबन्ध सरकारले गर्नेछ । प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने अन्य निरन्तर खर्चको व्यवस्थापन समुदाय र गैर सरकारी संस्थाहरू को समेत साझेदारीमा हुनेछ ।
5. प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको स्थापनाका लागि निवेदन दिनुपूर्व नै उल्लिखित आधारहरू पूरा भएको हुनुपर्नेछ । दर्ता भइसकेको समुदायमा आधारित संस्था र विद्यालयहरू ले

अन्य स्थानीय संस्थाहरू , व्यापारीहरू  र कुनै व्यक्तिसँगको साझदारीमा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रका लागि सहयोग गर्नेछन् । यस्ता साझेदारहरू को प्रमाणिकता र आधिकारिकता सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाले गर्नेछन् ।

## आधारभूत विद्यालय

बालबालिकाहरू को शिक्षा पाउने अधिकार सुनिश्चित गर्न र देशको भौगोलिक अवस्था तथा बसोबासको ढाँचालाई सम्बोधन गर्न विभिन्न कक्षाको संयोजन सहितका विद्यालयको उपढाँचा उपलब्ध हुनेछ । आधारभूत तहको शिक्षामा तीन उप ढाँचाका विद्यालय हुनेछन् : कक्षा १ देखि ३ सम्मका प्रारम्भिक विद्यालय कक्षा १ देखि ५ सम्मका प्राथमिक विद्यालय र कक्षा १ देखि ८ सम्मका उच्च प्राथमिक विद्यालय ।

तालिका नं. १

विभिन्न कक्षाको संयोजन सहितका विद्यालय सङ्ख्या

| कक्षाहरू | १ | १-२ | १-३ | १-४ | १-५ | १-६ | १-७ | १-८ | ६-७ | ६-८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय | २१८ | ४८३ | ४५७५ | ११६३ | १२०६६ | ३११ | ९५२ | २१०४ | ४ | ८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १-९ | १-१० | ६-९ | ६-१० | ९-१० | १-११ | १-१२ | ६-११ | ६-१२ | ९-११ | ९-१२ | ११-१२ |
| ३१६ | ४०२९ | ९ | १०१ | ४ | ५९ | ५१३ | १ | ५८ | ० | ० | २६ |

स्रोत Flash Report, २००६ शिक्षा विभाग

नेपालमा अहिले माथि तालिकामा देखाइएका कक्षासहितका विद्यालयहरू  सञ्चालनमा छन् । हाल सञ्चालित सबै विद्यालयहरू लाई सबभन्दा पहिले विद्यालय क्षेत्र सुधारले प्रस्ताव गरेको संरचनामा परिवर्तन गर्नुपर्दछ । यस प्रयोजनका लागि निम्नअनुसारका प्रक्रियाहरू  अवलम्बन गरिनेछ ।

## सञ्चालित विद्यालयको पुनर्संरचना

हाल सञ्चालन भइरहेका विद्यालयहरू लाई आधारभूत विद्यालयको उपढाँचा-कक्षा १-३, कक्षा १-५ र कक्षा १-८ मा एकीकरण गरिनेछ । जस्तै कक्षा १ अथवा १ र २ को मात्र पढाइ भइरहेको विद्यालयलाई कक्षा १-३ को प्रारम्भिक विद्यालयका रुपमा स्तर वृद्धि गरिनेछ । एवम् रीतले हाल कक्षा १ देखि ४ सम्मको पढाइ भइरहेका विद्यालयलाई कक्षा १ देखि ५ सम्मको प्राथमिक विद्यालयका रुपमा र कक्षा १-६ अथवा कक्षा १-७ सम्मको शिक्षा दिइरहेका विद्यालयहरू लाई कक्षा १-८ सम्मको उच्च प्राथमिक विद्यालयका रुपमा स्तर वृद्धि गरिनेछ ।

हाल सञ्चालित विद्यालयको पुनर्संरचनाका आधारहरू  विकास गर्न जिल्ला शिक्षा कार्यालयले स्थानीय सरकार/निकायसँग सहकार्य गर्नेछ । विद्यालयको स्तरवृद्धि गर्ने, गाभ्ने र विद्यालयको कक्षा हटाउनेसम्बन्धी निर्णयका लागि आधार प्रदान गर्न विद्यालय नक्साङ्कन कार्यक्रमबाट प्राप्त सूचना उपलब्ध गराइनेछ । विद्यालय व्यवस्थापन समितिलाई उपलब्ध विकल्पहरूको छनौट गर्ने अधिकार रहनेछ । निम्नलिखित कुराहरू ले वर्तमानमा सञ्चालित विद्यालयहरू को तह वृद्धि गर्न, घटाउन र विद्यालयहरू गाभ्न मोटामोटी आधार प्रदान गर्नेछन् :

*विद्यालयको स्तरवृद्धि*

न्यूनतम आधारहरू  पूरा भएका विद्यालयहरू  नजिकको तहमा वृद्धि हुनेछन् । यसका लागि निम्नलिखित आधारहरू  हुनेछन् :

१। कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयको तह वृद्धि गर्नका लागि हाल सञ्चालित विद्यालयमा कम्तीमा १०० जना विद्यार्थी भर्ना भएको या विद्यालय रहेको समुदयामा ५-७ वर्षसम्मको उमेरसमूहका बालबालिकाहरू कम्तीमा १५० को सङ्ख्यामा रहेको हुनुपर्ने

२। हाल सञ्चालित कुनै विद्यालय कक्षा १ देखि ५ सम्मको प्राथमिक विद्यालयका रुपमा स्तर वृद्धि हुनका लागि त्यस विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्या कम्तीमा २०० हुनुपर्ने या विद्यालय रहेको समुदायमा ५-९ वर्ष उमेर समूहका बालबालिका कम्तीमा २५० भएको या उक्त विद्यालयवरिपरिको ३ किलोमिटरको दूरीमा ३ ओटा आधार विद्यालयहरू सञ्चालन हुनु पर्नेछ ।

३। कुनै विद्यालयले कक्षा १-८ सम्मको उच्च प्राथमिक विद्यालयको रुपमा स्तर वृद्धि हुनका लागि त्यस्तो विद्यालयमा कम्तीमा ३०० विद्यार्थीहरू भर्ना भएको या विद्यालय रहेको समुदायमा ५ देखि १२ वर्ष उमेर समुहको जनसङ्ख्या ३५० भएको या उक्त विद्यालयवरिपरिको ५ किलोमिटरसम्मको दूरीमा कक्षा १-५ सम्म पढाइ हुने प्राथमिक विद्यालय कम्तीमा ३ ओटा सञ्चालन हुनु पर्नेछ ।

४। प्रारम्भिक विद्यालय सञ्चालनका लागि न्यूनतम जनसङ्ख्या नभएको समुदायले बहुकक्षा शिक्षण गर्ने विद्यालय सञ्चालन गर्न सिफारिस गर्नेछ । स्थानीय निकाय (सरकार) ले न्यूनतम आधारभित्र रहेर जिल्ला शिक्षा कार्यालय र स्थानीय शिक्षाविद्सँगको सल्लाहमा लागत प्रभावकारिताका लागि बहुकक्षा शिक्षण गर्ने विद्यालय स्वीकृति दिन सक्नेछ ।

५। बुँदा ४ का सम्बन्धमा विद्यालय व्यवस्थापन समितिसँग केही विकल्पहरू छान्न पाउने व्यवस्था हुनेछ : नजिकको विद्यालयसँग एकीकरण, वैकल्पिक विद्यालयका रुपमा कायम गर्ने या समुदायमा व्यावसायिक शिक्षा केन्द्रका रुपमा विकास गर्ने, विद्यालयलाई बहुकक्षा विद्यालयको रुपमा विकास गर्ने । सबैभन्दा राम्रो विकल्प छान्नका लागि विद्यालय रहेको समुदायलाई तिनीहरू को स्थानीय सरकार (निकाय) सँग काम गर्नका लागि प्रोत्साहित गरिनेछ ।

*गाभिने विद्यालय*

हाल सञ्चालनमा रहेका विद्यालयमध्ये अर्को विद्यालयको नजिक दूरीमा रहेर सीमित (सानो) जनसङ्ख्यालाई सेवा पुर्‍याएका तर प्रारम्भिक विद्यालय, प्राथमिक विद्यालय, उच्च प्राथमिक विद्यालयका रुपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पूरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभिएर सञ्चालनमा आउने अवसर हुनेछ ।

गाभिने विद्यालयले सरकारको तर्फबाट विशेष सहायता कार्यक्रमको अवसर पाउनेछन् । यस्तो विशेष सहायता कार्यक्रमको विकास शिक्षा विभागले गर्नेछ ।

सबै विद्यालयहरू गाभ्नका लागि उपयुक्त हुने छैनन् । स्थापित आधार र विद्यालय नक्साङ्कन कार्यक्रमबाट प्राप्त सूचनाका आधारमा गाभ्ने विद्यालयको पहिचान गरिनेछ । गाभ्ने विद्यालय छनौटका आधारहरू मा निम्न कुराहरू समावेश हुन सक्नेछन् ।

- दुई वा सोभन्दा बढी विद्यालयको पर्खाल एक आपसमा जोडिएको,
- दुई या सोभन्दा बढी विद्यालयबीचको पैदल दूरी ३० मिनेटभन्दा बढी नभएको,
- नजिक रहेको दुई अथवा सोभन्दा बढी विद्यालयमध्ये एउटा अथवा सबैमा विद्यार्थी सङ्ख्या प्रारम्भिक विद्यालयको लागि चाहिने १०० भन्दा कम, प्राथमिक विद्यालयका लागि चाहिने २०० भन्दा कम र उच्च प्राथमिक विद्यालय सञ्चालनका लागि चाहिने ३०० भन्दा कम भएमा,
- नजिकको दूरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई अथवा सोभन्दा बढी विद्यालय,

- जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई अथवा सोभन्दा बढी विद्यालयहरू ।

*विद्यालय स्तरमिलन*

हाल सञ्चालनमा रहेका तर प्रारम्भिक, प्राथमिक र उच्च प्राथमिक विद्यालयका रुपमा स्तर वृद्धि गर्न र आपसमा गाभ्नका लागि आधार पूरा नगर्ने विद्यालयका लागि निम्नलिखित विकल्पहरू हुनेछन् :

- हाल सञ्चालनमा रहेर पनि प्रारम्भिक विद्यालयका रुपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र स्थानीय निकाय (सरकार) सँगको सहकार्यमा बहुकक्षा विद्यालय या पूर्व बाल शिक्षा विकास केन्द्रसहितको वैकल्पिक शिक्षा केन्द्रको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।
- कक्षा १-५ सम्म सञ्चालन हुने प्राथमिक विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् । यस्ता विद्यालयलाई नजिकको प्राथमिक विद्यालयको विस्तारित शाखाको रुपमा सञ्चालनमा रहन पाउने पनि अवसर हुनेछ ।
- हाल सञ्चालनमा रहेर उच्च प्राथमिक विद्यालयका रुपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले प्राथमिक विद्यालयका रुपमा सञ्चालन हुन पाउनेछन् र यस्ता विद्यालयले नजिकको उच्च प्राथमिक विद्यालयको शाखा विद्यालयका रुपमा रहन पाउने पनि अवसर पाउनेछन् ।

**धार्मिक/परम्परागतरूपमा सञ्चालित विद्यालयहरू**

गुम्बा/विहार, मदरसा र गुरुकुल जस्ता परम्परागत विद्यालयहरू शिक्षाको औपचारिक पद्धतिमा आउन सक्नेछन् । हाल सञ्चालनमा रहेका संस्कृत विद्यालयहरू राष्ट्रिय ढाँचाभित्रै निरन्तर सञ्चालनमा रहनेछन् ।

यस्ता विद्यालयहरू ले शिक्षणसिकाइका सन्दर्भमा राष्ट्रिय आधार र मादण्ड पूरा गर्नुपर्ने हुन्छ । यस्ता विद्यालयहरू ले उपलब्ध गराएको शिक्षाको स्तरका आधारमा प्रमाणीकरण र स्तराङ्कन गरिनेछ । यस्ता विद्यालयबाट कुनै तहको शिक्षा पूरा गरेकाहरू जुनसुकै पद्धतिको माथिल्लो तहमा अध्ययन गर्न पाउनेछन् ।

यस्ता धार्मिक/परम्परागत विद्यालयहरू को राष्ट्रिय मूल प्रवाहीकरणका लागि जिल्लास्तरमा एउटा उच्चस्तरीय समिति गठन गरिनेछ, जसले यस्ता विद्यालयको पाठ्यक्रम र शैक्षिक मापदण्डका बारेमा अध्ययन र सिफारिस गर्नेछ । उक्त समितिले यस्ता विद्यालयबाट प्राप्त शिक्षाको प्रमाणीकरण र स्ताराङ्कनका लागि पनि सिफारिस गर्नेछ । जसले गर्दा एक किसिमको विद्यालयबाट अर्को किसिमको विद्यालयमा प्रवेश सहज हुनेछ ।

**नयाँ विद्यालयको स्थापना**

तोकिएका आधारहरू र विद्यालय नक्साङ्कन कार्यक्रमबाट प्राप्त सूचनाका आधारमा जिल्ला शिक्षा अधिकारी/स्थानीय निकाय (सरकार) ले नयाँ स्थापना गर्ने विद्यालयको स्थान र विद्यालयको तह- प्रारम्भिक, प्राथमिक र उच्च प्राथमिक विद्यालयको स्वीकृति दिन पाउने छ । कुनै पनि विद्यालयले प्रारम्भिक, प्राथमिक र उच्च प्राथमिकभन्दा फरक कक्षा समावेश हुनेगरी सञ्चालन गर्नका लागि स्वीकृति पाउने छैन । एकपटक स्वीकृति पाएका सबै विद्यालयहरूले तोकिएको समयभित्र तोकिएको कक्षा/तह सञ्चालन गर्नुपर्नेछ ।

- प्रारम्भिक विद्यालयः ३० देखि ४० अथवा सोभन्दा बढी घरधुरी भएका १५० देखि २०० जनसङ्ख्या या ५ वर्षदेखि ७ वर्षसममको उमेरसमूहको जनसङ्ख्या १०० देखि १५० सम्म भएको वस्ती/समुदायमा कम्तीमा एउटा प्रारम्भिक विद्यालय स्थापना हुने पातालो वस्ती भएका स्थानहरू मा प्रारम्भिक विद्यालय स्थापना गर्ने भनिए तापनि यस्ता केही विद्यालयमा बहुकक्षा शिक्षणको व्यवस्थाका बारेमा संभाव्यता अध्ययन र परीक्षण गरिनेछ।

- प्राथमिक विद्यालयः ८० देखि १०० या सोभन्दा बढी घरधुरी भएको या जम्मा जनसङ्ख्या ४०० देखि ५०० वा सोभन्दा बढी भएको या ५ देखि ९ वर्ष उमेर समूहको जनसङ्ख्या २०० देखि २५० सम्म भएको गाउँमा कम्तीमा एउटा प्राथमिक विद्यालय स्थापना हुने ।

- उच्च प्राथमिक विद्यालयः १५० देखि २०० या सोभन्दा बढी घरधुरी या ८०० देखि १००० सम्म कुल जनसङ्ख्या या ५ देखि १३ वर्ष उमेर समूहको जनसङ्ख्या ३०० देखि ३५० भएको गाउँमा कम्तीमा एउटा उच्च प्राथमिक विद्यालय स्थापना हुने ।

- कक्षा ३ सम्मको बहुकक्षा विद्यालयः छरिएको जनसङ्ख्या भएको र जनसङ्ख्या वृद्धिको सम्भाव्यता एकदम कम भएको समुदाय बहु कक्षा विद्यालयका लागि छनौट हुन सक्नेछ ।

दस्ट्रव्यः माथि उल्लेख गरिएका आधारहरू  हिमाल, पहाड, र तराइको असमान जनसङ्ख्यालाई सम्बोधन गर्ने किसिमका छन् । बसोबासको क्षेत्रका विशेषता र यसको जनसङ्ख्यासम्बन्धी वृहत सूचनाका आधारमा यी आधारहरू  स्थानीयस्तरमा परिभाषित हुनुपर्नेछ ।

**वैकल्पिक शिक्षा**

विविध जन आवश्यकता र चाहनाहरूको सम्बोधन गर्नका लागि वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्ने कामलाई अझ व्यापक बनाइनेछ । वैकल्पिक शिक्षा कार्यक्रमभित्र खुला, घुम्ति पद्धतिसहितको लचिलो विद्यालय शिक्षा र अनौपचारिक शिक्षा पर्दछन् । हाल कार्यान्वयनमा रहेको अनौपचारिक शिक्षा कार्यक्रमले विद्यालय शिक्षा छाडिसकेकाहरू का लागि लक्षित गरेर विद्यालय विस्तार, लचिलो विद्यालय शिक्षा र ब्रिजिङ कोर्स पनि समावेश गर्नेछ ।

वैकल्पिक शिक्षा कार्यक्रम कार्यान्वयनको जिम्मेवारी गाउँ विकास समिति र नगरपालिकाजस्ता स्थानीय निकाय/सरकारको हुनेछ । यस कार्यक्रमका लागि उनीहरूले कार्यान्वयन निर्देशिका र अनुगमन तथा सुपरिवेक्षणका ढाँचाको विकास गर्ने छन् । वैकल्पिक शिक्षा कार्यक्रमको गुणस्तर सुनिश्चितताका लागि जिल्ला शिक्षा कार्यालयले अनुगमन र सुपरिवेक्षणका लागि आवश्यक प्राविधिक स्रोत र आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

जिल्ला शिक्षा कार्यालयले स्थानीय निकाय (सरकार) सँगको परामर्शमा वैकल्पिक शिक्षा कार्यक्रमका लागि केन्द्रको सङ्ख्या र कार्यक्रमको किसिम निर्धारण गर्नेछ । यी कार्यक्रमहरू विद्यालय, गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरूले पनि सञ्चालन गर्नसक्नेछन् ।

अनौपचारिक शिक्षा केन्द्रले वैकल्पिक शिक्षा कार्यक्रम कार्यान्वयनको ढाँचा उपलब्ध गराउनेछ । जसका आधारमा जिल्लास्तरमा जि.शि.का. र स्थानीय निकाय (सरकार)लाई शिक्षाविद्को परामर्शमा आफ्नै वैकल्पिक शिक्षा कार्यक्रम विकास गर्न प्रोत्साहन गरिनेछ । स्थानीयस्तरमा विकास गरिएका यस्ता कार्यक्रमहरू प्रमाणीकरण र स्तराङ्कनका लागि अनौपचारिक शिक्षा केन्द्रबाट स्वीकृत गराउनुपर्नेछ ।

विभिन्न पद्धतिबाट प्राप्त गरेको शिक्षाको समकक्षता हुनु आवश्यक छ । जुनसुकै पद्धतिबाट शिक्षा लिएको व्यक्तिलाई अर्को पद्धतिको तोकिएको कक्षा र तहमा जाने अनुमति/स्वीकृत हुनु आवश्यक छ । अहिले अनौपचारिक शिक्षा केन्द्रमा प्राप्त नौ महिने प्याकेज कक्षा ३ सँग समकक्ष छ भने ३ वर्षे सघन कोर्स कक्षा ५ को समकक्षताको मान्यतामा छ ।

अनौपचारिक शिक्षा केन्द्रले हाल कार्यान्वयनमा रहेका प्याकेजलाई प्रस्ताव गरिएको शिक्षाको संरचना र आधारभूत शिक्षाको भावनासँग मिल्ने गरी परिमार्जन गर्न सक्नेछ । यसो गर्दा अनौपचारिक शिक्षा स्थानीयस्तरका सान्दर्भिक विषयवस्तु समावेश भएको र स्थानीय तरिकाबाटै सहज शिक्षणसिकाइ गर्न सकिने किसिमको बन्नेछ ।

नौ महिने प्याकेज पूरा गरेका व्यक्तिहरूले प्रारम्भिक तहको शिक्षाको प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् जो औपचारिक शिक्षाको ४ कक्षामा भर्ना हुन योग्य मानिनेछन् । यस्तै गरेर ३ वर्षको सघन कोर्स पूरा गर्ने व्यक्तिहरूले प्राथमिक तहको शिक्षाको प्रमाणपत्र प्राप्त गरेर उच्च प्राथमिक विद्यालयका कक्षा ६ मा भर्ना हुन योग्य हुनेछन् ।

वैकल्पिक पद्धतिको शिक्षाबाट शिक्षा प्राप्त गरेकाहरू औपचारिक शिक्षाको कुनै पनि कक्षामा भर्ना हुने सन्दर्भमा नमुना विकास जिल्लाबाट तल लेखिएका कुराहरू ग्रहण गर्नसकिन्छ :

वैकल्पिक शिक्षा घरमै प्राप्त गरेरकाहरू मध्ये उमेर र ज्ञानका आधारमा औपचारिक शिक्षाका उपयुक्त कक्षाहरू मा भर्ना हुन चाहनेहरू का लागि योग्यता परीक्षा सञ्चालन गर्न एउटा स्तरीकृत ढाँचा विकास गरिनेछ । यस्ता परीक्षामा राम्रो नतिजा ल्याएकाहरू लाई विद्यालयले उपयुक्त कक्षाहरू मा भर्ना गर्नुपर्नेछ ।

जिल्लामा जनसाधारणका विविध चाहनाहरू सम्बोधन गर्नका लागि विद्यालयहरूले जिल्ला शिक्षा कार्यालय, समुदायमा आधारित संघ संस्थाहरू, गैर सरकारी संस्थाहरू र स्थानीय शिक्षाविद्हरू सँगको सहकार्यमा सघन प्याकेज विकास गर्नसक्नेछ । यस्ता प्याकेजहरू औपचारिक शिक्षाको निश्चित कक्षा र तहको शिक्षासँग समकक्षता हुनेगरी स्तराङ्कन हुनेछन् । यस्ता प्याकेजहरूको विकास शिक्षाको मूल धारबाट बाहिर रहेका जनसङ्ख्यालाई कम्तीमा आधारभूत शिक्षा उपलब्ध गराएर शिक्षाको मूल धारमा ल्याउने सिद्धान्तबाट निर्देशित हुनपर्दछ । यसका साथै यस्ता प्याकेजले विभिन्न बाधाहरूका कारणले विद्यालय शिक्षा लिन पायक नपरेका व्यक्तिको शिक्षा पाउने अधिकारलाई पनि सुनिश्चित गर्नसक्ने कुरालाई ध्यान पुऱ्याउनु पर्दछ ।

वैकल्पिक शिक्षा सञ्चालनमा ल्याउनका लागि निम्नलिखित कुराहरू ले पनि मार्गदर्शन गर्नेछन् ।

१। जिल्ला शिक्षा कार्यालयले जिल्लाको वैकल्पिक शिक्षाको आवश्यकता पूरा गर्नका लागि विद्यालय नक्साङ्कन र स्थानीयस्तरमा प्राप्त अन्य स्रोतका सूचनाहरू समेतको प्रयोग गरेर स्थानीय निकाय, नागरिक समाज र गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासमेतको सहकार्यमा वैकल्पिक शिक्षा कार्यक्रमको किसिम र सङ्ख्याको योजना बनाउनेछ ।

२। स्थानीय निकायले जिल्ला शिक्षा कार्यालयसँगको सरसल्लाह समेतमा स्थानीयस्तरका संस्थाहरू, जस्तै विद्यालयहरू र गैरसरकारी संस्थाहरूलाई वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्नका लागि अधिकार दिनसक्नेछ ।

३। वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि साझेदार संस्थाहरू खोज्न र शैक्षिक स्रोतहरू, तालिम र सहजकर्ताको सेवा सहितको सहयोग जिल्ला शिक्षा कार्यालयले स्थानीय निकायलाई उपलब्ध गराउनेछ ।

४। उपलब्ध सीमित स्रोतहरूको उच्चतम उपयोगका लागि निम्न आधारहरू समेत प्रयोग गरिनेछ :

क) प्रत्येक वैकल्पिक शिक्षा केन्द्रमा कम्तीमा १५-२५ जना सहभागी हुनुपर्ने,

ख) शिक्षा केन्द्रहरू अधिकांश सहभागिका लागि पायक पर्ने स्थानमा हुनुपर्ने ।

## परिशिष्ट ७.२ गुणस्तरीय शिक्षा (मानक तथा मापदण्ड)

विद्यालय क्षेत्र सुधारको मूल दस्तावेजमा गुणस्तरीय शिक्षाको मुख्य दुईओटा कामः गुणस्तर सुधार र गुणस्तर नियन्त्रणको सुनिश्चितताका बारेमा चर्चा गरेको छ । गुणस्तरका यी दुवै पक्ष/क्षेत्रले राष्ट्रिय मापदण्ड र मापक निर्धारणको आवश्यकता देखाउँछन् । निर्धारित मापदण्ड प्राप्ति गरेर गुणस्तरमा सुधार ल्याउने लक्ष्य र रणनीतिमा स्थानअनुसार विभिन्नता हुनसक्छन् । गुणस्तर सुनिश्चितताका लागि राष्ट्रिय मापदण्ड र लक्ष्य केन्द्रमै तय हुन्छन् तर यी मापदण्ड र लक्ष्य प्राप्ति दिगोपनका लागि अपनाइने रणनीति फरक हुनसक्छन् । गुणस्तर नियन्त्रणको एउटा पक्ष प्रत्येक मापदण्डका न्यूनतमस्तर निर्धारण गर्नु पनि हो । तय गरिएका यी मापदण्डले सिकाइका लागि सक्षमता अवस्थाको जानकारी दिन्छन्, जसलाई उपलब्ध गराउनु सरकारको कर्तव्य हो ।

विद्यालय क्षेत्र सुधारअन्तर्गत निम्नलिखित पक्षलाई शिक्षाको गुणस्तर सुधारका मुख्य तत्वका रुपमा लिइएको छ : सक्षमता अवस्था, पाठ्यक्रम र पाठ्यपुस्तक तथा शैक्षिक प्रक्रिया । त्यसै गरी गुणस्तर सुनिश्चितताअन्तर्गत शिक्षकको व्यवस्थापन र विकास, प्रधानाध्यापकको व्यवस्थापन र विकास, प्रमाणीकरण र परीक्षाका साथै अन्य व्यवस्थालाई लिइएको छ ।

गुणस्तर सुधारका लागि सबै विद्यालयमा आफ्नै किसिमको न्यूनतम सक्षमता अवस्थाको व्यवस्था हुनुपर्दछ । यस प्रसङ्गमा सबभन्दा पहिलो कुरा स्थानीय अख्तियारवालाहरूले न्यूनतम अवस्थाका लागि तिनीहरूका आफ्नै आधारहरू निर्धारण गर्नसक्ने खालको न्यूनतम सक्षमता अवस्थाको ढाँचा उपलब्ध गराउनुपर्दछ । सक्षमता अवस्थाको सबै अवयवका विषयमा निम्नलिखित कुराहरूले वृहत मार्गनिर्देश गर्दछन् :

**भौतिक वातावरण**

*विद्यालयको वातावरण*

खेलकुद मैदान र कम्पाउण्डसहितको विद्यालयको आफ्नै भवन हुनुपर्दछ । विद्यालयको वातावरण सधैं स्वस्थ, सफा र बालमैत्री हुनुपर्दछ । शिक्षा विभागले नयाँ स्थापना हुने र सञ्चालनमा भइरहेका विद्यालयहरू ले पूरा गर्न सक्ने खालको भौतिक अवस्थाको विस्तृत विवरण सहितको नयाँ विद्यालय र विद्यालय सुधार योजनाको नमुना विकास गर्नेछ । स्थापना हुने नयाँ विद्यालयको भवन शिक्षा विभागले अन्तिम रुप दिएको ढाँचाअनुसारको हुनुका साथै शिक्षा विभागले तयार गरेको वातावरणीय आवश्यकताहरू पनि पूरा भएको हुनुपर्दछ ।

हाल सञ्चालन भइरहेका विद्यालयहरूले आगामी ३ वर्षमा कार्यान्वयन हुनसक्ने खालको विद्यालय सुधार योजना बनाउनु पर्दछ । विद्यालय सुधार योजना कार्यान्वयन गर्नका लागि आवश्यक आर्थिक व्यवस्थापनमा केन्द्रीय/स्थानीय निकाय (सरकार) र विद्यालय रहेको समुदायले साझेदारी गर्नुपर्दछ ।

*विद्यालयमा सुविधाहरू को व्यवस्था*

सबै विद्यालयमा एउटा छात्र र छात्राका लागि कम्तीमा १/१ ओटा छुट्टा छुट्टै शौचालय हुनुपर्दछ । प्रारम्भिक विद्यालयमा छात्र र छात्राका लागि एक एक गरी कम्तीमा २ ओटा शौचालय हुनुपर्दछ । कक्षा १-५ सम्मको प्राथमिक विद्यालयमा कम्तीमा ३ ओटा छुट्टै शौचालय हुनुपर्दछ तीमध्ये छात्राको लागि कम्तीमा एउटा हुनुपर्दछ बाँकी शौचालयको प्रयोग सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले विद्यार्थीहरूको चापका आधारमा निर्णय गर्नेछ । यस्तै गरेर कक्षा १ देखि ८ सम्म पढाइ हुने उच्च प्राथमिक विद्यालयमा कम्तीमा ५ ओटा शौचालय हुनुपर्दछ, जसमध्ये कम्तीमा २ ओटा छात्राहरूको प्रयोगका लागि हुनुपर्दछ । यी शौचालयहरूमा सफा गर्न डिटरजेन्ट सहित आवश्यक मात्रामा पानीको आपूर्ति हुनुपर्दछ । सबै विद्यालयमा आफ्नै स्रोतको पिउने पानीको व्यवस्था हुनुपर्दछ ।

*कक्षाकोठा र यसको आकार*

विद्यालयमा सञ्चालन भएका प्रत्येक कक्षाका लागि एउटा एउटा छुट्टै कक्षाकोठा हुनुपर्दछ । उदाहरणका लागि १ देखि ३ कक्षासम्म पढाइ हुने प्रारम्भिक विद्यालयका लागि कम्तीमा ३ ओटा कक्षा कोठाको व्यवस्था हुनुपर्दछ । कक्षाकोठाको आकार कक्षा १ देखि ८ सम्म एउटा विद्यार्थीका लागि ०.७५ वर्गमिटर क्षेत्रफल पुग्ने किसिमको हुनुपर्दछ भने अन्य खाली ठाउँ शिक्षा विभागले तयार गरेको विद्यालय ढाँचामा तोकिएअनुसारको हुनुपर्दछ ।

विद्यालयहरूको प्रभावकारी र दक्षतायुक्त सञ्चालनका लागि विद्यालयको आकार र किसिमअनुसार तलको तालिकामा दिइएको अधिकतम सङ्ख्या नबढ्ने विद्यार्थीहरू  हुनुपर्दछ :

तालिका नं. २.१ प्रति विद्यालय अधिकतम विद्यार्थी सङ्ख्या

| विद्यालयको किसिम | न्यूनतम विद्यार्थी सङ्ख्या | अधिकतम विद्यार्थी सङ्ख्या |
|---|---|---|
| आधार (१-३) | ९० | १५० |
| प्राथमिक (१-५) | १५० | २५० |
| उच्च प्राथमिक (१-८) | २५० | ४०० |

माथिको तालिकामा उल्लेख भएको अधिकतम सङ्ख्याभन्दा बढी विद्यार्थी भर्ना गर्ने विद्यालयले स्थानीय अख्तियारवालाबाट स्वीकृति लिनुपर्दछ । यस प्रसङ्गमा स्थानीय अख्तियारवालाले निम्न कुराहरूको सुनिश्चितता गर्नुपर्दछ - १) विद्यार्थीका लागि आवश्यक भौतिक व्यवस्थापन र विद्यार्थीको न्यूनतम सक्षमता अवस्थाको प्राप्ति, २) ठूलो विद्यार्थी सङ्ख्यामा लागत प्रभावकारिताका साथ विद्यालयको सञ्चालन ।

*कक्षाकोठामा फर्निचर र अन्य सामग्रीहरू*

प्रत्येक कक्षामा विद्यार्थीको उमेर र उचाइअनुसारको आफ्नै फर्निचर व्यवस्था हुनुपर्दछ भने कोठाको भुइँको व्यवस्था पनि उमेर समूहका लागि सुहाउने हुनुपर्छ । हरेक कक्षाकोठामा एउटा पुस्तक राख्ने र्‍याक, शिक्षकका लागि लेख्न कालो/सेतो पाटी, शैक्षिक सामग्रीको भण्डारका लागि एउटा दराज, प्रदर्शनको व्यवस्था र सबै विद्यार्थीका लागि पुग्ने सङ्ख्यामा पर्याप्त डेस्क र बेञ्च हुनुपर्दछ । शिक्षा विभागले विद्यार्थीको उमेर सुहाउँदो फर्निचरको ढाँचा सहितको कक्षाकोठाको अन्तिम रुपको ढाँचा उपलब्ध गराउनेछ।

**शैक्षिक वातावरण**

*कक्षाको आकार*

प्रत्येक कक्षामा बढीमा ४० जनाभन्दा बढी विद्यार्थी हुनु हुँदैन । एउटा कक्षामा ४० जनाभन्दा बढी विद्यार्थी भएमा बढी विद्यार्थीको उचित प्रबन्धका लागि विद्यालय व्यवस्थापन समितिले निर्णय गर्नेछ । विद्यालय व्यवस्थापन समितिले गर्ने निर्णयमा वैकल्पिक कक्षाको व्यवस्था, दिउँसो र बिहानीको समयमा कक्षा सञ्चालन र अन्य आवश्यक व्यवस्थासम्बन्धी विकल्प हुनुपर्दछ ।

*शिक्षक विद्यार्थी अनुपात*

देशको सबै भौगोलिक क्षेत्रका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात बढीमा १:४० कायम हुनुपर्दछ । एउटा कक्षामा बढीमा ४० जनाभन्दा बढी विद्यार्थीलाई शिक्षकले पढाउनु पर्ने अवस्था हुनुहुँदैन । एउटा कक्षामा तोकिएको सङ्ख्याभन्दा बढी विद्यार्थी भएमा प्रति विद्यार्थी अनुदान उपलब्ध गराइनेछ । विद्यालयले एउटा कक्षाका लागि तोकिएको भन्दा बढी विद्यार्थीको व्यवस्थापन प्रति विद्यार्थी अनुदानबाट प्राप्त रकमबाट गर्नेछ । तर विद्यार्थी सङ्ख्या जतिसकै भए पनि यो योजनाको अन्तिम लक्ष्य भने प्रत्येक किसिमको विद्यालयमा निम्नअनुसारको न्यूनतम शिक्षक सङ्ख्या पूरा गर्ने हुनेछ ।

तालिका नं. २.२ न्यूनतम शिक्षक सङ्ख्या

| विद्यालयको किसिम | न्यूनतम शिक्षक |
|---|---|
| आधार (१-३) | ३ |
| प्राथमिक (१-५) | ६ |
| उच्च प्राथमिक (१-८) | १० |

उच्च प्राथमिक तहको विद्यालयमा प्रधानाध्यापकका लागि एउटा छुट्टै पदसहितको १० जना न्यूनतम शिक्षक सङ्ख्या हो ।

*पुस्तकालय*

हरेक विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा सान्दर्भिक पुस्तकसहितको एउटा पुस्तकालय हुनुपर्दछ । विद्यालयको पुस्तकालयमा पाठ्यपुस्तकबाहेक कम्तीमा निम्न सङ्ख्यामा अन्य पुस्तकहरू हुनु आवश्यक छ :

| विद्यालयको किसिम | न्यूनतम पुस्तक सङ्ख्या |
|---|---|
| आधार (१-३) | ५०० |
| प्राथमिक (१-५) | १००० |
| उच्च प्राथमिक (१-८) | २००० |

विद्यालयमा भएका पुस्तकालय शिक्षक र विद्यार्थीले सजिलै पुस्तक पाउने गरी विद्यालय समयमा खुला हुनुपर्नेछ ।

*अतिरिक्त क्रियाकलाप र सामग्रीहरू*

विद्यालयहरू मा कोठाभित्र र बाहिर खेल्न सकिने खेलका सामग्री र मनोरञ्जनका सामग्रीहरू सहितका अतिरिक्त कार्यकलाप आयोजना गरी विद्यार्थीहरूलाई सहभागी गराउनु पर्नेछ । अतिरिक्त कार्यकलापका क्रियाकलापहरू विद्यालयको तह र किसिम सुहाउने हुनुपर्दछ ।

## शैक्षणिक व्यवस्था

*शिक्षणको माध्यम*

आधारभूत शिक्षाको कम्तीमा कक्षा १ देखि ३ सम्म पढाइ हुने प्रारम्भिक विद्यालयमा बालबालिकाले मातृभाषामा शिक्षा पाउने अधिकार निश्चित गरिनेछ । विद्यालय व्यवस्थापन समितिले स्थानीय निकायसँगको परामर्शमा विद्यालयमा प्रयोग गरिने माध्यम भाषाका विषयमा आवश्यक निर्णय गर्न सक्नेछ । कक्षा १ देखि नै सबै कक्षाहरूमा अंग्रेजी भाषालाई एउटा विषयका रुपमा शिक्षण गरिनेछ । गुम्बा/विहार, मदरसा र गुरुकुल जस्ता विद्यालयमा माध्यम भाषाको निर्धारण तिनीहरूको सम्बन्धित व्यवस्थापन पक्षले जिल्ला शिक्षा कार्यालयसँगको परामर्शमा गर्नेछ ।

*मातृभाषा*

बालबालिकाहरूले कम्तीमा सुरुका तीन ओटा कक्षामा उनीहरूको मातृभाषामा शिक्षा पाउने अवस्थाको सुनिश्चितताका लागि विद्यालय व्यवस्थापन समितिले स्थानीय निकायको परामर्शमा माध्यम भाषाको निर्धारण गर्नेछ । कक्षा ४ र ५ मा मातृभाषामा शिक्षा दिनलिन पाउने व्यवस्थाबाट नेपाली भाषालाई शिक्षणको माध्यम भाषा बनाउने सङ्क्रमण कालको अवलम्बन गरिनेछ । कक्षा ६ देखि ८ सम्मको शिक्षाको माध्यम भाषा पूर्ण रुपमा नेपाली हुनेछ । अंग्रेजीलाई एउटा विषयका रुपमा कक्षा १ देखि ८ सम्म नै शिक्षण गरिनेछ ।

*शिक्षक तयारी*

विद्यालयमा विद्यार्थीको मातृभाषामा शिक्षा उपलब्ध गराउनका लागि शिक्षक तयारी गर्न विद्यालय व्यवस्थापन समितिले जिल्ला शिक्षा कार्यालयसँगको सहकार्यमा योजना बनाउनेछ । यस्तो योजनाको कार्यान्वयनका विषयमा शैक्षिक जनशक्ति विकास केन्द्रसँग पनि आवश्यक छलफल र अन्तरक्रिया गरिनेछ । आधारभूत शिक्षाको प्रारम्भिक कक्षाहरूमा बालबालिकाहरू लाई उनीहरूको मातृभाषामा शिक्षा उपलब्ध गराउनका लागि चाहिने मानव स्रोतको वैकल्पिक व्यवस्था विद्यालय व्यवस्थापन समितिले स्थानीय स्तरमा उपलब्ध मानव स्रोतबाट पनि गर्न सक्नेछ ।

*बालमैत्री वातावरण*

विद्यालयमा कुनै पनि बालबालिकालाई कुनै पनि किसिमको भौतिक दण्ड सजाय दिइने छैन । बालबालिकाहरू लाई भौतिक दण्ड सजाय गर्ने शिक्षक र विद्यालयलाई दोषी मानिनेछ । यस क्रममा शिक्षकलाई उसले पाउने ग्रेड घटुवा गर्ने र विद्यालय व्यवस्थापन समितिलाई चेतावनी दिएर अनुशासनसम्बन्धी कारवाही गरिनेछ ।

*निरन्तर मूल्याङ्कन प्रणाली*

आधारभूत शिक्षामा एउटै (उही) विद्यार्थी एउटा कक्षामा १ वर्षभन्दा बढी रहिरहने व्यवस्थाको अन्त्यका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिनेछ । विद्यालयका प्रत्येक कक्षामा बालबालिकाहरूको न्यूनतम सिकाइ तहको सुनिश्चितताका लागि विद्यालय तहमा सुधारात्मक सबल सहायता प्रणाली लागू हुनेछ । मूल्याङ्कनमा साङ्केतिक अक्षर प्रणाली क्रमशः कार्यान्वयनमा ल्याइनेछ । अपेक्षा गरिएभन्दा तलको उपलब्धिस्तर भएका विद्यार्थीहरूका लागि उपचारात्मक कार्यक्रम उपलब्ध गराइनेछ । पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय परीक्षा बोर्डको सल्लाहमा निरन्तर मूल्याङ्कन प्रणालीसम्बन्धी शिक्षक अभिमुखीकरण कार्यक्रमसहितको निर्देशिका उपलब्ध गराउनेछ ।

*बहुकक्षा शिक्षण*

राष्ट्रिय स्तरमा निर्धारण गरिएका आधारअनुसार पहिचान गरिएका विद्यालयहरूमा बहुकक्षा शिक्षणलाई शैक्षणिक पद्धतिका रुपमा लागू गरिनेछ । जिल्ला शिक्षा कार्यालयको परामर्शमा स्थानीय निकाय (सरकार) ले बहुकक्षा शिक्षण पद्धति लागू गर्ने उपयुक्त विद्यालयको छनौट गर्नेछ । आधारभूत शिक्षाको पनि प्रारम्भिक कक्षाहरूमा बहुकक्षा र कक्षा शिक्षण पद्धति प्रयोगमा ल्याइनेछ । बहुकक्षा शिक्षणका लागि छानिएका विद्यालय र कक्षाका लागि विशेष किसिमले तयार गरिएका सिकाइ प्याकेज/सुविधा उपलब्ध गराइनेछ ।

**पाठ्यक्रम र पाठ्यपुस्तक**

*बहु पाठ्यपुस्तक प्रणाली*

बहु पाठ्यपुस्तक प्रणाली परीक्षण भइरहेको छ । पाठ्यक्रम विकास केन्द्रले वार्षिक रुपमा प्रत्येक तह र कक्षाका लागि पाठ्यपुस्तक उत्पादन गर्नेछ । पाठ्यक्रम विकास केन्द्रले जिल्ला शिक्षा कार्यालयसँगको सहकार्य र राष्ट्रिय पाठ्यक्रम प्रारुपका आधारमा जिल्लाका सबै कक्षा र तहका लागि उपयुक्त पाठ्यपुस्तकको निर्धारण गर्नेछ । छानिएको पाठ्यपुस्तकको सूचीलाई पाठ्यक्रम विकास केन्द्रको स्वीकृति आवश्यक हुनेछ । जिल्ला शिक्षा कार्यालयले जिल्ला शिक्षा समितिको परामर्शमा स्थानीयस्तरका पुस्तक उत्पादकहरूलाई पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पाठ्यपुस्तक मध्येबाट छपाइ गर्न प्रोत्साहन गर्नेछ । स्थानीय वा राष्ट्रिय उतपादकबाट पाठ्यपुस्तक किन्ने सम्बन्धमा शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयसँगको सल्लाहमा निर्णय गर्नेछ । जिल्लाभित्र आवश्यक मात्रामा पाठ्यपुस्तक उपलब्ध गराउने संयुक्त जिम्मेवारी जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयको हुनेछ ।

*शैक्षिक सामग्री*

विद्यालयहरूमा पाठ्यपुस्तकका साथै विद्यार्थीहरूको उमेर सुहाउँदो र पाठ्यक्रममा उल्लेख भएका सिकाइउपलब्धि हासिल गर्न सहयोग पुर्‍याउने खालका सान्दर्भिक पाठ्यसामग्रीहरू हुनुपर्दछ । यस्ता सामग्रीहरूको व्यवस्था गर्ने जिम्मेवारी जिल्ला विकास समिति र जिल्ला शिक्षा कार्यालयको हुनेछ ।

*स्थानीय पाठ्यक्रम*

जिल्ला शिक्षा समिति र स्थानीय अधिकारीहरूको परामर्श र राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्गनिर्देशनमा जिल्ला शिक्षा कार्यालयले स्थानीय पाठ्यक्रम निर्माण गर्नेछन् । यस्ता स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धमा स्थानीयस्तरमा क्षमता अभिवृद्धिसम्बन्धी योजना निर्माण जिल्ला शिक्षा कार्यालयले गर्नेछ ।

**गुणस्तरको सुनिश्चितता**

- **शिक्षकको पेसागत विकास**

*योग्यता*

विद्यालय क्षेत्र सुधारले आधारभूत शिक्षाका लागि शिक्षकको न्यूनतम योग्यता शिक्षाशास्त्रमा प्रमाणपत्र तह या शिक्षक तयारी कोर्ससँग सम्बन्धित उच्च माध्यमिक शिक्षा पूरा गरेको हुनुपर्ने भनी तोकेको छ । शिक्षक हुनका लागि तोकिएको योग्यता र तालिम नभएको व्यक्ति योग्य मानिने छैनन् । तथापि एसएलसी वा सोभन्दा तलको शैक्षिक योग्यता भई हाल विद्यालयमा कार्यरत शिक्षकले निम्न विकल्प छान्न अवसर पाउनेछन्

क) सेवा निवृत्त नहुन्जेलसम्मका लागि कक्षा १-३ सम्म शिक्षण गर्ने,

ख) पाँच वर्षभित्रमा तोकिएको न्यूनतम योग्यता पूरा गरिसक्ने । यसका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले १० महिने तालिम पूरा गरिसकेको शिक्षकहरू को योग्यता वृद्धिसम्बन्धी प्राज्ञिक संस्थाहरू सँग काम पनि गर्नेछ ।

ग) स्वेच्छिक अवकासको अवसर लिने । यसका लागि शिक्षा विभागले एउटा प्याकेज कार्यक्रम विकास गर्नेछ ।

जिल्लास्तरमा शिक्षकहरू को पेशागत विकासका लागि जिल्ला शिक्षा कार्यालयले एउटा योजना बनाउने छ । यस योजनामा जिल्लाभित्रका शिक्षकहरू को समग्र विवरण, तोकिएको समयभित्र आफ्नो योग्यता बढाउने शिक्षकको सङ्ख्या, ऐच्छिक रुपमा सेवा निवृत्त हुने शिक्षकको सङ्ख्या र थप चाहिने शिक्षकको सङ्ख्या उल्लेख भएको हुनुपर्दछ ।

*तालिम*

सबै शिक्षकहरू ले शिक्षक तयारी कोर्स पूरा गरेको र प्रत्येक ५ वर्षमा पुनर्ताजगी शिक्षक तालिम कोर्स पूरा गर्नुपर्दछ । हाल कार्यरत तालिम नलिएका र आंशिक रुपमा तालिम लिएका शिक्षकहरूलाई आगामी ३ वर्षभित्रमा शिक्षक तयारी कोर्स पूरा गर्न प्रोत्साहन गरिनेछ । जिल्ला शिक्षा कार्यालय र शैक्षिक जनशक्ति विकास केन्द्रले यसका लागि योजना बनाउने र यस्तो अवसरका लागि संभाव्य शिक्षकहरू लाई तालिम उपलब्ध गराउने छन् ।

*अन्य योग्यता*

शिक्षकहरू सँग कम्प्युटरसम्बन्धी आधारभूत सीप र शान्तिका लागि वार्ता र सहमति गर्ने सीप, मेलमिलाप गर्नेगराउने सीप र आत्म व्यवस्थापनसहितको जीवनोपयोगी सीप हुनुपर्दछ ।

- **प्रधानाध्यापकको व्यवस्थापन र विकास**

*योग्यता र क्षमता*

आधारभूत शिक्षा तहको सबै उच्च प्राथमिक विद्यालयमा प्रधानाध्यापकका लागि एउटा छुट्टै पद हुनेछ । आधारभूत तहको प्रधानाध्यापक हुनका लागि न्यूनतम शैक्षिक योग्यता शिक्षा शास्त्र संकायमा स्नातक तह या सोसरहको शिक्षक तयारी कोर्स पूरा गरेको हुनेछ । विद्यालयको प्रधानाध्यापक हुनका लागि प्रधानाध्यापकका लागि सञ्चालन हुने व्यवस्थापन तालिम अनिवार्य रुपमा लिएको हुनुपर्नेछ । कार्यरत शिक्षकमध्येबाट प्रधानाध्यापक छानिने छन् । प्रधानाध्यापक छनौटमा महिला, दलित अन्य पिछडिएको समुदायका शिक्षकलाई प्राथमिकता दिइनेछ ।

*प्रधानाध्यापकको छनौट*

उच्चप्राथमिक विद्यालयमा प्रधानाध्यापकको नियुक्तिका लागि स्थानिय तहमा स्थानीय विशेषज्ञ र सरोकारलाहरू समेत रहेको एउटा स्वतन्त्र प्रधानाध्यापक भर्ना समिति गठन गर्न सकिने छ । विद्यालय व्यवस्थापन समितिले छनौट गरिएका प्रधानाध्यापकलाई निश्चित अवधिका लागि सेवा करार गर्नेछ ।

*छनौट प्रकिया*

विद्यालयमा प्रधानाध्यापक हुन चाहने उम्मेदवारले विद्यालयको विकासका लागि प्रस्ताव तयार गर्नुपर्नेछ, जुन प्रस्तावको मूल्याङ्कन प्रधानाध्यापक छनौटको प्रमुख आधार हुनेछ । प्रधानाध्यापकको कार्य अवधि चार वर्षको सेवा करार हुनेछ । विद्यालय विकासका लागि निर्माण गरिएको प्रस्तावका आधारमा प्रधानाध्यापकको कार्यदक्षताको वार्षिक लेखाजोखा विद्यालय व्यवस्थापन समितिले गर्नेछ । विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको कार्यदक्षताको आधारमा करारअवधि थप्न सक्नेछ ।

*जिम्मेवारी*

विद्यालयको प्राविधिक पक्षको व्यवस्थापनका लागि प्रधानाध्यापकको भूमिका र अधिकार ठूलो हुनेछ । प्रधानाध्यापकहरू उनीहरू को कार्यदक्षताका लागि विद्यालय व्यवस्थापन समितिप्रति जवाफदेही हुनेछन् । शिक्षकहरू को कार्य दक्षताको लेखाजोखाका लागि आधारहरू तयार गर्न प्रधानाध्यपकलाई पर्याप्त अधिकार दिइनेछ । विद्यालयको व्यवस्थापनको काममा सक्रिय गराउनका लागि प्रधानाध्यापकको शिक्षण गर्ने कार्यबोझ कम गरिनेछ ।

*कार्यरत प्रधानाध्यापक समबन्धमा*

विद्यालयको प्रधानाध्यापक हुनका लागि तोकिएको न्यूनतम योग्यता र योग्यताका आधारहरू  सबै शिक्षक र कार्यरत प्रधानाध्यापकका लागि प्रयोग हुनेछन् । प्रधानाध्यापकको छनौट प्रक्रियामा प्रधानाध्यापकका लागि तोकिएको योग्यता पुगेका हाल कार्यरत प्रधानाध्यापकसहित सबै शिक्षकहरू  सहभागी हुन पाउनेछन् ।

- **प्रमाणीकरण र परीक्षा प्रणाली**

विद्यार्थी मूल्याङ्कनका आधारमा प्रत्येक कक्षा र तहका लागि पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको सक्षमताको मापदण्ड पूरा भएको हुनुपर्दछ । राष्ट्रिय पाठ्यक्रम प्रारुपमा निर्धारण गरिएका न्यूनतम मापदण्ड नपुगेको आधारमा १ देखि ७ सम्मका विद्यार्थीहरूलाई एउटै कक्षामा दोहोर्‍याई राखिने छैन । यस्ता कम क्षमता भएका विद्यार्थीले थप उपचारात्मक सिकाइ सहयोग प्राप्त गरी न्यूनतम स्तर प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्धारण गरेका साधारण, प्राविधिक/व्यावसायिक र वैकल्पिक शिक्षाका मुख्य र ऐच्छिक विषय र यसका विषयवस्तुहरू  शैक्षणिक प्रक्रिया र विद्यार्थीको अन्तिम मूल्याङ्कनका लागि आधारका रुपमा प्रयोग गरिनेछन् ।

कक्षा ८ को अन्त्यमा लिइने परीक्षा आधारभूत तहको शिक्षाको अन्त्यमा लिइने परीक्षा हुनेछ ।  कक्षा ३, ५ र ८ मा भर्ना भएका विद्यार्थीहरूका लागि विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्याङ्कन आवधिक रुपमा सञ्चालन गरिने छ । यस्ता मूल्याङ्कनहरूले शिक्षाको गुणस्तरका लागि आधार र मापदण्ड निर्धारण गर्न सहयोग गर्नेछन् ।

- **विद्यालय व्यवस्थापन र सञ्चालन**

*विद्यालयमा न्यूनतम कक्षा सञ्चालन हुने दिन*

एक शैक्षिक सत्रमा सबै विद्यालयहरू  कम्तीमा २२० दिन खुलेर कक्षा सञ्चालन हुनुपर्छ । यदि कुनै कारणले एक शैक्षिक वर्षमा २२० दिन कक्षा सञ्चालन भएन भने विद्यालय व्यवस्थापन समितिले विद्यालयका शिक्षकहरू  परिचालन गरेर कम्तीमा १००० घण्टा विद्यालय सञ्चालन गर्ने व्यवस्था गर्नेछ । न्यूनतम २२० दिन या न्यूनतम १००० घण्टा विद्यालय सञ्चालन गर्ने मापदण्ड पूरा गर्न विद्यालय व्यवस्थापन समितिले थप कक्षा सञ्चालन गर्ने या दुई सिफ्ट गरेर कक्षा सञ्चालन गर्नेमध्ये एउटा विकल्प रोज्नुपर्छ । तर कक्षा १-३ का लागि वार्षिक कार्यघण्टा न्यूनतम ८०० घण्टा हुनसक्नेछ ।

विद्यालय खुलेर नियमित कक्षा सञ्चालन हुन नसकेको अवस्थामा विद्यालय व्यवस्थापन समितिले १००० कक्षा घण्टाको मापदण्ड पूरा गर्नका लागि समुदायमा आधारित संघसंस्थाहरूको सहयोग लिनसक्छ । बालक्लबहरूलाई प्रोत्साहन गर्नसक्छ । सामुदायिक अध्ययन केन्द्रहरूलाई प्रयोग गर्नसक्छ अनि सट्टा शिक्षकलाई पनि परिचालन गर्नसक्छ । स्थानीय निकाय पूर्णरुपमा क्रियाशील नभएको अवस्थामा सो कार्य विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

*विद्यालय/कक्षाकोठामा शिक्षकले बिताउने न्यूनतम समय/दिन*

नियमित रुपमा तोकिएको तलबभत्ता पाउने शिक्षक विद्यालयका पूर्णकालीन शिक्षक हुन् । यस्ता शिक्षकले कक्षाकोठामा शिक्षणसिकाइका लागि वार्षिक कम्तीमा १००० कार्यघण्टा र लगभग ५०० घण्टा विद्यालय व्यवस्थापनका लागि व्यवस्थापन पक्षसँग समय दिनुपर्नेछ । कक्षाकोठामा शिक्षकले दिनुपर्ने समयको निर्धारण, अनुगमन र सुपरिवेक्षण प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले संयुक्त रुपमा गर्नेछ । शिक्षकले विद्यालयको व्यवस्थापनका लागि दिनुपर्ने समय विद्यालयमै या उसको आफ्नो पेशागत विकासका लागि खर्च हुनेछ । शिक्षकले व्यवस्थापन पक्षसँग बिताउने ५०० घण्टाको समयभित्र सेमिनारहरू , कार्यशालाहरू , तालिमहरू , विद्यालय व्यवस्थापन र प्रशासन, परीक्षासम्बन्धी कामहरू  र अन्य स्थानीय विकाससम्बन्धी निम्न कामहरू मा पनि यस्तो समय लगाउन सक्नेछ : सामुदायिक अध्ययनकेन्द्र सञ्चालनका लागि सहयोग, अनौपचारिक कक्षाहरू  सञ्चालनका लागि सहयोग, थप कक्षा र अतिरिक्त कायाकलापहरू को सञ्चालन ।

शिक्षकले कक्षाकोठामा र विद्यालयको व्यवस्थापनसम्बन्धी बिताएको समयको अभिलेख विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले राख्नेछ । यदि शिक्षकले तोकिएको न्यूनतम समय कक्षाकोठामा शिक्षणको लागि र विद्यालयको व्यवस्थापनका लागि बिताएको नपाइएमा उसलाई अनुशासनसम्बन्धी कारवाही हुनसक्नेछ ।

शिक्षकले शिक्षण लगायत अन्य गतिविधिमा देखाएको दक्षताको आधारमा उनीहरूलाई पुरस्कृत गर्न विद्यालय व्यवस्थापन समितिले शिक्षक पुरस्कार प्याकेजको निर्धारण गर्नसक्नेछ ।

**गुणस्तर सुनिश्चितताका लागि अन्य व्यवस्थाहरू**

*मापदण्ड-१ पाठ्यक्रमसम्बन्धी मापदण्ड*

१। प्रत्येक तहका लागि पाठ्यक्रमको ढाँचाअनुसार सिकाइउपलब्धि निर्धारण गरिन्छ र ती सिकाइउपलब्धिहरू  विद्यार्थीहरू को उपलब्धि मापदण्डका आधार हुनेछन् ।

२। प्रत्येक तहका प्रत्येक कार्यसम्पादन मापदण्डहरू प्रत्येक विद्यार्थीद्वारा हासिल हुने सुनिश्चितता हुनेछ । त्यसैले सामाजिक आर्थिक अवस्था, जातियता, लिङ्ग र स्थानीयता आदिका कारणले विद्यार्थीले प्राप्त गर्ने ज्ञानमा कुनै फरक हुने छैन ।

३। स्थानीय पाठ्यक्रमको विकास स्थानीय विद्यालय र स्थानीय निकायले स्थानीय र राष्ट्रिय मापदण्ड मिलाएर गर्नेछन् । त्यसैले मापदण्डमा आधारित जवाफदेहिता प्रणालीले ठीक तरिकाले काम गर्नेछ । उच्च होसियारीका साथ स्थानीय पाठ्यक्रमहरू  फरक फरक स्थान (परिवेश) मा फरक हुन्छन् र यिनीहरूलाई राष्ट्रिय मापदण्डसँग मिलाएर परिवेशका कारणले विद्यार्थीको ज्ञानबीचमा हुने भिन्नता कम हुनेछ ।

४। कक्षाको तह बढ्दै जाँदा विद्यार्थीहरू लाई व्यावसायिक सीपहरू  उपलब्ध गराइनेछ । केही व्यवसायमा निश्चित अवधिका लागि सङ्लग्न भएपछि माथिल्लो तहको शिक्षा लिन चाहनेको अवसरका लागि आवश्यक ध्यान दिइनेछ ।

५। विभिन्न तहमा शिक्षण गरिने विषयका बारेमा गरिने निर्णय स्थानीय परिवेश, राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मागका आधारमा गरिनेछ ।

६। राष्ट्रिय पाठ्यक्रम बारेको निर्णय केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्रबाट र स्थानीय पाठ्यक्रम बारेको निर्णय स्थानीय तहमा गाउँ विकास समिति, जिल्ला विकास समिति र नगरपालिकाजस्ता स्थानीय निकायको सहभागितामा हुनेछ ।

*मापदण्ड-२ शिक्षकको मापदण्ड*

१। आधारभूत शिक्षाका लागि शिक्षकको न्यूनतम शैक्षिक योग्यता एसएलसीबाट कक्षा १२ उत्तीर्ण या सोसरह बनाइएको छ ।

२। शिक्षक हुनका लागि पूर्वसेवाकालीन तालिम र अध्यापन अनुमतिपत्रको अनिवार्य गरिएको छ ।

३। शिक्षकहरू को उपलब्धिको लेखाजोखा गरी उनीहरूको पेसागत विकासका लागि अवसरहरू उपलब्ध गराएर कार्यरत स्थायी र अस्थायी शिक्षकहरूको गुणस्तर सुनिश्चित गरिनेछ ।

४। विद्यालय र कक्षाकोठामा शिक्षकको नियमितताको अनुगमन ठीक तरिकाले गरिनेछ ।

५। शिक्षकले अध्यापनसम्बन्धी काममा बिताउने समय १०० प्रतिशतको नजिक हुनुपर्नेछ ।

६। कक्षाकोठाको शिक्षणसिकाइमा शिक्षकले विषय र विषयवस्तु सुहाँउदो शैक्षिक सामग्रीहरू प्रयोग गर्ने कुराको सुनिश्चितता हुनेछ ।

७। विद्यार्थीको उपलब्धिको सुधारका लागि समयमै उपलब्ध गराइने पृष्ठपोषणका लागि शिक्षकहरू जवाफदेही हुनेछन् ।

८। कक्षामा भएका अधिकांश विद्यार्थीहरू को मातृभाषाको जानकारी शिक्षकलाई हुनुपर्नेछ ।

९। जवाफदेहिताका माध्यमबाट शिक्षकको प्रतिवद्धता सुनिश्चित हुनेछ ।

*मापदण्ड-३ कक्षाकोठाको मापदण्ड*

१। औसतमा एकजना विद्यार्थीले ०.७५ वर्गमिटर क्षेत्रफल पाउनेछन् ।

२। एउटा कक्षामा ४० जनाभन्दा बढी विद्यार्थी हुने छैनन् ।

३। प्रत्येक कक्षाकोठामा पर्याप्त प्रकाशको व्यवस्था हुनेछ ।

४। प्रत्येक कक्षामा दोहोरो हावा खेल्ने व्यवस्था हुनेछ ।

५। कक्षाकोठा विद्यार्थीका चाहनाअनुसार बालमैत्री बनाइनेछन् ।

६। उमेरसमूहका विद्यार्थीका लागि सुहाउँदो कक्षाकोठा हुनेछन् ।

७। कक्षाकोठामा शिक्षकले विभिन्न कियाकलाप गराउन मिल्ने किसिमको उपयुक्त र बालमैत्री फर्निचर हुनेछन् ।

*मापदण्ड-४ मूल्याङ्कनका लागि मापदण्ड*

१। कक्षा ८ को अन्त्यमा जिल्लास्तरीय परीक्षा सञ्चालन हुनेछ ।

२। कक्षा १० को अन्त्यमा क्षेत्रस्तरीय परीक्षा सञ्चालन हुनेछ ।

३। कक्षा १२ को अन्त्यमा राष्ट्रिय परीक्षा सञ्चालन गरिनेछ ।

४। विद्यालयका प्रत्येक कक्षामा निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिनेछ र विद्यार्थी मूल्याङ्कनको अभिलेख तोकिएको ढाँचामा राखिनेछ ।

५। प्रत्येक कक्षाका अन्त्यमा निर्णयात्मक मूल्याङकन गरिनेछ ।

६। वर्षभरिको विद्यार्थीको उपलब्धिको लेखाजोखा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको योगबाट गरिनेछ ।

७। प्रत्येक विषयको विद्यार्थीको उपलब्धिका लागि विषय शिक्षकलाई जवाफदेही बनाइनेछ ।

८। विद्यार्थीहरू को उपलब्धिको नियमित जानकारी अभिभावकले पाइरहनेछन् । यसका लागि कक्षा शिक्षकलाई जिम्मेवार बनाइनेछ ।

९। प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धिस्तर अरु विद्यार्थीसरह बनाउनका लागि थप कक्षाहरू सञ्चालन गर्नेछन् ।

१०। माथिल्लो कक्षामा जानका लागि प्रत्येक विषयमा विद्यार्थीले ५० प्रतिशत अङ्क ल्याउने कुराको सुनिश्चितता हुनेछ ।

*मापदण्ड-५ गुणस्तरसँग सम्बन्धित अन्य मापदण्डहरू*

१। एक वर्षमा कम्तीमा २२० दिन विद्यालय खुल्ने कुराको सुनिश्चितता हुनेछ ।

२। शैक्षिक सत्र निर्धारणका लागि स्थानीय निकायलाई स्वायत्तता दिइनेछ । यसो गर्दा एक शैक्षिक वर्षमा २२० दिन विद्यालय सञ्चालन हुन स्थानीय निकाय जवाफदेही हुनेछन् ।

३। एक शैक्षिक वर्षभरिमा विद्यालयमा कुनै पनि राजनैतिक बाधा नपर्नेगरी विद्यालयहरू शान्तिक्षेत्र घोषित हुनेछन् ।

४। प्रभावकारी अनुगमन र सुपरिवेक्षण प्रणालीका साथमा शिक्षा नियमावलीको नियमनिष्ठ कार्यान्वयनको सुनिश्चिता हुनेछ ।

५। पुरस्कार र दण्डलाई जवाफदेहितासँग सम्बन्धित गराइनेछ ।

६। कक्षा १ देखि ५ सम्म कक्षा शिक्षक र कक्षा ६ देखि १२ सम्म विषय शिक्षकको व्यवस्था हुनेछ ।

७। नेतृत्वको गुणस्तरसम्बन्धी मापदण्डका आधारमा प्रधानाध्यापकको छनौट गरिनेछ ।

८। विद्यालयको व्यवस्थापन स्थानीय निकायले समुदायको निकट परामर्शमा गर्नेछ ।

९। विद्यार्थीहरू को नियमितताको सुनिश्चितता हुनेछ ।

१०। कुनै दोहोरोपन विना विद्यालयको व्यवस्थापन गरिनेछ ।

११। हरेक तहको विद्यालयको भौतिक सुविधाको राष्ट्रिय आधार निर्माण गरेर ती आधारहरू पूरा गर्न स्थानीय निकायलाई उत्प्रेरित गरिनेछ ।

# परिशिष्ट ३.३ः सुशासन र व्यवस्थापन

विकेन्द्रीकरणको भावना र यससम्बन्धमा स्थानीय स्वायत्त शासन ऐनमा स्पष्ट पारिएअनुसार विद्यालय क्षेत्र सुधार कार्यक्रमको उद्देश्य शैक्षिक योजना निर्माण र व्यवस्थापनको जिम्मेवारी स्थानीय निकाय र समुदायलाई दिने रहेको छ । सुशासन र व्यवस्थापनलाई दुई छुट्टै कामका रुपमा वर्णन गर्न/बुझ्न सकिन्छ र यसका लागि दुई छुट्टै निकाय जिम्मेवार रहन्छन् । योजना निर्माण र बजेटको बाँडफाँड, विद्यालय स्थापना गर्ने ठाउँका विषयमा गरिने निर्णय, औपचारिक र वैकल्पिक शिक्षा छान्ने अवसर उपलब्ध गराउने, शैक्षिक गुणस्तरको मापदण्ड तयार गर्ने र विद्यालय उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितताजस्ता कुराहरू सुशासनका कामभित्र पर्दछन् । व्यवस्थापनका कामहरू भने मुख्यरुपमा सञ्चालन तहसँग सम्बन्धित हुन्छन् जसले नीतिगत निर्णयहरूलाई कार्यक्रम र कार्यान्वयन रणनीतिमा रुपान्तरण गर्दछन् ।

सुशासन र व्यवस्थापसम्बनधी मोटामोटी जिम्मेवारीहरू शैक्षिक योजना, विकेन्द्रीकरण, प्रधानाध्यापकको व्यवस्था र लगानीको ढाँचा गरी ४ मुख्य कामसँग सम्बन्धित गराएर चर्चा गरिएको छ ।

**शैक्षिक योजना**

स्थानीय निकायले आआफ्नो अधिकारक्षेत्रभित्र रहेर योजनाको राष्ट्रिय ढाँचामा आधारित भई आआफ्नो शिक्षासम्बन्धी योजना निर्माण गर्नेछन्; जसलाई गाउँस्तरमा गाउँ शिक्षा योजना, नगरस्तरमा नगर शिक्षा योजना र जिल्लास्तरमा जिल्ला शिक्षा योजना भनिनेछ । यी योजनाहरुभित्र स्थानीयस्तरका सान्दर्भिक र सम्भाव्य लक्ष्य र रणनीति पर्दछन् जसले कम्तीमा पनि निम्नलिखित कुराहरूलाई कन्द्रित गरेको हुनुपर्दछ :

- विद्यालयमा न्यूनतम सक्षमता अवस्थाका बारेमा राष्ट्रिय ढाँचा,
- निःशुल्क आधारभूत शिक्षाको कानुनी हक,
- लैगिंक समता र समावेशीकरण,
- तोकिएको समयमा आधारभूत शिक्षासबैले पूरा गर्ने व्यवस्था।
- स्थानीय निकायले विद्यालय र समुदायलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनका लागि प्रोत्साहित गर्नेछन् ।
- यस्ता आवधिक योजनाका आधारमा स्थानीय निकायले वार्षिक कार्यान्वयन योजना निर्माण गर्नेछ ।
- शिक्षासम्बन्धी यस्ता योजनाहरूको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय निकायको हुनेछ । यस प्रयोजनका लागि स्थानीय निकायहरूले अन्य प्रतिस्पर्धी निकाय, समूह, संस्था र व्यक्तिसमेतलाई शिक्षा प्रदायकका रुपमा परिचालन गर्न सक्नेछ । यस्तै तरिकाले सामुदायिक र संस्थागत विद्यालयले पनि अनौपचारिक र वैकल्पिक शिक्षाका लागि शिक्षा प्रदायकको भूमिका खेल्न सक्नेछन्।
- गाउँ शिक्षा योजना आधारभूत शिक्षामा केन्द्रित हुनेछ जसले सामुदायिक र संस्थागत गरी सबै औपचारिक, अनौपचारिक, अनियमित, धार्मिक, वैकल्पिक र छोटो अवधिका व्यावसायिक तालिम समेतलाई समेट्नेछ ।
- जिल्ला शिक्षा योजनाभित्र विद्यालयीय शिक्षा क्षेत्र पर्नेछ जसले ८ कक्षा पछिको साधारण र प्राविधिक शिक्षामा सामुदायिक र संस्थागत विद्यालयीय शिक्षासमेत समेट्नेछ । यसले विभिन्न पद्धतिमा सञ्चालित माध्यमिक तहको शिक्षासम्बन्धी तालिमसहितका क्रियाकलापहरू समेट्नेछ ।

- विद्यालय सुधार योजना तयारी र स्रोत व्यवस्थापनसम्बन्धी क्रियाकलापहरूको नेतृत्वदायी भूमिका विद्यालय व्यवस्थापन समितिले लिनेछ । विद्यालयको प्रधानाध्यापक भने सङ्गठन र व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापका लागि जिम्मेवार हुनेछ भने विद्यालय सुधार योजनामा उल्लेख भएका क्रियाकलापहरूको कार्यान्वयन गर्ने जिम्मेवारी विद्यालयको हुनेछ ।

**शैक्षिक योजना निर्माणका लागि सहयोग**

क) शिक्षा डेस्क अधिकृतको व्यवस्था

- स्थानीय निकायमा योजना निर्माणमा समन्वयकारी भूमिका खेल्ने, निरीक्षण गर्ने र योजना कार्यान्वयनमा सघाउने भूमिकाका लागि योजनाअवधिको अन्त्यसम्मा एकजना शिक्षा अधिकृत रहने व्यवस्था हुनेछ । स्थानीय निकायले आफ्नो शिक्षासम्बन्धी योजना निर्माण गर्नका लागि जिल्ला शिक्षा कार्यालय र जिल्लामा उपलब्ध अन्य प्राविधिक कार्यालयबाट पनि प्राविधिक सहयोग पाउनेछ।

ख) सर्वेक्षण र अनुसन्धान कार्य

- शैक्षिक योजना निर्माण र कार्यान्वयनको जिम्मेवारीमा सहजकारी भूमिका निर्वाह गर्नका लागि गाउँ विकास समिति/नगरपालिकाले जनसङख्याको बनोट, शैक्षिक अवस्था, आर्थिक अवस्था लगायत सबै जनसङ्ख्याको सामाजिक सांस्कृतिक क्षेत्रका सूचना सङ्कलन गर्नका लागि घरधुरी सर्वेक्षण कार्यक्रम सञ्चालन गर्नेछन् ।
- गाउँ विकास समिति/नगरपालिकाले यस्ता सूचनाहरू सामाजिक नक्साङ्कन र महत्वपूर्ण पञ्जीयनका आधारमा वार्षिक रुपमा अद्यावधिक गर्नेछ ।
- गाविस/नपालाई सर्वेक्षणसम्बन्धी काम र त्यसबाट प्राप्त सूचनालाई कम्प्यूटराइज गर्नका लागि केन्द्रीय सरकारले सहयोग गर्नेछ ।
- गाविस/नपाको शैक्षिक, आर्थिक र सामाजिक अवस्थाको वृहत नक्साङ्कनले पनि विद्यालय सुधार योजना निर्माण गर्न र शिक्षाको विकासका लागि अन्य कामहरू गर्नका लागि व्यवहारिक आधार प्रदान गर्दछ ।
- जिल्लास्तरमा अनुसन्धान र विकाससम्बन्धी कामहरू गर्नका लागि प्रोत्साहन गरिनेछ ।

ग) क्षमता अभिवृद्धि र प्राविधिक सहयोग

- केन्द्रीय सरकारले विद्यालयको योजना निर्माण, कार्यक्रम निर्माण र बजेट बाँडफाँड, स्रोत परिचालन, कार्यक्रम कार्यान्वयन र अनुगमन, सूचनाहरूको व्यवस्थापन, समुदायसँग दरिलो र सहयोगात्मक सम्पर्कबाट सम्बन्ध बढाउने जस्ता कुरामा केन्द्रित रहेर क्षमता विकास योजना निर्माण कार्यान्वयन गर्नेछ ।
- जिल्ला शिक्षा कार्यालयले नियमित रुपमा गाउँविकास समिति र नगरपालिकालाई योजना निर्माण र विकासात्मक काममा प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।
- जिल्ला शिक्षा कार्यालय र जिल्ला विकास समितिले आवधिक रुपमा गर्ने सुपरिवेक्षण र अनुगमनले पनि कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउनेछन् ।
- यसका साथै आवश्यक परेका समयमा शिक्षा विभाग र शिक्षा मन्त्रालयले पनि प्राविधिक सहयोग पुऱ्याउनेछन् ।

- विद्यालयमा अभिभावकबाट सहयोग उपलब्ध गराउन र समुदाय परिचालन गर्नका लागि विद्यालय व्यवस्थापन समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । विद्यालय व्यवस्थापन समिति र विद्यालयको क्षमता बढाउनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले दरिलो सहजकारी भूमिका खेल्नेछन् ।

**योजनाको समीक्षा र अनुमोदन**

- योजना निर्माण प्रक्रियामा मार्गनिर्देश गर्ने र सहयोग पुऱ्याउने उद्देश्यले स्थानीयस्तरका सबै सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरी स्थानीय निकायले एउटा नौ सदस्यीय स्वतन्त्र समिति निर्माण गर्नेछ । यस समितिले योजनामा उल्लेख भएका कार्यकलापहरूको कार्यान्वयनका लागि अनुगमनको पनि जिम्मेवारी लिनेछ ।

- स्थानीय निकायले निर्माण गरेको योजना अनुमोदन गर्न र लगानीका लागि आवश्यक निर्णय गर्न जिल्ला परिषदमा पेस गर्नुपर्नेछ ।

- योजना निर्माण प्रक्रियामा सघाउ पुऱ्याउने क्रममा केन्द्रीय सरकारले स्थानीय शैक्षिक योजना निर्माणका लागि ढाँचा उपलब्ध गराउनेछ ।

- शैक्षिक योजना कार्यान्वयन प्रक्रियाको अवस्था र प्रगतिका बारेमा छलफल गर्नका लागि प्रत्येक चार महिनामा स्थानीय निकायले सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्नेछ ।

- गाउँ शिक्षा योजनाको तयारी र कार्यान्वयनमा जिल्ला विकास समितिले मार्गदर्शन र अनुगमनको भूमिका निर्वाह गर्नेछ ।

- स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी योजना बनाउने र कार्यान्वयन गर्ने काम केन्द्रीय सरकारले गर्नेछ ।

- निर्माण गरिएका योजनाको अनुमोदन र लगानीसम्बन्धी निर्णयका लागि प्राथमिक र प्रारम्भिक स्कूलले गाउँ विकास समिति/नगरपालिकामा र माध्यमिक विद्यालयले जिल्ला विकास समितिमा आफूले बनाएका योजना पेस गर्नुपर्नेछ ।

- विद्यालय सुधार योजना निर्माणका लागि केन्द्रीय सरकारले त्यसको ढाँचा उपलब्ध गराउनेछ ।

- विद्यालय सुधार योजना कार्यान्वयन प्रक्रियामा प्रगति र हालको अवस्था बारे छलफल गर्नका लागि प्रत्येक चार महिनामा विद्यालय व्यवस्थापन समितिले सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नेछ ।

- प्राथमिक र आधारभूत विद्यालयको विद्यालय सुधार योजनाको तयारी र कार्यान्वयनको समग्र मार्गनिर्देशन र अनुगमनको भूमिका सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाको हुनेछ भने माध्यमिक विद्यालयका हकमा सो भूमिका जिल्ला विकास समितिको हुनेछ ।

**विकेन्द्रीकरण**

- स्थानीयस्तरमा विद्यालयको सुशासन र व्यवस्थापनको जिम्मेवारी केन्द्रीय सरकार, स्थानीय निकाय र विद्यालयको हुनेछ । विद्यालयभित्रै भएका विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले विद्यालय व्यवस्थापनको भूमिका निर्वाह गर्नेछन् ।

- स्थानीय निकायले आफ्नो कार्यक्षेत्रभित्र रहेर मुख्य शैक्षिक निकायका रुपमा काम गर्नेछ । यो निकाय मुख्य रुपमा आफ्नो क्षेत्रमा शैक्षिक दूरदृष्टि, नीति, योजना र कार्यक्रम निर्माणका लागि जिम्मेवार हुनेछ ।

- स्थानीय तहका नीति र कार्यक्रमहरू केन्द्रीय तहका नीति र कार्यक्रमका आधारमा तयार गरिनेछन् ।

- आधारभूत शिक्षाका लागि विद्यालय स्थापना, कक्षोन्नति, विद्यालय सार्ने, गाभ्ने तथा तालिमसम्बन्धी जिम्मेवारी गाविस/नपाको हुनेछ । माध्यमिक विद्यालयको हकमा यस्तो अधिकार जिल्ला विकास समितिमा हुनेछ । यस्तो निर्णय विद्यालय नक्साङ्कनसम्बन्धी सूचनाको आधारमा गरिनेछ ।

- विद्यालय व्यवस्थापन समितिले विद्यालय व्यवस्थापनसम्बन्धी कामहरू गर्नेछ भने विद्यालय सुधार योजना निर्माण र विद्यालय सुधार योजनामा भएका कार्यकलापहरूको अनुगमनका लागि स्थानीय निकायप्रति जवाफदेही हुनेछ ।

- विद्यालय व्यवस्थापन समितिले विद्यालय सुधार योजना बनाउँदा पहुँच, गुणस्तर, समावेशी, आन्तरिक दक्षता र सहभागिताका क्षेत्रमा स्थानीय निकायले तयार गरेको मापदण्डलाई ध्यानमा राख्नेछ तापनि विद्यालय सुधार योजनाको मुख्य जोड गुणस्तर, आन्तरिक दक्षता, शिक्षक/विद्यालय कार्यदक्षता, विद्यालय वातावरण इत्यादिमा हुनेछ ।

- विद्यालय व्यवस्थापन समितिले विद्यालयमा शुल्क संरचना, न्यूनतम प्राज्ञिक, सामाजिक र भौतिक वातावरणको निर्धारण राष्ट्रिय र स्थानीय सरकारले उपलब्ध गराएको वृहत खाकाका आधारमा गर्नेछ ।

- स्थानीय र राष्ट्रिय सरकारले उपलब्ध गराएको वृहत दायराभित्र रही विद्यालय व्यवस्थापन समितिले स्थानीय पाठ्यक्रम, विद्यालयको कार्यपात्रो, विद्यालय प्रधानाध्यापक र शिक्षकका लागि गुणस्तर र कार्यदक्षतासम्बन्धी लक्ष्यका सम्बन्धमा विद्यालयलाई नीतिगत निर्देशन दिनेछ ।

**प्रधानाध्यापकको व्यवस्था**

- विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकसँग कार्यदक्षतासम्बन्धी सम्झौता करार गर्नेछ ।

- प्रधानाध्यापक निम्नलिलिखत प्रशासनिक क्रियाकलापका लागि जिम्मेवार हुनेछन् - समग्र आर्थिक व्यवस्थापन, शिक्षक र अन्य कर्मचारीको व्यवस्थापन र मूल्याङ्कन, विद्यालयको दैनिक कार्यतालिका र वार्षिक कार्यतालिका निर्माण, विद्यालयको तथ्याङ्क र अभिलेख अद्यावधिक, अन्य निकायहरू सँग सम्पर्क अधिकारीका रुपमा कार्य, विद्यालयका लागि न्यूनतम सामाजिक र भौतिक मापदण्ड निर्धारण र कायम, विद्यालयको भौतिक सम्पत्तिको संरक्षण र सम्बर्धन इत्यादि ।

- प्रधानाध्यापकले विद्यालय सुधार योजनाका आधारमा वार्षिक कार्यान्वयन योजना निर्माण जस्ता विकासात्मक कार्य पनि गर्नुपर्नेछ ।

- प्रधानाध्यापक निम्निलिखित प्राज्ञिक क्रियाकलापका लागि जिम्मेवार हुनेछन् - विद्यालयका लागि न्यूनतम प्राज्ञिक मापदण्ड कायम गर्नु, शिक्षकलाई काममा लगाउनु, शिक्षकको प्राज्ञिक सुपरिवेक्षण गर्नु, स्थानीय पाठ्यक्रमको विषयवस्तु र ढाँचा निर्धारण, कक्षाकोठा सङगठन, शैक्षणिक विधिहरू इत्यादि ।

- प्रधानाध्यापकले सबै शिक्षकका लागि कार्यदक्षताको लक्ष्य र कामको निर्धारण गर्नेछन् ।

**आर्थिक व्यवस्थापन**

- शिक्षा विकास योजनाको निर्माण र कायान्वयनका लागि सहयोगस्वरुप केन्द्रीय सरकारले स्थानीय सरकारलाई प्रत्यक्ष रुपमा बजेट अनुदान उपलब्ध गराउनेछ । यस्तो बजेट सूत्रमा आधारित, अनुदानमा आधारित, जनसङ्ख्याको आकार, उपलब्ध स्रोतसाधन इत्यादिका आधारमा हुनेछ ।

- उल्लिखित अनुदानका साथै स्थानीय सरकारले शिक्षा विकासका गतिविधिहरूको कार्यान्वयनका लागि आन्तरिक/स्थानीय स्रोतको पनि उपयोग गर्नेछ ।

- केन्द्रीय सरकारबाट प्राप्त अनुदान स्थानीय निकायले विद्यालय र स्थानीयस्तरका शैक्षिक सेवा प्रदायक संस्थाहरू समेतलाई बाँडफाँड र वितरण गर्नेछ ।

- केन्द्रीय सरकारले आधारभूत शिक्षाका लागि गाविस/नपामा र माध्यमिक शिक्षाका लागि जिल्ला विकास समितिमा सोझै अनुदान उपलब्ध गराउनेछ ।

- सो अनुदान गाविस/नपाले आधारभूत शिक्षा सेवा प्रदायक र शिक्षा संस्थापकहरूलाई उपलब्ध गराउनेछ ।

- जिल्ला विकास समितिले माध्यमिक तहको शिक्षाका लागि शिक्षा सेवा प्रदायक र शिक्षा संस्थापकलाई अनुदान उपलब्ध गराउनेछ तर जिल्ला विकास समितिले आधारभूत शिक्षाका लागि अनुदान गाविस/नपालाई उपलब्ध गराउनेछ ।

- केन्द्रीय सरकारले बजेट बाँडफाँड र वितरणका लागि एउटा आधारभूत मापदण्ड विकास गर्नेछ भने यस आधारमा स्थानीय सरकारले पनि केन्द्रबाट प्राप्त अनुदान/बजेटको बाँडफाँड र वितरणका लागि आफ्ना आधारहरू बनाउनेछ ।

- स्थानीय सरकारले गुणस्तरीय शिक्षाको विकास र विस्तारका लागि आन्तरिक र बाह्य स्रोत जुटाउनेछ र यस्तो स्रोतको बाँडफाँड र वितरण केही आधार र सूत्रमा आधारित हुनेछ ।

- विद्यालय सुधार योजना र निर्माणका लागि विद्यालयले स्थानीय निकायबाट न्यूनतम बजेट सीमा प्राप्त गर्नेछ । स्थानीय निकायबाट प्राप्त बजेट सीमा र स्थानीय स्रोतसमेतको विचार गरेर विद्यालयहरुले सन् २००९ देखि २०१५ सम्मका लागि विद्यालय सुधार योजना निर्माण गर्नेछ । सन् २०१२ मा उक्त योजनाको मध्यावधि मूल्याङ्कन र पुनरावलोकन गरिनेछ ।

## परिशिष्ट ८.५: विद्यालय क्षेत्र सुधार कार्यक्रम अनुगमन र मूल्याङ्कन योजनाको खाका

अ) लक्ष्य (Goal) तह

| आवश्यक सूचना | सूचक | सत्यापनको माध्यम | | | | सूचनाको प्रयोग | |
|---|---|---|---|---|---|---|---|
| | | तथ्याङ्कको स्रोत | बारम्बारता | जिम्मेवारी | विधि | प्रतिवेदन | प्रस्तुति |
| | | | | | | | |

मान्यता

आ) प्रयोजन/अभिप्राय तह

| आवश्यक सूचना | सूचक | सत्यापनको माध्यम | | | | सूचनाको प्रयोग | |
|---|---|---|---|---|---|---|---|
| | | तथ्याङ्कको स्रोत | बारम्बारता | जिम्मेवारी | विधि | प्रतिवेदन | प्रस्तुति |
| | | | | | | | |

मान्यता

इ) उद्देश्यको तह

| आवश्यक सूचना | सूचक | सत्यपानको माध्यम | | | | सूचनाको प्रयोग | |
|---|---|---|---|---|---|---|---|
| | | तथ्याङ्कको स्रोत | बारम्बारता | जिम्मेवारी | विधि | प्रतिवेदन | प्रस्तुति |
| | | | | | | | |

मान्यता

ई) मुख्य उपलब्धिको तह

| आवश्यक सूचना | सूचक | सत्यपानको माध्यम | | | | सूचनाको प्रयोग | |
|---|---|---|---|---|---|---|---|
| | | तथ्याङ्कको स्रोत | बारम्बारता | जिम्मेवारी | विधि | प्रतिवेदन | प्रस्तुति |
| | | | | | | | |

मान्यता

# परिशिष्ट ८.१: शिक्षा नीति समिति : संरचना, बनोट र अधिकार

*वर्तमान व्यवस्था*

## १। विद्यालय क्षेत्र सुधार कार्यक्रमको मूल दस्तावेजमा शिक्षा नीति समिति

विद्यालय क्षेत्र सुधारको मुख्य दस्तावेजले शिक्षा नीतिसम्बन्धी यस्तो व्यवस्था गरेको छ : विद्यालय क्षेत्र सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा मन्त्रालयलाई नीतिसम्बन्धी मार्ग निर्देशन गर्ने सम्पूर्ण जिम्मेवारी शिक्षा मन्त्रीको अध्यक्षतामा रहेको शिक्षा नीति समिति (EPC) सँग रहनेछ । शिक्षा नीति समितिमा विद्यालय शिक्षाको नीति, योजना, व्यवस्थापन, स्रोत व्यवस्थापन र सेवा प्रदानमा सहभागी भएका मन्त्रालय/संस्थाको समेत प्रतिनिधित्व हुनेछ ।

## २। प्रयोजन

नीति सम्बद्धता, नीति समन्वय र नीति विश्लेषणका लागि संस्थागत ढाँचा उपलब्ध गराउन सहजकारी भूमिका खेल्नु ।

## ३। स्थापना र संरचना

शिक्षा नीति समिति मन्त्रीपरिषद्को निर्णयअनुसार काम गरिरहेको छ । यसको संरचना निम्नअनुसारको छ :

- यो शिक्षा मन्त्रीको अध्यक्षतामा रहेको १३ सदस्यीय समिति हो ।
- यस समितिमा शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय र महिला, बालबालिका र समाज कल्याण मन्त्रालयका सचिव र राष्ट्रिय योजना आयोगको प्रतिनिधि सदस्य रहनेछन् ।
- यस समितिमा दलित र महिला आयोगबाट पनि सदस्यका रुपमा प्रतिनिधित्व रहनेछ ।
- यस समितिमा समितिद्वारा मनोनित चारजना शिक्षाविद्हरू रहनेछन् ।

## ४। अधिकार

समितिको अधिकारभित्र निम्न कुराहरू हुनेछन् :

- शिक्षा क्षेत्रमा नीतिगत निर्णयका लागि समन्वय गर्नु,
- आवश्यक नीतिहरू को स्वीकृतिका लागि सरकारलाई सिफारिस गर्नु,
- नीतिसम्बन्धी मुद्दाहरू मा अध्ययन र अनुसन्धान सञ्चालन गर्नु,
- नीतिसम्बन्धी कार्यहरू मा अनुगमन र अनुसरण गर्नु,
- मन्त्रालयलाई अल्पकालीन र दीर्घकालीन योजना निर्माणका लागि सहयोग गर्नु,
- विभिन्न शैक्षिक मुद्दाहरूमा परामर्शका लागि छलफल, सेमिनार, गोष्ठी आदि कार्यक्रमको आयोजना गर्नु ।

*शिक्षा नीति समितिलाई संस्थागत गर्ने*

यस समितिले प्रभावकारी रुपमा काम गर्नका लागि यसलाई दरिलो कानुनी आधार प्रदान गर्नु आवश्यक छ । यसका साथै यस समितिको संरचना, बनावट र अधिकार क्षेत्रका बारेमा पनि पुनर्विचार गर्नु आवश्यक छ ।

- **संरचना र बनावटः-** यस समितिले शिक्षा नीति प्रक्रियामा सरोकारवालाहरू का चाहनाहरू , पेशेवरहरू का अनुभवहरू , काममा सङ्लग्न व्यक्तिका अनुभवहरू  र व्यवस्थापनसम्बन्धी दृष्टिकोणहरू  ल्याउन चाहेको छ । त्यसैले यस समितिको संरचनाले यी सबै दृष्टिकोणको सम्बोधनका लागि स्वीकृति दिनुपर्दछ । यसका साथै यसले नीति प्रक्रियाको राजनैतिक पक्षका लागि प्राविधिक र पेशागत/व्यावसायिक आयामको एकीकरणका लागि स्वीकृति दिनुपर्दछ । यस क्रममा समितिको आकार र बनावटको सन्तुलनले पनि महत्त्वपूर्ण भूमिका खेल्दछ । यदि यसलाई पनि ध्यान दिइयो भने यो समितिले प्रभावकारी र दक्षतापूर्वक काम गर्न सक्छ । तसर्थ सान्दर्भिक र विकसित भएका नयाँनयाँ प्रसङ्गमा समितिलाई जानकारी गराउन र सहयोग उपलब्ध गराउनका लागि उपसमिति पनि हुनु आवश्यक छ ।

- **सचिवालय :-** शिक्षा नीति समिति (EPC) लाई सबै सरोकारवालाहरू मा सुसूचित भएको नीति निर्माणमा सहयोग पुर्‍याउनका लागि समितिको प्राविधिक सचिवालयको व्यवस्था हुनु आवश्यक छ । यस प्राविधिक सचिवालयले समितिलाई प्रकरणीय अध्ययन, नीति समीक्षा र सरोकारवालाहरू को परामर्शका माध्यममबाट प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

- **अधिकारः-** शिक्षा मन्त्रीले अध्यक्षता गरेको, उच्च तहका अधिकारी र पेसेवरको प्रतिनिधित्व भएको यस समितिमा नीतिहरू लाई प्राविधिक रुपमा स्वीकृति दिने अधिकार हुनुपर्दछ । तथापि व्यवस्थापनको दृष्टिकोणबाट समितिको अधिकार मूल रुपमा सल्लाहकारी रहनेछ ।

- **अन्य प्राविधिक परिषद्/समितिसँगको सम्बन्धः-** शिक्षा नियमावलीअनुसार गठन भएका विभिन्न परिषद् र समितिहरू ले सान्दर्भिक नीति विषय/प्रकरणमा शिक्षा नीति समितिलाई प्राविधिक सहयोग उपलब्ध गराएर सहयोग गर्नेछ । यहीअनुसार यस समितिको बनावटमा पनि पुवर्विचार गर्नुपर्दछ ।

## परिशिष्ट ९.१: अवयवगत कूल बजेट

(रु दसलाखमा)

| कूल बजेट अवयवहरू | ०९/१० | १०/११ | ११/१२ | १२/१३ | १३/१४ | १४/१५ | १५/१६ | पाँच वर्षका लागि | | सात वर्षका लागि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नेपाली रु | अमेरिकी डलर | नेपाली रु | अमेरिकी डलर |
| प्रारम्भिक बाल शिक्षा तथा विकास | ७८७.०४ | ८७३.२८ | ९४७.९४ | १०२९.७९ | १११७.४७ | ११७१.२३ | १२४९.७४ | ४७५५.५२ | ५९.४४ | ७१७६.४९ | ८९.७१ |
| आधारभूत शिक्षा | २६५१२.३० | २९०६२.७९ | ३१९३५.२४ | ३४७९८.९५ | ३७०८३.७१ | ३९२५८.१७ | ४१७८३.४६ | १५९३९२.९९ | १९९२.४१ | २४०४३४.६२ | ३००५.४३ |
| माध्यमिक शिक्षा | ५९२३.७० | ६५६७.२६ | ७४१५.१६ | ८६३६.७३ | १०१६०.२६ | १२२५९.७६ | १४०७७.५७ | ३८७०३.१२ | ४८३.७९ | ६५०४०.४४ | ८१३.०१ |
| सक्षरता र जीवन पर्यन्त सिकाइ | १९८.२७ | २११.०७ | २२४.६७ | २३९.०९ | २५४.३९ | २७०.६३ | २८७.८६ | ११२७.४९ | १४.०९ | १६८५.९८ | २१.०७ |
| प्राशिव्याता | २४७.१३ | २४७.१३ | २४७.१३ | २४७.१३ | २४७.१३ | २४७.१३ | २४७.१३ | १२३५.६३ | १५.४५ | १७२९.८८ | २१.६२ |
| शिक्षकको पेसागत विकास | १४५.०६ | १५३.४७ | १६१.१५ | १८६.९४ | १९७.७० | १६६.०० | १७४.९७ | ८४४.३२ | १०.५५ | ११८५.२९ | १४.८२ |
| क्षमता विकास | ४१.३४ | ४५.१५ | ५९.५६ | ६२.५४ | ३८.८६ | ४०.८१ | ४.४३ | २४७.४५ | ३.०९ | २९२.६९ | ३.६६ |
| अनुगमन र मूल्याङ्कन | ४८७.८६ | ५२३.२५ | ६७०.९६ | ७०९.६१ | ७४५.०९ | ७७६.७२ | ७९३.३९ | ३१३६.७७ | ३९.२१ | ४७०६.८८ | ५८.८४ |
| कार्यक्रम व्यवस्थापन | १०६.०२ | ११४.३६ | १२७.८० | १४१.७६ | १४७.७९ | १५९.९८ | १७५.३६ | ६३७.७४ | ७.९७ | ९७३.०८ | १२.१६ |
| कूल जम्मा | ३४४४८.७२ | ३७७९७.७६ | ४१७८९.५९ | ४६०५२.५५ | ४९९९२.४० | ५४३५०.४२ | ५८७९३.९० | २१००८१.०२ | २६२६.०१ | ३२३२२५.३५ | ४०४०.३२ |
| विकास | ७१७३.९९ | ७७३८.६९ | ८६४७.८० | ९५९२.४० | १००००.७८ | १०८२५.५५ | ११८६६.०९ | ४३१५३.६७ | ५३९.४२ | ६५८४५.३१ | ८२३.०७ |
| चालु | २७२७४.७३ | ३००५९.०७ | ३३१४१.७९ | ३६४६०.१५ | ३९९९१.६२ | ४३५२४.८७ | ४६९२७.८१ | १६६९२७.३७ | २०८६.५९ | २५७३८०.०४ | ३२१७.२५ |
| विकास% | ०.२१ | ०.२० | ०.२१ | ०.२१ | ०.२० | ०.२० | ०.२० | | | | |
| चालु% | ०.७९ | ०.८० | ०.७९ | ०.७९ | ०.८० | ०.८० | ०.८० | | | | |

## परिशिष्ट ९.९: अवयवगत कूल विकास बजेट

(रु दसलाखमा)

| कूल बजेट अवयवहरू | ०९/१० | १०/११ | ११/१२ | १२/१३ | १३/१४ | १४/१५ | १५/१६ | पाँच वर्षका लागि | | सात वर्षका ागि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
